# संघीय संसद
# राष्ट्रिय सभा
# सोह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २० असार २०८१
# विहीबार
# बैठक सङ्ख्या- २४

राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको पहिलो बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १२:१५ बजे प्रारम्भ भयो।

(१२:१९ बजे)सम्माननीय अध्यक्षः-माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब म, माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय तुलसा कुमारी दाहाल।

(१२:१९ बजे) माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-महोदय, SEE को रिजल्ट सन्तोषजनक छैन। ८८.१२ जुन सामुदायिक र सार्वजनिक विद्यालयका विद्यार्थीहरू अनुत्तीर्ण भएका छन्। यो चिन्ताजनक अवस्था हो। विद्यालयको शिक्षा किन यति कमजोर हुँदैछ। देशभरिबाट चार लाख ६४ हजार ७५० जना विद्यार्थीहरू SEE दिएका थिए। तिनीहरू २ लाख ४२ हजार ९२ जना विद्यार्थीहरूसँग अनुत्तीर्ण भएका छन्।र यो यस्तो नतिजा नकारात्मक सन्देश दिइरहेको छ, यस्तो नतिजाले। कतिपय विद्यालयहरू त निल भएका छन्। यस्तो रिजल्ट आयो

जसले सरोकारवालाहरूको चाहिँ गम्भीर हुनुपर्ने आवश्यकता देखिएको छ। SEE को result पछि असफल भएका केही विद्यार्थीहरूले आत्महत्या पनि गरेका छन्। यो झन् दुःखलाग्दो समाचार हो। सार्वजनिक र यो सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा बनाउने तर्फ हामीले सोच्नुपर्ने वेला भइसके छ, ढिलो भइसकेको छ। म सम्माननीय अध्यक्षमार्फत सम्बन्धित निकाय र शिक्षा मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु। अभिभावकहरूमा पनि म अनुरोध गर्न चाहन्छु। आफ्ना बालबालिकाहरूलाई चाहिँ मानसिक दबाब दिने काम नगरौं।

<u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य मृगेन्द्र कुमार सिंह यादव।

(१२:२० बजे)<u>माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी नेपाल)</u>:- सम्माननीय अध्यक्ष महोदय, अहिले किसानहरूको लागि धान रोपाइँको लागि पिक सिजन हो। कृषि मन्त्रालयले जति भने पनि स्टक यति छ, उति छ तर किसानहरूले सहज र सुलभ रूपमा मलखाद पाइराखेका छैनन् । मेरो विचारमा मलखाद वितरण प्रणालीलाई नै पुनरावलोकन गर्नुपर्छ। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्य शारदा देवी भट्ट।

(१२:२१ बजे)<u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-सम्माननीय अध्यक्ष महोदय, म फेरि दोहोऱ्याएर यही सोध्न चाहन्छु। अध्यक्षज्यूबाट बाढी पीडित, पहिरो, घर डुबान पीडितलाई के नेपाल सरकारलाई कहाँ कति उद्धार कमिटी गठन भए, आदेश भएको छ, के के प्रावधान भयो सुन्न चाहन्छु र जोडदार माग गर्न चाहन्छु। अहिलेको जल्दो बल्दो समस्या यही हो। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्य सुमित्रा बि.सी.।

(१२:२१ बजे)<u>माननीय श्री सुमित्रा बि. सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-.सम्माननीय अध्यक्ष महोदय, देशभरि यो बाढी पहिरोहरू आइरहेको छ, भूकम्पले छियाछिया भएको जाजरकोटमा

फेरि दुःखद् घटनाहरू घट्न शुरु गरिरएका छन् र यही तीन असार चाहिँ १६ गते वीरबहादुरको घर भत्केर रमेश बिकको छोरा पाँच वर्षीय बालकको मृत्यु भएको छ। ती बालकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै ती मृतकलाई क्षतिपूर्ति दिने र घाइते उनको बाबु रमेशलाई घाइते भइराखु भएको छ उहाँलाई औषधि उपचारको लागि म अनुरोध गर्न चाहन्छु। र यस्तै गरेर मनाङको बाटो पनि सधैं जोखिममा छ। देशभरि बाढी पहिरो जस्तै त्यहाँका जनताहरू त्यहाँ आउ जाउ गर्न सधैं त्रसित छन् र त्यहाँ पुलहरू भत्किएका छन् र यसप्रति सरकारको ध्यान जाओस् र यो ठुलो क्षति हुनबाट जोगाओस्। र जाजरकोटका नलगाडका बस्तीहरू ..... (समय सकिएको) ।

(१२:२३ बजे)**सम्माननीय अध्यक्षः**-माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८१ अन्तर्गत विनियोजन शिर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको सम्बन्धित माननीय मन्त्रीहरूले जवाफ दिने कार्यतालिकामा सामान्य हेरफेर गरेको छ। जस अन्तर्गत आज सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय; वन तथा वातावरण मन्त्रालय; युवा तथा खेलकुद मन्त्रालय; सहरी विकास मन्त्रालय; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय; स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; सञ्चार तथा सूचना प्रविधि मन्त्रालय; ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र परराष्ट्र मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकहरूमाथिको छलफलका क्रममा उठेका प्रश्नहरूको सम्बन्धित मन्त्रीले जवाफ दिने कार्यतालिका निर्धारण गरेको छ।

माननीय सदस्यहरू, उक्त मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकहरूमाथिको छलफलका क्रममा उठेका प्रश्नहरूको सम्बन्धित माननीय मन्त्रीले जवाफ दिने क्रम प्रारम्भ हुन्छ।सम्बन्धित माननीय मन्त्रीको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्नुपरेमा विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब म, माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भानुभक्त जोशीलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१२:२५ बजे)<u>माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भानुभक्त जोशी</u>:- सम्माननीय अध्यक्षज्यू, मिति २०८१ साल असार १७ गते विनियोजन विधेयक, २०८१ को विभिन्न शीर्षकमाथिको मन्त्रालयको छलफल अन्तर्गत खर्च कटौतीको प्रस्ताव साथै मन्त्रालयसँग जिज्ञासा राख्नुहुने १६ जना माननीयज्यूले त्यो दिन जिज्ञासा राख्नुभएको छ । जिज्ञासा राख्नुहुने माननीयज्यूहरूमध्ये किरण बाबु श्रेष्ठ, माननीय उर्मिला अर्याल, माननीय देवेन्द्र दाहाल, माननीय उदय बहादुर बोहरा, माननीय शेखर कुमार सिंह, माननीय तुलप्रसाद बिक, माननीय डाक्टर अन्जान शाक्य, माननीय भुवन बहादुर सुनार, माननीय कृष्ण बहादुर रोकाया, माननीय गंगा कुमारी बेलबासे, माननीय विष्णुदेवी पुडासैनी, माननीय गोमादेवी तिमिल्सिना, तिमी तिमीसिना माननीय सुरेश कुमार आले मगर, माननीय नारायणदत्त भट्ट, माननीय रुक्मिणी कोइराला, माननीय जगप्रसाद शर्माले भाग लिनुभएको थियो भने अप्रत्यक्ष ढङ्गले त सबै माननीयज्यूले चासो राख्नुभएको थियो होला। तर विशेषगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रत्यक्ष रूपमा अलि बढ्ता जिज्ञासा जगप्रसाद शर्मा माननीयज्यूले राख्नुभएको थियो। म सामान्यतया मन्त्रालयमा माननीयज्यूले जे जिज्ञासा उठाउनु भएको छ। प्रत्यक्ष ढङ्गले र अप्रत्यक्ष ढङ्गले जिज्ञासा उठाउनु हुने माननीयज्यूको छलफलमा उठेका प्रश्नको जवाफ दिन उपस्थित भएको छु। छलफलमा भाग लिई विभिन्न सुझाव सल्लाह दिनुहुने र जिज्ञासा राख्नुहुने सबै माननीयज्यूलाई सम्माननीय अध्यक्षज्यूमार्फत म धन्यवाद दिन चाहन्छु। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सम्बन्धमा देहायका प्रश्न को जिज्ञासा उठेका थिए। मन्त्रालयमा कर्मचारीहरूको रूपान्तरणको योजना के बनाउनु भएको छ आदिवासी जनजातिहरूको ज्ञान सिपलाई प्रोत्साहन गर्नका लागि के कार्यक्रम तय गर्नुभएको छ भन्ने प्रत्यक्ष रूपमा जिज्ञासाहरू राख्नुभएको थियो।

सम्माननीय अध्यक्षज्यू, कर्मचारीहरूको रूपान्तरण नभईकन देश विकासमा सम्भावना हुँदैन भन्ने कुरामा हामी प्रष्ट छौं। आज कर्मचारीहरूको रूपान्तरण गर्न सरकारका लागि चुनौती पनि छन् र वास्तवमा हाम्रा लागि यो अवसर पनि हो हुन चाहिँ त कर्मचारीहरूको रूपान्तरणका लागि सामान्यतया भन्ने हो भने अहिले २०७२ सालमा आएको संविधानपछि पनि हामीले संघीय निजामती सेवा ऐन अहिलेसम्म बनाउन सकिरहेका छैनौं। त्यसकारणले कर्मचारीहरू चाहे संघमा, चाहे प्रदेशमा, चाहे स्थानीय तहमा कार्य सञ्चालनमा अहिले पनि निकै कठिनाइहरू, अप्ठ्याराहरू र यहाँहरूलाई थाहा छ धेरै ठाउँमा यस्तो समस्याहरू आएको कुरा जानकारी छ। संघीय निजामती सेवा ऐन नहुँदा प्रदेश र स्थानीय तहका कर्मचारीको व्यवस्थापनमा पनि अहिले चुनौतीहरू छन्। कर्मचारीहरूको

मार्गदर्शकको रूपमा रहेको संघीय निजामती सेवा ऐन नहुँदा प्रदेशले आ-आफ्नै खालको मापदण्ड बनाएर पनि त्यो ऐन बनाएको हुनाले समस्याको रूपमा रहेको छ। कर्मचारीहरूको सरुवाका लागि मन्त्रालयमा सबभन्दा बढी अप्ठ्यारो हुने, दबाब हुने पनि त्यसैमा मैले महसुस गरेको छु। स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पठाउने काम त अझै यति धेरै दबाबमूलक यति धेरै अप्ठ्यारो छ म यो छोटो अवधिमा पनि वास्तवमा यी समस्याहरूको बारेमा अलि जानकारी त छ तर अब सबैबाट यसो हेर्दाखेरि विधि, पद्धति नहुँदा, निश्चित मापदण्ड नहुँदा हामी समस्यामा छौं। भनसुनको आधारमा चल्ने हुनाले अलिकति सबै अब मानिसको स्वभाव हो। अब हामी सबै यही समुदायका मान्छे हौं। र यो भनसुन निश्चित मापदण्ड नहुँदा, निश्चित ऐन नहुँदाखेरि हामीमा यो समस्या अहिले समस्याको रूपमा रहेको छ। सबभन्दा त एउटा त स्थानीय तहमा पनि खटाएका कर्मचारी भरसक नजान खोज्ने, धेरैजसो कर्मचारीहरू संघमा बस्न खोज्ने, स्थानीयमा जान नखोज्ने। गएकाहरूलाई पनि के भन्ने अब, तलका कतिपय निकायबाट पनि हाजिर गराउन नखोज्ने यस्ता यस्ता प्रवृत्तिहरू कमजोरीहरू छन्। यसलाई व्यवस्थित गर्नका लागि हामीले मन्त्रालयमा अलिकति गम्भीर ढङ्गले ध्यान गएको छ। यो राजनीतिक अस्थिरताले होला हामीले पनि धेरै काम गर्न नसकेको कुरामा पनि हामीले मन्त्रालयमा गएपछि सबै काम चुस्त दुरुस्त ढङ्गले गर्न सक्या छु भन्ने अवस्था पनि छैन किनभने यो अस्थिरताले यस्तो समस्या सिर्जना गर्दो रहेछ तैपनि कर्मचारीहरूको रूपान्तरणका लागि मन्त्रालयले केही कार्यक्रमहरू अगाडि बढाएको छ। संघीय निजामती सेवा विधेयक प्रतिनिधि सभामा पेस भएर राज्य व्यवस्था समितिमा दफाबार छलफलका लागि दफाबार छलफलको क्रममा छ। हामीले सोचेका थियौं यसलाई अलि बढी महत्त्व दिएर संघीय निजामती सेवा ऐनलाई बढी महत्त्व दिएर यसलाई चाँडोभन्दा चाँडो निकास गर्नका लागि पहल गर्ने भनेर मैले पनि आफैले पनि राज्य व्यवस्था समितिका माननीय सभापतिज्यूसँग पनि अनुरोध गरेको थिए। सबै राजनीतिक दलका प्रमुख सचेतकज्यूलाई पनि मन्त्रालयमा बोलाएर यो संघीय निजामती सेवा ऐन नआउँदा अहिलेसम्म प्रदेश र स्थानीय तहको कर्मचारी व्यवस्थापनमा पनि समस्या छ। त्यसैले यसलाई चाँडोभन्दा चाँडो समाधान गर्नुपऱ्यो भनेर सबै दलका प्रमुख सचेतकलाई पनि मन्त्रालयमा बोलाएर यसलाई चाँडो निकास गर्ने किनभने १६०० भन्दा बेसी संशोधन परेका छन्। त्यसैले यी समस्या समाधान गर्नका लागि माननीय सभापतिज्यू सबै दलका प्रमुख सचेतकज्यूसँग पनि छलफल भएको छ। आशा छ अब यो राजनीतिक रूपमा जे खालको व्यवस्था भएता पनि यो अधिवेशनबाट हामीले यो वर्षे अधिवेशनबाट हामीले कुनै पनि हालतमा संघीय निजामती सेवा ऐन यसलाई पास गर्नैपर्छ यो हामी सबैको जिम्मेवारी हुनेछ चाहे पक्षमा हौं चाहे विपक्षमा हौं हामी सबैको साझा दायित्व हुने भएको हुनाले मेरो

विश्वास के छ भने संघीय निजामती सेवा ऐनलाई हामीले त्यसलाई व्यवस्थापन गर्ने कुरामा गर्नुपर्छ भनेर सबैसँग पनि म सम्माननीय अध्यक्षज्यूमार्फत राष्ट्रिय सभाका सबै माननीयज्यूलाई पनि प्रतिनिधि सभामा रहेका सबै माननीयज्यूलाई पनि यो अनुरोध गर्न चाहन्छु र कर्मचारीहरूको यो सरुवालाई अलिकति व्यवस्थित गर्नका लागि, प्रणालीमा आबद्ध गर्नका लागि कर्मचारी सरुवासम्बन्धी एउटा मापदण्डको मस्यौदा तयार पारेको छ। त्यो मस्यौदा भएपछि कमसेकम एउटा विधि पद्धति बनाऔं। यो कर्मचारी सरुवा जतिखेर पनि हुने जुन बेला पनि हुने यो पद्धति अन्य गरौं। सामान्यतया आर्थिक वर्ष सुरु भएको साउनदेखि आर्थिक वर्ष सुरु हुन्छ। कमसेकम साउनमा सबै तयारी गरेर भदौदेखि सरुवा भदौमा गरौं र त्यसपछि सामान्यतया दुई वर्ष एउटा कर्मचारीले काम गर्ने वातावरण बनाउँ। यो बेलाबेलामा, छ महिनामा तीन महिनामा यो सरुवा गर्ने प्रवृत्तिको अन्त्य गरौ यसलाई विधि पद्धतिले रोकौं भनेर एउटा मापदण्ड पनि बनाएको छौं।

त्यो मस्यौदा समिति तयार पारेको मस्यौदा समिति गठन भएको छ त्यसले तयार पारिसकेपछि मन्त्रिपरिषदबाट पास गरिसकेपछि सामान्यतया कर्मचारी भदौमा र असोजमा सबै सरुवा गरिसक्ने र त्यसपछि गएर कमसेकम एउटा कर्मचारी दूरदराजमा भयो भने कम्तीमा एक वर्ष र सुगममा कमसेकम दुई वर्ष बसोस्। यो बेला मौकामा कर्मचारीको सरुवा दुई महिना, तीन महिनामा सरुवा गर्ने प्रणालीको अन्तो होस् भनेर एउटा मापदण्ड तयार पारेर त्यसलाई मन्त्रिपरिषदमा लग्नका लागि तयारी गरिसकेको छु र कर्मचारीहरूको तालिम सम्बन्धमा र उनीहरूको वृत्ति विकास, क्षमता विकासका लागि पनि हामीले त्यसको विभिन्न निकायले खासगरी स्टाफ कलेजदेखि लिएर स्थानीय प्रशिक्षण प्रतिष्ठानबाट पनि त्यो काम पनि भइ नै राखेको छ र त्यसको लागि प्रयास मन्त्रालयका तर्फबाट भएको छ भने त्यसको साथसाथै सम्माननीय अध्यक्षज्यू यो माननीयज्यूले हाम्रो जग प्रसाद शर्मा माननीयज्यूले आदिवासी समुदायकाको ज्ञानसिपको प्रोत्साहन गर्ने कामका लागि केही कार्यक्रम छ कि छैन संघीय मामिलाले भनेर पनि भन्नुभएको छ। यसपाली हामीसँग विशेषगरी एउटा त आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान छ। त्यसले आदिवासी जनजातिका सन्दर्भमा धेरै कामहरू गरेको पनि छ। यसपाली आदिवासी जनजाति प्रतिष्ठानका उपाध्यक्ष लगायतका त्यहाँका पदाधिकारीहरू सबैले आएर यसको बजेटको बारेमा पनि उहाँले धेरै गुनासो गर्नुभयो। यसपाली अर्थमन्त्रीज्यूले पनि त्यसमा उदारता देखाएर बजेट उल्लेख्य रूपमा वृद्धि गर्ने काम भएको छ। उहाँहरूले त्यसको कार्यक्रम त्यसबाट पनि हुने छ भने त्यसपछि हामीलाई आदिवासी जनजाति

आयोग पनि छ त्यसले पनि सकेसम्म आदिवासी जनजातिहरूका मुद्दाहरूमा र उसको वृत्ति विकासमा कार्यक्रम गरिराखेको हुनाले त्यसको म जानकारी गराउनेछु।

सम्माननीय सभामुख अध्यक्षज्यू र माननीयज्यूहरूले जसरी मन्त्रालयप्रति अप्रत्यक्ष ढङ्गले पनि धेरैजसो जिज्ञासा राख्नुभएको थियो म सबै जिज्ञासा राख्नुहुने सबै माननीयज्यूहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत हार्दिक, हार्दिक धन्यवाद दिन चाहन्छु र थप छलफलमा केही जिज्ञासा पछि भयो भने म फेरि तपाईहरूको माझमा थप जिज्ञासाका जवाफ दिन उपस्थित हुने जानकारी गराउँदै धन्यवाद दिन चाहन्छु। धन्यवाद।

(१२:३६ बजे)<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्यहरू, माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भानुभक्त जोशीले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु। स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्य १ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित विनियोजन विधेयक, २०८१ माथिको विनियोजन शीर्षकमा माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भानुभक्त जोशीले दिनुभएको जवाफको सम्बन्धमा स्पष्टीकरण माग गर्न कुनैपनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म, माननीय वन तथा वातावरण मन्त्री नवलकिशोर साह सुडीलाई वन तथा वातावरण मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१२:३७ बजे)<u>माननीय वन तथा वातावरण मन्त्री नवलकिशोर साह सुडी</u>ः-सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक २०८१/८२ माथिको छलफलको क्रममा वन तथा वातावरण मन्त्रालयको विशेष क्षेत्रसँग सम्बन्धित रहेर सल्लाह सुझाव दिनुहुने तथा जिज्ञासु राख्नुहुने सबै माननीय सदस्यज्यूहरू प्रति हार्दिक धन्यवाद अर्पण गर्दछु। माननीय उर्मिला अर्यालज्यू, माननीय

उदयबहादुर बोहराज्यू, माननीय शेखर कुमार सिंहज्यू, माननीय अन्जान शाक्य, भुवनबहादुर सुनारज्यू, माननीय गंगा कुमारी बेलबासे, माननीय रुक्मिणी कोइरालाज्यू माननीय सुरेश कुमार आले मगरज्यू, जगप्रसाद शर्मा लगायतले विनियोजन विधेयक २०८१/८२ माथिको छलफलको क्रममा वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित रहेर उठान गर्नुभएका विषयहरूको सन्दर्भमा स्पष्ट पार्दै आफ्नो धारणा राख्न चाहन्छु। माननीयज्यूहरूले राख्नुभएका जिज्ञासाहरूमा कतिपय विषयहरू एकै प्रकृतिका र साझा रहेको पाइएकोले एकमुष्ट रूपमा प्रष्ट पार्ने प्रयास गरेको छु। आर्थिक वर्ष २०८१/८२ को लागि वन तथा वातावरण मन्त्रालय अन्तर्गत जम्मा रु १५ अर्ब ७१ करोड ७९ लाख बजेट विनियोजन गरिएको छ। उक्त रकममध्ये संघीय निकायहरूका लागि ११ अर्ब ९८ करोड १२ लाख र प्रदेश सरकारहरूमार्फत खर्च हुने गरी २ अर्ब ८८ करोड २२ लाख र स्थानीय तह अन्तर्गत ३५ करोड ४५ लाख विनियोजन गरिएको छ। माननीय सदस्यहरूले उठान गर्नुभएका विषयहरूमा मुख्य रूपले वन क्षेत्रको दिगो व्यवस्थापन, जडीबुटी तथा गैरकास्ट वन पैदावारको प्रवर्धन,वन उद्यमको विकास, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण एवं व्यवस्थापन, जलवायु परिवर्तन न्यूनीकरण एवं अनुकूलन, चुरे संरक्षण कार्यक्रम, वातावरण संरक्षण, कार्बन व्यापार लगायतका विषयहरू मिश्रित रूपमा आएका छन्।

जुन विषयहरू राष्ट्रिय वन नीति, २०७५, राष्ट्रिय वातावरण नीति, २०७६, राष्ट्र जलवायु परिवर्तन नीति, २०७६, आवधिक योजना आर्थिक वर्ष २०८१/८२ को नेपाल सरकारको नीति तथा कार्यक्रम एवं बजेट वक्तव्यले परिलक्षित गरेका विषयहरूसँग नै सम्बन्धित रहेका छन्। यिनै विषयवस्तुमाथि केन्द्रित रहेर नै बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ। वनको दिगो व्यवस्थापन काठदाउराको उत्पादन वृद्धि र सोमार्फत रोजगारी सिर्जनाका लागि समुदायमा आधारित वन व्यवस्थापन तथा सरकारद्वारा व्यवस्थित वन क्षेत्रमा वन सम्बर्धन प्रणालीमा आधारित वनको व्यवस्थापनको लागि प्रदेश सरकारमार्फत कार्यान्वयन गर्नेगरी कार्यक्रमहरू प्रस्ताव गरिएको छ। साथै प्रदेश सरकारहरूबाट पनि त्यहाँको वनको अवस्थाअनुसार वन सम्वर्धन प्रणालीमा आधारित रही वनको दिगो व्यवस्थापन गर्न राष्ट्रिय मापदण्ड स्वीकृत गरी वन व्यवस्थापन गर्ने कार्यको थालनी गरिएको छ। यसबाट वनको दिगो व्यवस्थापन भई काठ दाउरा उत्पादन वृद्धि हुने छ र विदेशी काठको आयातमा कमी हुने अपेक्षा गरेको छु।समुदायमा आधारित वन व्यवस्थापन पद्धति लागू भएका वन र सरकारद्वारा व्यवस्थित वनबाट काठदाउराको उत्पादन बढाउने र बिक्री वितरण कार्यलाई थप सहजीकरण गर्न नेपाल सरकारले हालै वन दोस्रो संशोधन नियमावली २०८१ लागू

गरेको छ। वन नियमावली २०७९ मा भएको यस संशोधनले वन व्यवस्थापन कार्यालय थप सहजीकरण गर्ने अपेक्षा गरिएको छ। जनतालाई सहज रूपमा काठ दाउराको आपूर्ति व्यवस्था मिलाउन काठदाउराको माग रहेको जिल्लाहरूमा जिल्ला वन पैदावार आपूर्ति समिति ५१ जिल्लाहरू मार्फत उपलब्ध गराउने व्यवस्था मिलाएको छ। बाँकी हिमालय तथा उच्च पहाडी जिल्लाहरूमा माग निवेदनको आधारमा सम्बन्धित डिभिजन वन कार्यालयमार्फत उपलब्ध गराइन्छ।

साथै सहरी क्षेत्रमा नेपाल वन निगम लिमिटेडका सेल्स डिपोमार्फत काठ दाउरा उपलब्ध गराउने गरिएको छ। समुदायमा आधारित वन व्यवस्थापन पद्धति लागू भएका उपभोक्ता समूह सदस्यहरूलाई समूहको स्वीकृत वन कार्ययोजना वमोजिम समूहमार्फत नै काठ दाउराको आपूर्ति व्यवस्था मिलाइएको छ। हरियाली प्रवर्धनका कार्यक्रमहरूलाई प्राथमिकता दिएको छ। वृक्षारोपण बिरुवा उत्पादन जस्ता कार्यक्रमहरू संघ प्रदेश र स्थानीय तहहरू तथा उपभोक्ता समूहहरू समेतको सहभागितामा कार्यान्वयनमा ल्याइने छ। आगामी आर्थिक वर्षमा २ करोड बिरुवा उत्पादन गरी कृषि वन निजी वन, सार्वजनिक जग्गा, नदी उकास जग्गाहरूमा वृक्षारोपण गरिने छ। देशका सहरहरूलाई हरियाली तथा मनोरम बनाउनको लागि प्रदेशहरूमार्फत १०५ वटा हरित पार्क निर्माण गर्ने गरी बजेट विनियोजन गरिएको छ। वन अतिक्रमण नियन्त्रण, वन डढेलोको प्रकोप न्यूनीकरण एवं नियन्त्रण गर्दै वन संरक्षण गर्ने कार्यमा मन्त्रालय पूर्णरूपले सजग रहेको छ। देशमा संघीयता कार्यान्वयनसँगै वन व्यवस्थापन तथा संरक्षणको प्रमुख जिम्मेवारी प्रदेश सरकार अन्तर्गत रहन गएकोले वन अपराध फौजदारी अभियोग रहेकाले यसको नियन्त्रणमा संवैधानिक एवं कानुनी जटिलता रहेको छ।

राष्ट्रिय वन क्षेत्रहरूमा अतिक्रमण तथा डढेलो नियन्त्रणका लागि ससर्त अनुदानका रूपमा प्रदेश सरकारहरूलाई बजेट उपलब्ध गराइएको छ। यस्तै देशभर रहेका २० वटा संरक्षण क्षेत्रहरूमा हुने डढेलो तथा अतिक्रमण नियन्त्रणका कार्यहरू निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्र कार्यालयहरूबाट कार्यान्वयन हुने गरी बजेटको व्यवस्था गरिएको छ। माननीय उर्मिला अर्यालज्यूले उठान गर्नुभएको सती सालजस्तो बहुमूल्य काठको तस्करी भए यो प्रजाति लोप हुने अवस्थामा पुगेको छ भन्ने विषयमा वन तथा वातावरण मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। सतीसाल प्रजाति लोपोन्मुख वनस्पति प्रजाति रहेकोले नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी व्यापारिक प्रयोजनको लागि यसको कटान, ओसारपसार र विदेश निकासीमा प्रतिबन्ध लगाइएको छ। साथै सतीसाल प्रजातिको संरक्षण एवं व्यवस्थापनका लागि वन तथा भूसंरक्षण विभागमार्फत प्रजाति व्यवस्थापन कार्ययोजना

तयार गरिएको छ र सोको कार्यान्वयनको लागि प्रदेशको वन मन्त्रालयमार्फत सम्बन्धित डिभिजन वन कार्यालयहरूलाई परिचालन गरिएको छ।

सम्माननीय अध्यक्ष महोदय, जडीबुटी उत्पादन, प्रशोधन, भण्डारण, व्यवसायीकरण र मूल्यवृद्धिसहित विदेश निकासी समेत गर्नका लागि बजेट विनियोजन गरिएको छ। जडीबुटी विकासको लागि सातवटै प्रदेशमा कार्यक्रमहरू राखिएका छन्। वनस्पति विभागबाट समेत जडीबुटीको उत्पादन तथा निर्यात प्रवर्धनमा टेवा पुऱ्याउने आवश्यक कार्यक्रमहरू सहित प्रयोगशालाको स्तरोन्नति र प्रमाणीकरणको लागि बजेटको व्यवस्था गरिएको छ। जडीबुटीको प्रशोधन, भण्डारण तथा मूल्य अभिवृद्धिमा टेवा पुर्याउन जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडमार्फत थप प्रशोधन केन्द्र स्थापना गर्न आवश्यक सहजीकरण गर्ने व्यवस्था मिलाइएको छ। जैविक विविधता तथा वन्यजन्तुहरूको संरक्षणसँगै मानव वन्यजन्तु द्वन्द्ध न्यूनीकरणप्रति मन्त्रालय पूर्णरूपमा जिम्मेवार रहेको छ। मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन एवं प्रजाती संरक्षणका लागि राष्ट्रिय वन क्षेत्र, जैविक मार्गहरू तथा निकुञ्ज आरक्षणहरू, घाँसे मैदानको व्यवस्थापन, विद्युतीय तारबार, पोखरीद मर्मत तथा निर्माण, वैकल्पिक खेती प्रवर्धनका लागि यस वर्ष पनि बजेट विनियोजन गरिएको छ। मानव वन्यजन्तु द्वन्द्वका घटनालाई मध्यनजर गर्दै झापा सुनसरी, बारा, पर्सा, चितवन, नवलपरासी, बाँके, बर्दिया, कञ्चनपुर लगायतका जिल्लाहरूमा राष्ट्रिय निकुञ्ज आरक्ष कार्यालय, डिभिजन वन कार्यालय तथा राष्ट्रिय प्रकृति संरक्षण कोषसमेत मार्फत विद्युतीय तारबार निर्माण एवं मर्मतका लागि बजेटको व्यवस्था गरिएको छ। वन्यजन्तुबाट हुने क्षतिको राहत वितरणको लागि आगामी आर्थिक वर्षमा १७ करोड ७ लाख रुपैयाँ विनियोजन गरिएको छ। वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण प्रक्रियालाई थप छिटो, छरितो र सरलीकृत गर्दै बाँदर र निलगाईबाट समेत हुने क्षतिलाई समेट्नका लागि पुरानो कार्यविधिलाई परिमार्जन गरी वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०८० कार्यान्वयनमा ल्याइएको छ। विगत आर्थिक वर्षहरू देखी नै हालसम्म मानव, हात्ती द्वन्द्व न्यूनीकरण तथा व्यवस्थापनका लागि सोलार फेन्स निर्माण तथा मर्मत विद्युतीय तारबार, आरसीसी वाल निर्माण, पानीपोखरीद निर्माण, वैकल्पिक खेती प्रवर्धन सचेतना कार्यक्रम समन्वय तथा सहकार्य, वन्यजन्तु नियन्त्रणका उपकरण खरिद, मानव बस्तीमा जङ्गली हात्ती लगायतका वन्यजन्तु नियन्त्रण लगायतका कार्यहरू गरिँदै आएको छ। बदेललाई नियन्त्रण गर्न कृषि हानिकारक वन्यजन्तु घोषणा गरिएको छ। बदेलबाट हुने क्षतिको लागि राहत वितरण अन्न वाली तथा गाउँ बस्तीमा जनावरबाट रोक्न नेट जालीसहित तारबार निर्माण तथा मर्मत लगायतका

क्रियाकलापहरूलाई आगामी आर्थिक वर्ष पनि निरन्तर निरन्तरता दिएको छ। बाँदर नियन्त्रणको प्रभावकारी उपाय पहिचान गर्नको लागि एक प्राविधिक समितिमार्फत अध्ययनको कार्य भइरहेको छ। उक्त अध्ययनबाट प्राप्त हुने सुझावहरूलाई तत्कालै कार्यान्वयनका लागि आवश्यक प्रबन्ध मिलाइने छ।

सम्माननीय अध्यक्ष महोदय, वन डढेलो नियन्त्रणको पूर्व तयारी व्यवस्था र यस सम्बन्धमा भएका प्रयासहरू निम्न अनुसार रहेका छन्। वन डढेलोको सूचना प्रवाहका लागि वन तथा भूसंरक्षण विभागमा वन डढेलो नियन्त्रणका स्थापना गरी भू उपग्रहमा आधारित सूचना प्रणालीमार्फत घटना घटिरहेको स्थानमा तत्काल सूचना प्रवाह गर्ने व्यवस्था मिलाइएको छ। बन डढेलो लागेको अवस्थामा उपलब्ध स्रोत साधन एवं उपकरण र नजिकका सिमसार, पानीपोखरीको समेतको प्रयोगबाट संरक्षित क्षेत्रमा कर्मचारी, नेपाली सेना र मध्यवर्ती क्षेत्रमा स्थानीय समुदायका सदस्यहरू समेतको संयुक्त प्रयासमा डढेलो नियन्त्रणको प्रयास गरिएको छ। स्थानीय तहसँग समन्वय गरी पहुँच सम्भव हुने स्थानहरूमा दमकल समेतबाट आगो निभाउने प्रयास गरिएको छ।

सम्माननीय अध्यक्ष महोदय, नेपालमा वायु प्रदूषण एक जटिल र गम्भीर विषय बन्दै आइरहेको छ । वायु प्रदूषण न्यूनीकरण र रोकथामको लागि विभिन्न सरकारी निकायहरूको समन्वयकारी भूमिकाका साथै निजी क्षेत्रको समेत सहयोग आवश्यक छ। वातावरण विभागले वायु प्रदूषणसम्बन्धी नियमित तथ्याङ्क सङ्कलन एवं विश्लेषण गरी वार्षिक प्रतिवेदन तयार गर्दै आइरहेको छ र हालै सन् २०२३ को वायु गुणस्तरको स्थिति प्रतिवेदन समेत सार्वजनिक गरेको छ। काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर कार्ययोजना , २०७६ स्वीकृत भई वायु प्रदूषण रोकथाम र नियन्त्रणका क्रियाकलापहरू सरोकारवाला निकायहरूको समन्वयमा कार्यान्वयन गर्दैछ। वायु प्रदूषण सम्बन्धमा पेज र सामाजिक सञ्जालमार्फत विभिन्न जनचेतनामूलक सामग्रीहरूको उत्पादन तथा प्रसारण गर्नुको साथै प्रदूषण बढेको अवस्थामा सार्वजनिक सूचना र अपिलसमेत अपिल समेत गर्ने गरिएको छ। सवारी साधनबाट विकसित धुँवाबाट हुने वायु प्रदूषण न्यूनीकरण र रोकथाम गर्न काठमाडौं उपत्यकामा सञ्चालन रहेको सबै किसिमका सवारीका साधनहरूले प्रदूषण जाँच गराई तोकियोको मापदण्डभित्र रही हरियो स्टिकर लिनुपर्ने व्यवस्था रहेको छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले दिएको अधिकार प्रयोग गरी हरियो स्टिकर लिनको लागि प्रदूषण मापदण्ड तोकिएको छ। हालको संघीय संरचना अनुसार प्रदेशभित्र चल्ने सवारी साधनहरूको दर्ता र नियमन गर्ने

कार्यक्षेत्र प्रदेश सरकार अन्तर्गत रहने व्यवस्था रहेकोले प्रदेशका यातायात व्यवस्था कार्यालयहरूले सवारी साधनबाट उत्सर्जन हुने धुवाँको परीक्षण गरी हरियो स्टिकर दिने गरेका छन्।

सम्माननीय अध्यक्ष महोदय, चुरे संरक्षणका लागि आगामी आर्थिक वर्षमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिमार्फत कार्यक्रम सञ्चालन गर्ने गरी १ अर्ब ५ करोड बजेट विनियोजन गरिएको छ। जुन बजेट चुरे संरक्षण तथा व्यवस्थापन गुरु योजना, २०७४ ले लक्षित गरेको लगानी आवश्यकताको तुलनामा अति न्यून रहेको छ। सीमित स्रोत साधनबाटै भएपनि नदी प्रणालीमा आधारित भई पाँचवटा कार्यान्वयन इकाइमार्फत भूसंरक्षण, जल पुनर्भरण, वृक्षारोपण, कृषि वन खोला किनारा स्थिरिकरण आदि कार्यक्रमहरू सञ्चालनमा छन्। चुरे क्षेत्रमा आकाशे पानी पुनर्भरणको लागि भूमिगत जल पुनर्भरण पोखरीद र संरक्षण पोखरीदहरू निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ सञ्चालन गर्दै आइरहेको छ ।आगामी आर्थिक वर्षमा पनि यस्ता पोखरीदहरू निर्माण गर्ने कार्यक्रमहरू राखिएका छन्। चुरे क्षेत्रको भौगोलिक फैलावट र आवश्यकताको तुलनामा बजेटको सीमितताले गर्दा हाल विनियोजन भएको रकम पर्याप्त भन्ने हुन सकेको छैन तथा प्राप्त बजेटलाई आवश्यकता र औचित्यको आधारमा विनियोजनको व्यवस्था मिलाइएको छ। ढुङ्गा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ अनुसार नदीजन्य पदार्थ उत्खनन, सङ्कलन तथा व्यवस्थापन कार्यको कार्यान्वयन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने, तोकिएको क्षेत्रभन्दा अन्यत्र र तोकिएको परिमाण भन्दा बढी उत्खनन् भएमा त्यस कार्यालयलाई प्रचलित कानुन बमोजिम नियमन र अनुगमन र आवश्यक कारबाही गर्ने कार्य पनि सम्बन्धित स्थानीय तह र खानी जन्य तथा नदीजन्य पदार्थ जिल्ला अनुगमन समितिको हुने व्यवस्था रहेको छ। राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिलाई यस सम्बन्धमा नियमन तथा अनुगमन गर्ने र कानुन विपरीत काम भएमा कारबाही अघि बढाउने सम्बन्धी क्षेत्राधिकार र कार्यादेश नभएकोले नियमन अनुगमन गर्ने कार्यमा समितिको प्रत्यक्ष भूमिका रहेको छैन। हाल नेपाल सरकारसँग, हाल नेपाल सरकारबाट प्राप्त स्रोत र लगानीबाट मात्र समग्र चुरेको संरक्षणको कार्य पूरा गर्न पर्याप्त नभएकोले चुरेको संरक्षणमा सबैको साझा प्रयास हुनुपर्दछ साथै लगानी पनि बढाउनुपर्दछ। साथै भएका प्राकृतिक स्रोतहरूको उचित संरक्षण र सदुपयोगमा समुदायको पनि उत्तिकै सहयोग आवश्यक छ। हजार माइलको यात्रा पनि एकै पाइलाबाट सुरु हुन्छ भन्ने भनाइको मर्मलाई आत्मसात् गर्दै प्राप्त सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै स-साना

क्रियाकलापहरूबाट नै ठुलाठुला उपलब्धि हासिल उन्मुख हुनुपर्दछ भन्ने मान्यताका साथ चुरे संरक्षणका कार्यक्रमहरू प्रस्ताव गरिएको छ।

सम्माननीय अध्यक्ष महोदय, विकास र वातावरणलाई सँगसँगै लग्न सके मात्र विकास दिगो हुन्छ। आयोजनाहरूसँग सम्बन्धित वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन सम्बन्धमा मन्त्रालय सजग छ। जसका लागि नियमित अनुगमन, वातावरणीय परीक्षणका कामहरू नियमित रूपमा गर्दै आएको छ।

सम्माननीय अध्यक्ष महोदय, प्रश्नकर्ता माननीयज्यूहरूले जलवायु परिवर्तनले पारेको नकारात्मक असरहरू र तिनको व्यवस्थापनसँग सम्बन्धित धेरै विषयहरू उठान गर्नुभएको छ जुन वर्तमान सन्दर्भमा अत्यन्त सान्दर्भिक र महत्त्वपूर्ण छन्। जलवायु परिवर्तन विश्वव्यापी रूपमा देखापरेको गम्भीर समस्या हो र यसको सम्बोधनका लागि सबैको साझा प्रयास हुनुपर्दछ। विश्वको कुल हरित गृह ग्यास उत्सर्जनमा नेपालको भूमिका अत्यन्त न्यून भएतापनि नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेका राष्ट्रहरू मध्येमा पर्दछ। नेपाल सरकारले जलवायु परिवर्तनका क्षेत्रमा अन्तर्राष्ट्रिय प्रतिबद्धता राष्ट्रिय आवश्यकता अनुरूप आफ्नो दायित्व निर्वाह गर्दै आएको छ। यसका लागि नेपाल सरकारले राष्ट्रिय जलवायु परिवर्तन नीति, राष्ट्रिय निर्धारित योगदान एनडीसी र यसको कार्यान्वयन योजना राष्ट्रिय अनुकूलन योजना माप बनाई कार्यान्वयन गरिरहेको छ। यस क्षेत्रसँग सम्बन्धित नीति योजना र कार्यक्रमहरू सबै विषयगत क्षेत्र र तीनै तहका सरकारहरूले प्राथमिकताका साथ कार्यान्वयन गर्नु आजको आवश्यकता हो। कार्बन उत्सर्जन घटाउने अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप आगामी आर्थिक वर्षदेखि पेट्रोलियम पदार्थ र कोइलाको पैठारीमा हरित कर, ग्रीन ट्याक्स लगाउने व्यवस्था गरिएको छ। माननीय सुरेश कुमार आले मगरले उठान गर्नुभएको जलवायु परिवर्तनको समस्या सम्बोधनमा आदिवासीहरूको ज्ञान तथा अनुभवको उपयोग गर्नुपर्छ भन्ने विषय अत्यन्त महत्त्वपूर्ण रहेको छ। मन्त्रालयले सञ्चालन गर्ने जलवायु परिवर्तन अनुकुलन र व्यवस्थापनका प्रयासहरू कार्यान्वयन गर्ने सबै किसिमका क्रियाकलापहरूमा आदिवासी जनजातिहरूको सवाल ज्ञान, सिप र अनुभव प्रयोग गर्ने नीतिगत व्यवस्था गरिएको छ। साथै जलवायु परिवर्तनसँग सम्बन्धित क्रियाकलापहरूमा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिताका लागि समुदायमा कुनै पनि कार्यक्रम सञ्चालन गर्नु पूर्व सम्पादन गर्नुपर्ने पूर्वसूचित सहमति लिने सम्बन्धी कार्यविधि एफबीआईसी गाइडलाइन्स तयार गरिएको छ।

सम्माननीय अध्यक्ष महोदय, विभिन्न विषयगत मन्त्रालयहरूबाट समेत आआफ्नो कार्यक्षेत्रमा जलवायु परिवर्तनका प्रतिकूल असरहरूको सम्बोधन हुने र जोखिम न्यूनीकरण हुने गरी कार्यक्रमहरू प्रस्ताव आएको छ। यसबाट राष्ट्रिय निर्धारित योगदान NDC र यसको कार्यान्वयन भएका योजना न्यूनीकरणका लक्ष्यहरूको साथै राष्ट्रिइय अनुकुलन योजना नापमा भएका प्राथमिकता प्राप्त अनुकूलनका कार्यक्रमहरू कार्यान्वयन भई नेपाल सरकारले लिइएको सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। जलवायु परिवर्तनबाट विभिन्न क्षेत्रमा परेको असर र प्रभावको सम्बोधन गर्न तथा जोखिम न्यूनीकरण तथा हाल विनियोजित बजेट र कार्यक्रम यथेष्ट छैन। जलवायुजन्य विपद्हरू जस्तै बाढी, पहिरो, हिम पहिरो, हिमताल फुट्ने, खडेरी र डढेलो आदिको घटनाहरू वृद्धि हुँदै गएको र हरेक वर्ष ठुलो मात्रामा धनजनको हानि नोक्सानी भइरहेको अवस्था छ। जलवायुजन्य विपदबाट वर्षेनी हुने हानी तथा नोक्सानीको सम्बोधन गर्न र सम्भावित जोखिमका क्षेत्र र समयको नक्साङ्कन गरी पूर्व सूचना प्रणालीको विकासमार्फत जीउधनको सुरक्षा गर्न थप अध्ययन अनुसन्धानका साथसाथै विशेष कार्यक्रम सञ्चालन गर्नु आवश्यक छ। जलवायु परिवर्तनको समस्या समाधानका लागि अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच बढाई जलवायु वित्तको प्रभाव बढाउन र पर्वतीय मुलुकहरू र हिमाली क्षेत्रमा परेको जलवायु परिवर्तनका असरहरूसँग जुझ्न नेतृत्वदायी भूमिका निर्वाह गर्न नेपाल सरकार प्रतिबद्ध छ। सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरूबाट प्राप्त सुझावहरूलाई हरसम्भव सम्बोधन हुनेगरी बजेट परिचालन तथा कार्यक्रमको सञ्चालन हुने कुरामा प्रतिबद्धता जाहेर गर्दछु। धन्यवाद।

(१३:०० बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्यहरू, माननीय वन तथा वातावरण मन्त्री नवलकिशोर साह सुडीले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु।स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१३:०१ बजे) **माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, "हरियो वन नेपालको धन" भन्ने नारालाई हामीले प्रयोगमा ल्याउनुपर्छ। राष्ट्रिय निकुञ्ज ऐन, २०२९ को सट्टा नयाँ ऐन ल्याउन जरुरी छ। निकुञ्जभित्र उत्पादनको रूपमा प्रयोग गर्दै जनावर जडीबुटीको पकेट क्षेत्र निर्माण गर्ने, भौतिक निर्माण खनिज अनुसन्धान र खानी सञ्चालनमा

ऐन लचक बन्न बनाउन जरुरी छ। मध्यवर्ती क्षेत्रमा रहेका पालिकाहरूले ढुङ्गा, गिट्टी, बालुवाको उपयोग र प्रयोगमा सहजता ल्याउन आवश्यक छ। धन्यवाद।

**सम्माननीय अध्यक्ष** :- माननीय सदस्य नारायण दत्त मिश्र ।

(१३:०२ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, वनमन्त्रीज्यू जङ्गलमा बुढा रुखहरूलाई काट्ने काम गरिँदैन। बुढा रुखहरू मात्र छानेर काट्ने काम किन हुँदैन। एउटा बुढो रुखले वरिपरिको कति रुखलाई नहुर्कन दिएर आफूभित्रको खानेकुरा समेत खाइसकेको हुन्छ। तसर्थ बुढा रुखहरूलाई निकाल्ने छुट्टै योजना बनाएर सम्पूर्ण जङ्गलभित्र बुढा रूखहरू एकातिर निकालिनुपर्छ भने अर्कोतिर निकुञ्ज भित्र त्यत्रो काठहरू ढलेको छ सडेको छ त्यो काठ निकाल्ने प्रबन्ध पनि गर्नुपर्छ। धन्यवाद।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य भुवनबहादुर सुनार।

(१३:०३ बजे)**माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, यो वनको झन्झटिलो नीतिको कारणले गर्दा यो विकास निर्माणका कामहरूमा ठुलो बाधा परेको छ। त्यस्तै यो मान्छेको निजी वनको काठ पनि झिक्न नपाउँदाखेरिमा ती आफ्ना वनका काठ चाहिँ सडे गलेर जाने, कुहिएर जाने, ढलेर जाने। मान्छेहरू चाहिँ अन्यत्रबाट काठ ल्याउने यस्तो किसिमको नीतिको चाहिँ चाँडो भन्दा चाँडो संशोधन हुनुपर्दछ भन्ने भनाई र यो काठ खरिद गर्दाखेरिमा आफ्नै देशको काठ प्रयोग नगर्ने, विदेशबाट चाहिँ ट्रकका ट्रक काठ भित्र्याउने अर्बौं खर्च गर्ने र देशको पुँजी विदेशिने भएकोले गर्दा यी नीतिमा पनि वन मन्त्रीहरूको ध्यान जाओस्। धन्यवाद।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य सोनाम गेल्जेन शेर्पा।

(१३:०४ बजे)**मानननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:-वनमन्त्रीज्यू, यो वन वन्यजन्तुबाट प्रभावित यो पशुपालनहरू छ पशुपालनहरूमा हुने क्षतिको राहत सरकारले दिने व्यवस्था छ र यो स्पष्ट दिशा निर्देश पनि सरकारले गरेको छ। यसको लागि निर्देशिका पनि छ तर विगत वर्षदेखि यो राहत दिने गरेको छैन। किनभने सरकारसँग पैसा छैन अर्थ मन्त्रालयले रोक्यो भनेर दिने गरेको छैन। र स्पष्ट कानुनी व्यवस्था हुँदाहुँदै पनि त्यो किन रोकियो र यसको व्यवस्था के गरेको गरिएको छ। यस सम्बन्धमा चाहिँ वन मन्त्रीज्युलाई स्पष्ट पारिदिनु छन अनुरोध गर्दछु।

(१३:०४ बजे) **सम्माननीय अध्यक्ष** :-माननीय सदस्यहरू, अब म, माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय वन तथा वातावरण मन्त्री नवलकिशोर साह सुडीलाई समय उपलब्ध गराउँछु।

(१३:०५ बजे) **माननीय वन तथा वातावरण मन्त्री नवलकिसोर साह सुडी**:-सम्माननीय अध्यक्ष महोदय, हाम्रा माननीय गंगा कुमारी बेलबासेज्यूको प्रश्न वास्तवमा अति गम्भीर र मर्मस्पर्शी छ। किनभने दुनियाँ बदलिसक्यो,यो हाम्रो वन ऐन जो छ २०२९ को छ। कता गयो राजा कता गयो राजतन्त्र कहाँ कता गयो पञ्चायती व्यवस्था तर हाम्रो ऐनमा केही परिवर्तन भएको छैन। २०२९ सालको ऐनले अहिलेसम्म मन्त्रालय काम गरिरहेको छ। वास्तवमा अति सोचनिय विषय हो, अति गम्भीर विषय हो। मैले यसमा अलिकति धेरै चासो राखेको छु। मैले अहिले पनि भनेको छु २०७९ मा एउटा प्रस्ताव आएको थियो। जो २०८१ मा सफल भएको छ। हाम्रो काठको पहिला जुन नापीको व्यवस्था थियो त्यो गोलिया काठलाई लाई सिङ्गो नापेर हामी उसको माथि ट्याक्स पनि लगाउने, उसको दाम पनि निर्धारण गर्ने त्यसबाट उन्मुक्तिको लागि मैले यो विधेयक ल्याएको थिए र त्यो २०८१ मा पास भएको छ। निश्चित रूपमा यसको लागि समग्ररूपमा यो वन मन्त्रालयबाट एउटा नयाँ कानुनको सिर्जना गर्नुपर्छ। किन भनेदेखि त्यो समय बितिसक्यो जुन समयमा मध्यवर्ती क्षेत्रको जहाँ सम्म सवाल छ। हाम्रा हजारौं विगाहा जग्गा छ। मध्यवर्ती क्षेत्रको जग्गा त्यो अनावश्यक रूपमा त्यसै बञ्जर भइरहेको छ कसैको अधिकार छैन। तर हामी तपाईं नेपालको नागरिक यदि मध्यवर्ती क्षेत्रमा केही गर्‍यो भने देखि सेना, पुलिस आएर तुरन्त उसलाई दण्ड पनि दिन्छ र उ सँग नाजायज व्यवहार पनि गर्छ। त्यसकारणले निश्चित रूपमा मेरो व्यक्तिगत रूपमा

अहिले त अब सांसदज्यूहरूको विचार सांसदज्यूहरूले बनाउने अधिकार हो। तर मेरो विचारले त्यो मध्यवर्ती क्षेत्रलाई स्थानीय सरकारको जिम्मा लगाइदिनु पर्‍यो त्यो त्यसको व्यवस्थापन र उसको अधिकार स्थानीयलाई दिदाँखेरी जहाँ सम्म मलाई यस्तो छ म पनि एउटा टप्पु क्षेत्रको प्रतिनिधि भएर आएको छु कोशी वन्यजन्तु आरक्ष मेरो क्षेत्रमा छ। त्यहाँबाट आएको छु। त्यहाँको जनताको दुःख, पिडा बुझेर म यस्तो भनिराखेको छु। त्यो निश्चित रूपमा उहाँको हाम्रो माननीय गंगा कुमारी बेलबासेज्यूले जुन सुधारको कार्यक्रम राखुभएको छ उहाँले मसँग प्रश्न गर्नुभएको छ। निश्चित रूपमा त्यो सुधार हुनैपर्छ जति चाँडो त्यो मन्त्रालयबाट विधेयक ल्याउनुपर्छ। हाम्रा माननीय नारायण दत्त मिश्रजी धेरै राम्रो कुरा गर्नुभएछ। अर्बौं रुपैयाँको अर्ब होइन खर्ब रुपैयाँको काठ जो छ जङ्गलमा त्यसै कुहिराखेको छ। त्यसबाट हाम्रो जङ्गलको धेरै क्षति भइरहेको छ। तर पहिला कानुन यस्तो थियो नियम यस्तो थियो जसबाट हामी उठाउन सक्ने स्थितिमा थिएन। तर अब २०८१ को जुन हाम्रो नयाँ ऐन बनेको छ त्यसबाट रास्ता साफ भएको छ। अब छिटो भन्दा छिटो वन मन्त्रालयले त्यो काठ दाउराको र काठको जो दाउराको लागि उपयोगी छ दाउराकोमा जुन ठुलो काठ छ। अब ५० साल, १०० सालको पुरानो काठ छ। त्यो वृक्षले त्यो हाम्रो जङ्गलमा अर्को सानो वृक्षलाई बढ्न दिइरहेको छैन। त्यसमा पनि अव २०८१ को ऐन, नियमले त्यो काम हुन सुरु हुन्छ। त्यस्तै हाम्रो माननीय भुवन माननीयज्यूले झन्झटको कानुनको अनुसार वास्तवमा मैले अघि नै भनिसकेँ कि कानुन जो छ पुराना जमनाको आज ५० साल भइसक्यो ५० साल भन्दा पनि ५२ साल भइसक्यो त्यो कानुन अब उपयुक्त छैन त्यो कानुनहरूमा सुधार ल्याउनै पर्छ। जहाँ सम्म विदेशी काठको सवाल छ हामीले माने जुन तपाईंको कस्टमबाट जुन आँकडा पाएको छु त्यसमा नेपालमा उत्पादन हुने काठ र अन्य देशबाट आउने काठमा एक प्रतिशतको फरक छ। तर मैले प्रधानमन्त्रीज्यूलाई मन्तरिपरिषद पनि भनेको हो  के अब जो छ नेपालमा मैले भुटानमा गएर हेरेको सम्पूर्ण काठको काम जो सरकारीस्तरको छ त्यो आफ्नै देशबाट उत्पादित काठबाट भइरहेको छ। त्यसैकारण निवेदन पनि गरेको छु कि अब केन्द्रमा या प्रदेश सरकारमा सातै प्रदेश सरकारमा एउटा यस्तो होस् कि भने आफ्नै काठबाट बनेको फर्निचरको उपयोग मात्रै सरकार सरकारी कार्यक्रममा हुनुपर्छ त्यसबाट के हुन्छ भनेदेखि त्यो १% जुन आइराखेको छ विदेशी काठ त्यो पनि यो हुन्छ फेरि हाम्रो काठ विदेशी काठ भन्दा धेरै गुणस्तरको भएकोले पनि हाम्रो काठको उपयोग सरकारी कार्यालयहरूमा चाहे मन्त्रालय होस् या कुनै कार्यालय होस् त्यसमा हाम्रो काठबाट यदि यस्तो नियम भयो भनेदेखि हजारौं हजार नेपाली नागरिकलाई काम पाउनुहुन्छ। मैले अध्यक्षज्यू सवैभन्दा

सोनमज्यूको प्रश्न मैले बुझ्न पाएन। एक चोटि अरु उहाँ भनेपछि म उहाँको जवाफ ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः-**प्रश्न वुझ्नु भएनरे एक चोटि अरु भन्दिनुस् छोटकरीमा।

(१३:१२ बजे)**मानननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:-मैले वनमन्त्रीज्यूसँग राख्न चाहेको प्रश्न के हो भने पशुहरूलाई चाहिँ स्थानीय कृषकले पालेको पशुहरूलाई चाहिँ राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र र वन क्षेत्र भित्र चाहिँ जुन किसिमले चाहिँ वनका वन्यजन्तुहरूले चाहिँ अति गर्छ। त्यो राहतको स्पष्ट व्यवस्था हुँदाहुँदै पनि विगतमा पनि ..... राखेको छ। अहिले पनि राम्रोसँग त्यो दिने व्यवस्था गरेको छैन। त्यस सम्बन्धमा चाहिँ वन मन्त्रालय के धारणा छ त यसरी पैसा नहुनुको कारण के हो? कसरी उहाँहरूले चाहिँ राहत पाउनुभएन। स्पष्ट व्यवस्था हुँदाहुँदै पनि राहत पउनु भएन। यस सम्बन्धमा चाहिँ मैले सोध्न खोजिहाले।

(१३:१३ बजे) **माननीय वन तथा वातावरण मन्त्री नवलकिसोर साह सुडी**:- माननीयजी यस सम्बन्धमा के छ भनेदेखि मैले सायद निवेदन गरेको १७ करोड भन्दा बढी पैसा हामीले बजेटमा राखेको छु त्यो वन्यजन्तुबाट हुने नोक्सानीको लागि र हामी सातै प्रदेशमा जस्तै हात्ती आतङ्क भयो हात्तीबाट या तपाईंको टाइगर बाघबाट जो मनुष्यलाई जीवन जान्छ। त्यस सबैको लागि सातै प्रदेशमा सत्तर सत्तर लाख रुपैयाँ विनियोजन गरेको छु। अब के छ भने हामी तपाईले पनि सोच्नुपर्छ। कि एउटा देहातमा कहावत छ। देउता बढी भयो अक्षत कम भयो। त अक्षत जति हुन्छ त्यतिकै नै देवताले दिनुहुन्छ। त्यही कुरा हो। हाम्रो मैले सरकारीस्तरबाट पनि मैले भनेको छु। अलिकति बजेट को हेर्नेमा त लाग्छ वन वातावरण मन्त्रालयमा १५ अर्बको हो बजेट हेर्नम आउँछ। तर हाम्रो हाम्रो जुन आरक्ष छ त्यसमा जुन सेना छ सेनाको तलबमा हामी साढे चार अर्बभन्दा बढी बढी त्यो सेनाको तलबमा दिन्छु। फेरि हाम्रो २० वटा आरक्षणमा तपाईंको करिब अढाइ अरब रुपियाँ जो कर्मचारीहरू र व्यवस्थापन बाघलाई खाने, हात्तिलाई खाने विभिन्न यो मा खर्च हुन्छ। १५ अर्वमा साढे सात अर्व आरक्षणमै जान्छ। त्यसै कारणले मेरो यही निवेदन छ कि जतिसम्म नेपाल सरकारले सकेको छ त्यतिसम्म दिएकै हो र विस्तारै विस्तारै यो समस्याको

समाधान हुन्छ। मैले तपाईंको समस्यालाई स्वीकार गरेर पनि यही भन्न चाहन्छु कि अक्षत अनुसार देवताको पुजा भएको छ। पूर्ण भएको छैन। आम्दानी अनुसार जो छ हामी वास्तवमा भनौं भनेदेखि यो आश्चर्य मलाई पनि लाग्छ। हाम्रा माननीयज्यूले भन्नुभो "हरियो वन नेपालको धन" थियो। आज के भयो वास्तवमा मलाई पनि आश्चर्य लाग्छ। तर यसमा हामीहरूको पनि कमी छ। यहाँ हामी जति बस्या छु सबैलाई थाहा छ। २०३६ साल पनि थाहा छ, २०४६ साल पनि थाहाँ छ। हामीले नै अलिकति जङ्गल मासेको कुरा स्वीकार गर्नैपर्छ। कारण जति राजनीतिक पार्टी हामी छौं यो ०३६ र ०४६ साललाई भुल्न र विर्सन सक्दैन। त्यसकारणले अलिकति टाइम पनि लाग्छ तर अब जो छ मैले प्रधानमन्त्रीज्यूसँग पनि वादा गरेको छु। यसपाली अब त के छ ३ महिना, ६ महिनाको सरकारले के पनि गर्न सक्दैन तर यो वन मन्त्रालयबाट यदि राम्रो ढङ्गले काम गऱ्यो भनेदेखि यो साल ८१/८२ मा ४ अर्व रुपैयाँको हामी लकडी बेचेर देशलाई दिन सक्छु। ल धन्यवाद दिँदै।

(१३:१७ बजे)<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्यहरू, वन तथा वातावरण मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।माननीय सदस्यहरू अब म, माननीय युवा तथा खेलकुद मन्त्री विराज भक्त श्रेष्ठलाई युवा तथा खेलकुद मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१३:१७ बजे)<u>माननीय युवा तथा खेलकुद मन्त्री विराज भक्त श्रेष्ठ</u>:-सम्माननीय सभा अध्यक्षज्यू, म सर्वप्रथम त एकदम आभार व्यक्त गर्छु चार जना माननीय सदस्यहरूले एकदमै सक्रियता साथ यो मन्त्रालय अन्डररेटेड मन्त्रालय भएपनि चासो, चिन्ता र सुझावहरू व्यक्त गर्नुभएको छ।

सम्माननीय सभा अध्यक्षज्यू, राष्ट्रिय निर्माणमा युवाको संरक्षण, विकास र परिचालन गर्दै खेलकुद क्षेत्रको महत्त्वलाई बढाउन युवा तथा खेलकुद क्षेत्रमा चासो राखी यसको विकासका लागि सुझावसहित आर्थिक वर्ष ८१/८२ को विनियोजित बजेटमा आफ्ना सुझाव व्यक्त गर्नुहुने माननीयज्यूहरू प्रति आभार व्यक्त गर्न चाहन्छौं। युवालाई मदिरा, सुर्ती र लागु औषध दुर्व्यसनी जस्ता कुलतबाट जोगाउँदै उनीहरूमा सकारात्मक सोचको विकास गर्ने र उनीहरूको भविष्यको लक्ष्य प्राप्तिको लागि उपयुक्त मार्गदर्शन गराउने उद्देश्यले राष्ट्रिय युवा परिषदमार्फत युवा परामर्श तथा मार्गदर्शन कार्यक्रम ल्याइएको छ। यस कार्यक्रमले जीवनको उद्देश्य भुली सही बाटो पत्ता लगाउन

नसकेर अलमलमा परेका र आफ्नो क्षमता पहिचान गर्न नसकी भावी योजना बनाउन नसकेका युवालाई सही मार्ग पत्ता लगाउन सहजीकरण हुने अपेक्षा गरेका छौं। युवा प्रतिभा पलायन हुने प्रवृत्तिलाई रोक्न सबै प्रदेशमा why नेपाल क्याम्पेन सञ्चालन गरी सामाजिक सञ्जालहरूमार्फत सकारात्मक सन्देशमूलक सामग्रीहरू प्रसारण गर्ने योजना रहेको छ। यस अभियानले स्वदेश र विदेशमा रहेका युवालाई नेपाल नै उपयुक्त स्थान हो भन्ने सकारात्मक सोचको विकास हुने विश्वास लिएका छौं। अध्ययनका लागि होस् वा आयआर्जनको व्यवसाय सञ्चालन गर्नका लागि होस् वा मनोरञ्जनका लागि होस् वा प्रतिभा प्रदर्शनका लागि होस्, गौरवमय इतिहासदेखि वर्तमानमा होस् वा भविष्यका लागि होस् सबै पक्षमा नेपाल नै उर्वर भूमि हो भन्ने र नेपाललाई नै स्वस्थ, सुन्दर र उर्वर बनाउनुपर्छ भन्ने भावनाको विकास हुने कुराको विश्वास पनि लिएका छौं।

सम्माननीय अध्यक्षज्यू, युवा तथा साना व्यवसाय स्वरोजगार कोषमा रहेको ३ अर्ब ८० करोड रकम हाल कर्जा लगानी गरिएको छ। आगामी आर्थिक वर्षमा नियमित किस्ता रकम अनुमानित १ अर्ब ८० करोड फिर्ता हुनेदेखिन्छ। उक्त रकमबाट आगामी आर्थिक वर्षमा थप १० हजार युवालाई स्वरोजगार बनाउने लक्ष्य रहेको छ। कोषबाट कर्जा लिएर सञ्चालन भएका व्यवसायको बिमाका लागि रु २ करोड ३५ लाख र नियमित रूपमा ब्याज बुझाउने व्यवसायीहरूलाई रु १ करोड ४० लाख ब्याज अनुदान प्रदान गर्नका लागि बजेट विनियोजन गरिएको छ। स्वरोजगार हुनका लागि सञ्चालन गरिएका व्यवसायमा थप ६,००० जनाले रोजगारी समेत प्राप्त गर्ने अपेक्षा राखेका छौं।

सम्माननीय अध्यक्षज्यू, स्थानीयस्तरदेखि नै खेलकुदका तालिमहरू प्रदान गर्न खेलकुद प्रशिक्षकहरू खटाइएको छ। त्यस्तै अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताका लागि मिसन २०२६ छैटौं एसियन इन्डो मार्सल आर्ट्स २०२४ र पेरिस ओलम्पिक २०२४ जस्ता बृहत् खेलकुदका तयारीका लागि राष्ट्रियस्तरमा १० वटा खेलका २०० भन्दा बढी खेलाडीलाई विशेष प्रशिक्षण सञ्चालन भइरहेको छ । यस प्रकारको तयारीका लागि ४ करोड ३५ लाख विनियोजन गरिएको छ। भने अन्तर्राष्ट्रियस्तरका प्रतियोगिताहरूको सहभागिताका लागि २ करोड ९० लाख विनियोजन गरिएको छ। बाघचाल, डन्डीबियो र घोडचढी जस्ता मौलिक एवं परम्परागत खेलकुदको प्रतियोगिताहरूको लागि रु ११ लाख बजेट विनियोजन गरिनुको साथै विकास र विस्तारका लागि अध्ययन गर्ने कार्यका लागि समेत बजेट विनियोजन गरिएको छ। खेलकुदको माध्यमबाट पर्यटन विकास र विस्तार गर्न ११ वटा अन्तर्राष्ट्रिय प्रतियोगिताहरू आयोजना गर्न बजेट विनियोजन गरिएको छ। त्यस्तै जुम्लाको पातरासीमा स्वदेशी तथा विदेशी खेलाडीलाई तालिम मा आकर्षित गर्न high

altitude training center निर्माण गर्न रु. ४ करोड विनियोजन गरिएको छ। साथै दोलखाको सैलुङमा तेक्वान्डो खेलको हाइ अल्टिट्युड ट्रेनिङ कभर्ड हल निर्माणको लागि रु २ करोड विनियोजन गरिएको छ।

सम्माननीय अध्यक्षज्यू, अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको प्रतिष्ठा बढाउँदै राष्ट्रिय एकता कायम राख्न योगदान दिने सम्पूर्ण खेलाडीको जीवन निर्वाह र जीवन सुरक्षाको जिम्मेवारी राष्ट्रको हो भन्ने विषयमा कसैको पनि दुई मत हुन सक्दैन यस विषयमा बाधक बनेको हाम्रो स्रोत नै हो। मभन्दा पहिले युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी लिनुहुने मन्त्रीज्यूहरूले पनि यस विषयमा सक्दो प्रयास गर्नुभएको पाएको छु। प्राप्त स्रोतको उपयुक्त व्यवस्थापन र वकालतको विषय मैले प्राथमिकतामा राखेर आगामी अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीहरूलाई पुरस्कार प्रदान गर्न रु ४ करोड ३५ लाख बजेट विनियोजन गरेका छौं। आगामी वर्षदेखि पदक विजेता जितेर आउने बित्तिकै खेलाडीको बैंक खातामा पुरस्कार रकम जाने व्यवस्था मिलाएका छौं। ओलम्पिकमा सहभागी एसियन खेलमा पदक विजेता, साग खेलकुदमा स्वर्ण पदक विजेता खेलाडीहरूलाई ३५७ जनालाई मासिक ६ हजारका दरले मासिक भत्ता प्रदान गर्न रु २ करोड ३५ लाख व्यवस्था गरिएको छ। खेलाडीको जीवन निर्वाह गर्नको लागि यो रकम पर्याप्त छैन आगामी वर्षहरूमा खेलकुद क्षेत्रमा स्रोत विस्तार गरी यो प्रोत्साहन भत्ता बढाउनुपर्नेछ। आकस्मिक दुर्घटनामा परेका खेलाडी तथा प्रशिक्षकको उपचारका लागि सहयोग, खेलाडीको बिमा व्यवस्था गरिनुको साथै साथसाथै खेलाडी कल्याणकारी कोषको समेत व्यवस्था राष्ट्रिय खेलकुद परिषदमा गरिएको छ। रु एक करोड रुपैयाँको यस कल्याणकारी कोषमा हाल २५ लाख भन्दा बढी वितरणयोग्य रकम रहेको छ। उक्त रकमबाट पूर्व खेलाडीहरू बिरामी पर्दा अवस्था हेरी उपचारका लागि सहयोग गर्ने गरिएको छ। यसलाई निरन्तरता दिने व्यवस्था गरिएको जानकारी सम्माननीय अध्यक्षज्यूमार्फत माननीय सदस्यहरूलाई दिन चाहन्छु। राष्ट्रिय युवा नीति २०७२ राष्ट्रिय खेलकुद नीति २०५७ लाई पुनरावलोकन गर्ने कार्य भइरहेको छ। यी नीतिहरू परिमार्जनका लागि सबै प्रदेश गई सरोकारवालाहरूको राय सुझाव सङ्कलन गरिएकोले युवा र खेलकुदको विषयमा देखिएको समस्याहरू समाधान हुने गरी नीति परिमार्जन हुने अपेक्षा लिएका छौं।

सम्माननीय सभा अध्यक्षज्यू, झापाको दमकमा निर्माण गर्न प्रस्ताव गरिएको मदन भण्डारी रङ्गशालाको जग्गा वन क्षेत्रमा पर्ने हुँदा राष्ट्रिय खेलकुद परिषद्को स्वामित्वमा आउन सकेको रहेनछ। स्थानीय सरकारले रङ्गशाला निर्माण गर्ने प्रस्ताव गरे बमोजिम रु ४ करोड बजेट

विनियोजन भइ ठेक्का आह्वान पनि भएको तर जग्गाको स्वामित्व प्राप्त नभएको र पूर्वाधार निर्माणको वातावरणीय प्रभाव मूल्याङ्कन कार्य पनि हुन बाँकी रहेकोले निर्माणको लागि सम्झौता हुन सकेको रहेनछ। आउँदा दिनमा सबै कानुनी प्रक्रिया पूरा गरी बजेट व्यवस्था गरेर निर्माण कार्य अघि बढाउने प्रतिबद्धता समेत जनाउन चाहन्छौं। धनगढीमा २०६८ सालमा निर्माण गरिएको रङ्गशाला र कभर्डलाई स्तरोन्नति गर्न विभिन्न आर्थिक वर्षहरूमा गरी हालसम्म १५ करोड १ लाख ७ हजार बजेट विनियोजन भई निर्माण कार्य भइरहेको छ। यस अवधिमा रङ्गशालाको G5, G6, G9 र G10 गरी २००० दर्शक क्षमताको प्यारापिट निर्माण सम्पन्न भएको छ। त्यस्तै प्यारापिटको बाहिरको सपिङ कम्प्लेक्स पनि तयार गरी भाडामा लगाएर आन्तरिक आम्दानीको स्रोत विस्तार गरिएको छ। आर्थिक वर्ष ८१/ ८०/ ८१ मा पनि रु १ करोड विनियोजन भई रङ्गशाला क्षेत्रमा थप एउटा नयाँ करोड हल समेत निर्माण कार्य चालु रहेको छ। आगामी आर्थिक वर्षमा पनि यस रङ्गशालाको स्तरोन्नतिका तरिका लागि रु. १ करोड बजेट विनियोजन गरिएको छ।

धनगढी रङ्गशालाको फुटबल मैदान अन्तराष्ट्रिय मापदण्ड अनुरूप नै निर्माण भएको जानकारी प्राप्त भएको छ। उक्त खेलमैदानमा कर्नर किक हान्ने ठाउँ ड्रेन परेकोले त्यहाँ खेल खेल्न मिल्दैन भन्ने विषय उठेको रहेछ। उक्त मैदानको निर्माण र मोडल दशरथ रङ्गशालामा भएको खेल मैदान आकारमा रहेकोले खेल्न मिल्ने नै छ र ट्र्याकमा सिन्थेटिक ट्र्याक राखेपछि कर्नर किक हान्न समस्या हुँदैन भन्ने जानकारी प्राप्त भएको छ। तैपनि उक्त खेल मैदानको स्थलगत अनुगमन गरी प्राविधिकहरूको राय सुझाव लिएर आवश्यकता अनुसार अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गर्न मिल्ने गरी सच्याउने प्रतिबद्धता जनाउन चाहन्छु। आगामी आर्थिक वर्षमा खेलकुद पूर्वाधार निर्माण कार्यका लागि मूलपानी क्रिकेट रङ्गशाला निर्माण, T.U. कीर्तिपुरको क्रिकेट मैदानमा फ्लड लाइट जडान, खेलाडी फिटनेस हल तथा सामग्री व्यवस्था high altitude training center र खेलकुद तालिम केन्द्र स्थापना कार्यलाई प्राथमिकतामा राखिएको छ।

सम्माननीय अध्यक्षज्यू, युवा संरक्षण र विकास गरी राष्ट्र निर्माणमा सहभागी गराउने तथा खेलकुदको माध्यमबाट स्वस्थ र अनुशासित नागरिक तयार गरी राष्ट्रिय एकता, राष्ट्रिय गौरव बढाउने तथा खेलकुद पूर्वाधारको निर्माण विषयमा चिन्ता र चासो र सुझाव दिनुहुने सम्पूर्ण माननीयज्यूहरू प्रति फेरी एकपटक आभार व्यक्त गर्दै मेरो भनाइहरू अन्त्य गर्छु। धन्यवाद । नेपालको जय होस्।

(१३:२८ बजे) **सम्माननीय अध्यक्षः**-माननीय सदस्यहरू, माननीय युवा तथा खेलकुद मन्त्री विराज भक्त श्रेष्ठले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु।स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु । माननीय सदस्य भुवन वहादुर सुनार।

(१३:२९ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः-मन्त्रीज्यूसँग एउटा जिज्ञासा छ। सम्माननीय अध्यक्षज्यू, यो हाम्रो चाहिँ खेलकुद मैदान दशरथ रङ्गशाला अन्तर्राष्ट्रिय खेलकुदको मापदण्ड भित्र पर्छ कि पर्दैन? मेरो प्रश्न छ। हवस् धन्यवाद।

**सम्माननीय अध्यक्ष** ः-माननीय सदस्य गंगाकुमारी बेलबासे।

(१३:२९ बजे)**माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः-सम्माननीय अध्यक्षज्यू, बजेटमा युवा राष्ट्रिय युवा महिला सम्मेलन गर्ने कार्यक्रमको घोषणा भएको थियो। मन्त्रालयको बजेटमा सोको व्यवस्था भएको देखिँदैन मेरो प्रश्न पनि थियो जवाफ आएन धन्यवाद।

**सम्माननीय अध्यक्ष** ः-माननीय सदस्य शारदा देवी भट्ट।

(१३:२९ बजे)**माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः-युवा तथा खेलकुद मन्त्रीज्यूलाई मेरो प्रश्न छ। अमेरिकाका.....[१] ट्यापे, जड्याहा, बालबच्चा चोर, यौन दुराचारीलाई हामीले हाम्रो नेपालले visa तुरुन्तै दिने हाम्रो राष्ट्रका गहना खेलाडीलाई खेलकुद मन्त्री आफैं जाँदा पनि नटेरेको हो कि क्या हो। खेलकुद मन्त्रालयलाई हेलाँ गरेको हो कि। यो बुझ्न सकिएन म केही सुन्न चाहन्छु। धन्यवाद।

[१] मिति २०८१/०४/०४ गते बसेको सभाको बैठकमा सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालले सचिवालयलाई दिनुभएको निर्देशन भएबमोजिम रेकर्डबाट हाटाइएको ।

(१३:२९ बजे)**<u>सम्माननीय अध्यक्षः</u>**-माननीय सदस्यहरू, अब म, माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय युवा तथा खेलकुद मन्त्री विराज भक्त श्रेष्ठलाई समय उपलब्ध गराउँछु।

(१३:३० बजे) **<u>माननीय युवा तथा खेलकुद मन्त्री विराज भक्त श्रेष्ठः</u>**-सम्माननीय सभा अध्यक्षज्यू, म प्रश्न सोध्न हुने माननीय सदस्यहरूप्रति आभार पनि व्यक्त गर्छु। मलाई पनि उकुसमुकुस भइरहेको थियो यो कुराहरू कहाँ भनौं भनौं भइराख्या थियो हैन। यो अलिकति झन् राष्ट्रिय सहमति, यी विषयहरू झन् गम्भीरतापूर्वक उठ्छ भन्ने आशा पनि लिएको थिएँ मैले। माननीय भुवनबहादुर सुनारले भन्नुभएको यस्तो दुःखद् छ कि सम्माननीय सभाध्यक्षज्यू ।

सम्माननीय सभा अध्यक्षज्यू, राजाको पालामा बनेको रङ्गशालालाई अहिले पनि हामी अन्तर्राष्ट्रिय मापदण्डको भनेर बनेका छौं । यो टाइमसम्म एउटा त्यो बनाउन पनि सकेको छैन हामीले। अब त्यही टाइमको रङ्गशालामा नै निर्भर छ देशको खेलकुद एउटा कुरा त्यो भयो। अर्को कस्तो भन्दा एक्काइसौं शताब्दीमा बनेका आधुनिक रङ्गशालाहरूसँग हामी रङ्गशालालाई दाँजेर अन्तर्राष्ट्रिय मान्यताको भएन भन्छ के, त्यहाँ भित्र त्यसको load bearing जे जति सक्छ त्यो अनुसारले मर्मत सम्भार चाहिँ भएको छ। तर विकसित मुलुकहरूले २०२०-२१ मा बनाएको की रङ्गशालासँग त्यसलाई तुलना गरेर चाहिँ हामी प्रतिक्रियाहरू पनि दिइरहेका छौं तर स्पष्ट तरिकाले कस्ता पूर्वाधारहरू बन्नु पर्छ भन्ने न मापदण्डमा हामी लाग्या छौं हैन। सो त्यो एउटा दुःखद् पनि छ माननीय सदस्यले उठाउनुभएको कुरा। अस्ति अन्तर्राष्ट्रिय मान्यता प्राप्त भएन भनेर हामीले त्यहाँ स्थलगत अनुगमन गरिसकेपछि कति कुरा चाहिँ त्यो फ्लड लाइटको लिमेन्ट्सहरू पनि कम भएको हुनुपर्ने १२ देखि १६०० लिमन्टेसको जम्मा ८०० को प्राविधिक समेत पनि रहेनछ हामीसँग। त्यो लाइटहरू, बल्बहरू फेर्नेसम्म पनि। अहिले जो भएको प्राविधिकले त्यो बत्ती अन र अफ गर्ने बाहेक अरु दक्षता रहेनछ। त्यतिखेरै मैले चाहिँ फेरि त्यसको जिम्मेवार निकाय खेलकुद परिषद् एन्फा हुँदोरहे छ। उहाँहरूलाई रिक्वेस्ट गरेर त्यस्तै पऱ्यो भनेदेखि चाहिँ ती प्राविधिकहरू चाहिँ छिमेकी राष्ट्र चाइनाबाट मगाउनु पर्ने कुराको मैले निवेदन पनि गरेको छु। हैन। सो दशरथ रङ्गशालामै आजको दिन सम्म लगभग एक शताब्दीसम्मकोमा पनि हामी भर पर्नुपर्ने भन्ने कुरा चाहिँ अहिलेसम्मको राजनीतिकर्मीहरू देखि लिएर सबैलाई नै एउटा ठुलो प्रश्न चिन्ह पनि हो जस्तो लाग्छ

मलाई ।यसमा मैले यति नै निवेदन गरे सम्माननीय अध्यक्षज्यू। माननीय गंगा कुमारी बेलबासेले महिलासम्बन्धीको कुरा गर्नुभएको छ। यो पाली कस्तो पनि भइदिएको भने हो हाम्रो बजेट कति चिज अप्ठ्यारोमा के पऱ्यो भन्दाखेरि मूलपानी र कर्णालीलाई न्याय गर्न खोज्दाखेरि चाहिँ धेरै बजेट मन्त्रालयको तपाईंको टोटल बजेटको खेलकुदसम्बन्धीको टोटल बजेटको ७०% जति चाहिँ मूलपानी र कर्णालीमा हामीले गर्नै पर्ने हाम्रो बाध्यता पनि भयो। कर्णाली सरकारले आफ्नो पेट काटेर ५२ करोड खर्च गरेर पूर्वाधार बनाइसक्या योपाली दशौं राष्ट्रिय खेलकुद घोषणा गर्न नसक्या भए चाहिँ कर्णालीलाई अन्याय नै हुने भएकोले गर्दा थप ६० करोड हामीले त्यहाँ पनि लगानी गर्नुपऱ्यो। अब यो महिलासम्बन्धी तपाईंले भन्नुभएको मा चाहिँ यो युवामा पनि समानीकरण अनुदान भनेर मैले प्रधानमन्त्रीज्यूसँग जानकारी लिँदाखेरि चाहिँ त्यो अमाउन्टहरू चाहिँ स्थानीय सरकारबाटै सञ्चालन हुने अहिलेको स्थानीय सरकारसँग अधिकार पनि भएको र स्रोत पनि भएकोले गर्दा त्यसलाई चाहिँ नीतिगत निर्णय गरेर त्यहाँबाट सञ्चालन गर्ने भन्ने अहिले सम्मको जानकारी छ तर ती कार्यक्रम स्टप हुँदैन किनभने त्यो चाहिँ युवा परिषद्ले पनि त्यसलाई कार्यान्वयनमा लाने मेकानिजमहरू छ हैन। पहिला पनि युवा परिषद्को बजेट एकदमै कम थियो। जम्मा ६ करोड वाट यी कार्यक्रमहरू सञ्चालन भइरहेको थियो। म निर्वाचित भएको वडाको भन्दा पनि कम बजेट चाहिँ खेलकुद परिषद्को थियो। एउटा ६ करोडको बजेटले ७७ जिल्ला ७५३ स्थानीय पालिकामा काम गर तर त्यसका नीतिगत निर्णयहरू गरेर स्थानीय तहबाट गर्न सक्ने सम्भावनाहरू चाहिँ छ अहिले पनि त्यो आशा मरेको छैन।

माननीय शारदा देवीले उठाउनु भाको कुरामा हाम्रो खेलाडीको कुरामा माननीयज्यू यही प्रश्न पनि हो यो कस्तो रहेछ भन्दा "जो दिख्ता हे वोहि बिक्ता हे" भन्ने समाज भाछ अहिले देखाउनुपर्ने हाम्रो के भएको थियो माननीय परराष्ट्रमन्त्री ज्यू पनि यहि हुनुहुन्छ, मलाई आज मलाई अलिकति हलुका पनि हुन्छ होला। उहाँले भिजा नपाएको केसमा बिदाको दिनमा बुद्ध जयन्तीको दिन पर्या थियो। बिदाको दिनमा नै हामीले मन्त्रालयमा कर्मचारी साथीहरूलाई पनि बोलाएर र उहाँहरू ले पनि प्रकृया एकदम छिटो एक घण्टाभित्र हाम्रो लाइन मिनिस्ट्रीबाट अगाडि बढ्नुपर्ने चिज हामीले अगाडि पठाएका थियो। अब मैले यो भन्न हुने हो कि होइन थाहा छैन मलाई मन्त्रिपरिषद्को बैठकमा माननीय मैले पटकपटक सार्वजनिक रूपमा पनि भने। यो दोष मात्र लगाउने कल्चर पनि राम्रो होइन। परराष्ट्र मन्त्रीज्यूले मन्त्रिपरिषद्को बैठक अगाडि मेरै अगाडि दुईचोटि दूतावासमा सम्पर्क गरेर यो के गर्नुभएन अनुरोध गरें, म साक्षी हो त्यसको । तर अब यो देखाउनै पर्ने समाज

हो कि त्यो भिडियो बनाएर चाहिँ माथि यसो क्याप्सन लेखेर परराष्ट्रमन्त्रीले फोन गरे भनेर देखाएको भए चाहिँ हवाई हुन्थ्यो होला। हामीले त्यो बिदाको दिन कारबाही गरेको मैले पनि एउटा पोस्ट बनाएर सामाजिक सञ्जालमा आजको बिदाको दिन पनि सन्दिपको लागि भिजामा हामी लागिरहेका छौं भने वाह वाही पाउँथ्यो। हामीले त्यस्तो गर्न जानेनौं सम्माननीय अध्यक्षज्यू। हामी चाहिँ आफ्नो कामलाई फोकस गरेका थियौं तर म यहाँ भएका माननीयहरूलाई सम्माननीय सभा अध्यक्षमार्फत के पनि निवेदन गर्छु भन्दा देशको पनि त एउटा कूटनीतिक मर्यादा त हुन्छ नि त। हामीले मर्यादा भित्र बसेर हामीले काम गरेको थियौं के। तर त्यो भन्दैमा कसैले भिजा दिने नदिने कुरामा सडकमा गएर आन्दोलन गरेर मुर्दाबाद जिन्दाबाद गर्ने कुरा त कूटनीतिक मर्यादा हुँदैन होला नि। त्यो त राष्ट्रिय सभाले जति त त्यो कुरा अरु कुन चाहिँ निकायले देशमा बुझ्या हुन्छ। सो हामीले हाम्रो साइडबाट गर्नुपर्ने शतप्रतिशत काम गरेको थियो त्यतिखेर। ती कुराहरू रेकर्डेड छ। तर कति कुरा त हाम्रो क्षेत्राधिकारभित्र हुँदैन, होइन र कूटनीतिक मर्यादामा ती देशहरूका नियम कानुन कस्तो छ कसलाई अनुमति दिने नदिने भन्ने कुरा हाम्रो क्षेत्राधिकारभित्र भएका कुरा नै होइनन् तर हाम्रा क्षेत्राधिकारमा भएका कुरा हामीले शतप्रतिशत गरेको छौं र त्यो पनि विधिपूर्वके गरेको छौं। क्यानले खेलकुद परिषद्लाई पठाएर, खेलकुद परिषद्ले मन्त्रालयले पठाएर, बिदाको दिन कर्मचारी साथीहरूलाई अनुरोध गरे यसमा त म यहीँ बाट युवा तथा खेलकुद मन्त्रालयका सबै कर्मचारी साथीहरूलाई पनि आभार व्यक्त गर्छु। बिदाको दिन बिदा नभनीकन आएर मन्त्रालयबाट एक घण्टाबाट प्रक्रिया अगाडि बढाएर परराष्ट्रमा गरेको र परराष्ट्र मन्त्रीज्यूलाई मन्त्रि परिषद्को बैठकमा कुरिरहेको बेला फोन गर्दिनु भएकोमा पनि आभार गर्छु र आज माननीय शारदा देवीले यो कुरा उठाइदिएर यो गरिमामय सदनमा मैले यसको स्पष्टीकरण दिन पाउँदा यसमा लाग्नुभएको सबैलाई पनि न्याय भएको जस्तो अनुभूति पनि गरेको छु। "जो दिखता हे वोही बिक्ता हे" मात्र होइन कि काम गरेको चिज पनि भन्ने ठाउँ तपाईहरूले उपलब्ध गराउनु भएकोमा तपाईंहरू सबैप्रति आभार व्यक्त गर्छु। नेपालको जय होस्।

(१३:३७ बजे)<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, युवा तथा खेलकुद मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।माननीय सदस्यहरू अब म, माननीय सहरी विकास मन्त्री धन बहादुर बुढालाई सहरी विकास मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१३:३७ बजे)**मानननीय सहरी विकास मन्त्री धन बहादुर बुढाः**-सम्माननीय अध्यक्ष महोदय, यस गरिमामय संसदमा आर्थिक वर्ष २०८१/८२ को बजेट छलफलको क्रममा माननीय सदस्यहरूबाट सहरी विकास मन्त्रालयका लागि विनियोजित बजेटको सम्बन्धमा राखुभएका प्रश्नहरू र जिज्ञासाका लागि सम्पूर्ण माननीयज्यूहरूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु र तत् सम्बन्धमा विषयगत मन्त्रीको हैसियतमा म आफ्नो धारणा राख्ने अनुमति चाहन्छु। यसै सिलसिलामा माननीयज्यूहरूबाट छलफलमा उठान गर्नुभएका विषयमा प्रवेश गर्नुभन्दा पहिले सहरी विकास मन्त्रालयले आ. व. २०८१/०८२ को लागि सहरी विकास, आवास भवन र स्थानीय पूर्वाधारको क्षेत्रमा प्रस्ताव गरेका कार्यक्रमहरू, नीतिगत व्यवस्था र मन्त्रालयको गतिविधिको बारेमा प्रष्ट गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, आवास, भवन निर्माण, सहरी विकास, स्थानीय पूर्वाधारसम्बन्धी कार्यक्षेत्र रहेको सहरी विकास मन्त्रालयको आगामी आ. व. ०८१/०८२ मा कार्यान्वयनका लागि प्रस्ताव गरेका मुख्य कार्यक्रमहरू देहायबमोजिम रहेका छन्। सुरक्षित, स्वच्छ, व्यवस्थित र आर्थिक रूपमा गतिशील सहर निर्माणका लागि गुणस्तरीय सहरी पूर्वाधार सेवा तथा सुविधा उपलब्ध गराउने गरी सहरी विकास तर्फको बजेट केन्द्रित गरेको बेहोरा यहा म पुनःस्मरण गराउन चाहन्छु। व्यवस्थित सहरीकरणमार्फत दिगो आर्थिक, सामाजिक समृद्धि भन्ने दीर्घकालीन सोच र सर्वसुलभ समृद्ध दिगो र सुन्दर सहरको विकास गर्ने लक्ष्यसहित आर्थिक वर्ष २०७३/७४ देखि सुरु गरिएको सघन सहरी विकास कार्यक्रमलाई १३२ वटा नगरपालिकामा विस्तार गर्नका लागि रु ८ अर्ब ८ करोड बजेट विनियोजन गरेएको छ। हिमाल, पहाड र तराई मधेसमा रहेको जनसाङ्ख्यिक असमानता र असन्तुलित विकासलाई व्यवस्थापन गर्नुका साथै तीव्र बसाइँसराइलाई रोक्न मध्य पहाडी लोकमार्ग र उत्तर दक्षिण राजमार्गको मिलन बिन्दु वा आसपासमा आधुनिक सहरी सेवा सुविधासहितको नयाँ सहर विकास गरी २० वर्षभित्र प्रत्येक सहरमा १ लाख जनसङ्ख्या बस्न सक्ने १० वटा नयाँ सहर बनाउने लक्ष्यसहित सुरु गरिएको नयाँ सहर आयोजनालाई विशेष प्राथमिकताका साथ निरन्तरता दिँदै बजेट केन्द्रित गरिएको छ। एशियाली विकास बैंकको सहयोगमा सहरी उत्थानशीलता तथा जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत देशका मुख्य पर्यटकीय सहरहरू पोखरा, जनकपुर र लुम्बिनी कोरिडोरमा रहेका नगरपालिकाहरू लुम्बिनी सांस्कृतिक देवदह, सैनामैना, तिलोत्तमा, रामग्राम र सिद्धार्थनगरमा एकीकृत सहरी पूर्वाधार निर्माण गरी विपद् उत्थानशील र बस्न योग्य सहरको रूपमा विकास गर्न दातृ निकायसँग सम्झौता भई उक्त आयोजना आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा

ल्याइने गरी बजेट विनियोजन भएको छ। प्रदेश सरकारबाट कार्यान्वयन हुने जनता आवास कार्यक्रममार्फत हालसम्म करिब १८ अर्ब लगानी गरी ४२ हजारभन्दा बढी आवास निर्माण भइसकेको छ। र यस कार्यक्रमलाई आगामी आ. व. मा समेत प्रवेश प्रदेश सरकारमार्फत कार्यान्वयन गर्ने गरी निरन्तरता तथा दिएको छ। गरिबीको रेखामुनि रहेका प्रकोपको कारण घरबारविहीन भएका घरपरिवारको पराल, खर वा यस्तै प्रकारका पानी र आगोबाट असुरक्षित अवश्य भवनको छाना जस्ता पाताले प्रतिस्थापन गर्न आ.व. २०७६/७७ बाट सुरु गरेको नागरिक आवास कार्यक्रम अन्तर्गत हालसम्म करिब ७ अर्ब लगानी भई ८०,००० आवासीय भवनहरूको छाना जस्ता पाताले प्रतिस्थापन गरिसकेको छ। स्थानीय तहबाट कार्यान्वयन गर्ने गरी यस कार्यक्रमको लागि समेत निरन्तरता दिई बजेट विनियोजन गरेको छ। त्यसैगरी स्थानीय तह प्रशासकीय भवन पूर्वधार विकास कार्यक्रम स्थानीयस्तरका सडक, पुल तथा सामुदायिक पहुँच सुधार परियोजना झोलुङ्गे पुल क्षेत्र कार्यक्रम, कर्णालीसम्बन्धी कार्यक्रम र तराई मधेस सडक पूर्वाधार विकास, कार्यक्रमलाई समेत निरन्तरता दिएको छ। स्थानीय तह प्रशासकीय भवन निर्माणतर्फ सम्बन्धित स्थानीय तहको लागत साझेदारीमा हालसम्म १३३ वटा प्रशासकीय भवनहरू सम्पन्न भई ११० वटा निर्माणाधीन भवनहरू सम्पन्न गर्न बजेट विनियोजन गरिएको छ। ठुला र जटिल प्रकृतिका झोलुङ्गे पुलहरू संघीय सरकारबाट नै कार्यान्वयन गर्ने उद्देश्यका साथ नारायण नदीमा सुस्ता जोड्ने झोलुङ्गे पुलको निर्माण सम्पन्न भएको छ। हालसम्म संघ, प्रदेश, स्थानीय तहबाट करिब १० हजारको सङ्ख्यामा भन्दा बढी झोलुङ्गे पुल निर्माण सम्पन्न भइसकेको छ र आगामी आ. व. मा करिब ६०० वटा सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

सम्माननीय अध्यक्ष महोदय, अब म सहरी विकास मन्त्रालयको बजेट विनियोजन र यसबारेमा छलफलको क्रममा १५ जना माननीय सदस्यहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मन्त्रालयसँग सम्बन्धित उठाउनुभएका प्रश्नहरू, जिज्ञासा र खर्च कटौतीको प्रस्तावहरू सम्बन्धमा सम्बोधन गर्न गइरहेको छु। संघीयताको मर्म अनुरूप सहरी विकास मन्त्रालयलाई प्राप्त भएको सिलिङ्गबाट अगामी आ. व. २०८१/०८२ मा संघबाट कार्यान्वयन हुने कार्यक्रममा रु ६८ अर्ब ३ करोड १३ लाख प्रदेशबाट कार्यान्वयन हुने कार्यक्रममा रु. ७ अर्ब ६७ करोड ६७ लाख र स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमहरूमा रु १५ अर्ब ६४ करोड ३३ लाख गरी जम्मा रु. ९१ अर्ब ३५ करोड २३ लाख बजेट विनियोजन गरिएको छ। मन्त्रालयलाई कार्यक्षेत्रहरू तोकेको आधारमा मन्त्रालयले सातवटै प्रदेश सम्भव भएसम्म सबै निर्वाचन क्षेत्र तथा स्थानीय तहमा कार्य गर्दै

आइरहेको छ। मन्त्रालयलाई निर्धारित सिलिङ्गबाट विगतमा सिर्जना भएका दायित्वहरू क्रमागत कार्यक्रमहरूको भुक्तानी वैदेशिक स्रोतमा सञ्चालित आयोजनाका लागि सम्पूरक बजेट व्यवस्थापन जस्ता चुनौतीहरू हुँदाहुँदै पनि माननीयज्यूहरूबाट माग भएका कार्यक्रमहरू सम्बोधन गर्ने प्रयास गरिएको छ। खरिद सम्झौता भइसकेको क्रमागत तथा दायित्व सिर्जना भइसकेका कार्यक्रमहरूलाई प्राथमिकताका साथ बजेट विनियोजन भएको छ। बजेट विनियोजनमा क्षेत्रीय सन्तुलनका अतिरिक्त मानव विकास सूचकाङ्क सहरी विकास रणनीति, सरकारको नीति तथा कार्यक्रम र १६औं पञ्चवर्षीय योजनाले दिशा निर्देश गरेको विषयलाई समेत आधार बनाइएको छ।

सम्माननीय अध्यक्ष महोदय, माननीय उदय बोहोराज्यूले उठान गर्नुभएको एक लाख बजेटको सन्दर्भमा पहिचान भइसकेका योजनाहरूको प्रारम्भिक कार्यहरू जस्तै वातावरणीय मूल्याङ्कन, site sufficient, site clearance जस्ता पूर्व तयारीका कार्यक्रमहरू गर्न आगामी आ. व. बाट योजनालाई कार्यान्वनको चरणमा लान १ देखि ५ लाख बजेट विनियोजन गरेको स्पष्ट गर्न चाहन्छु। अर्कोतर्फ गत आ. व. २०७९-८० को मा नै सम्पन्न गर्ने लक्ष्य राखिएका योजनाहरू चालु आ. व. मा कार्यक्रम नरहेको हुनाले सिर्जित दायित्व भुक्तानी गर्न नसकेको तथा कुनै विशेष परिस्थिति उत्पन्न भई सम्पन्न हुन नसकेको अवस्थामा समेत आगामी आवको पहिलो त्रैमासिक भित्र नै सम्पन्न गर्ने प्रयोजनार्थ केही कार्यक्रमहरूमा न्यूनतम बजेट छुट्याइएको हो।

माननीय डाक्टर अन्जान शाक्यज्यूले आधुनिक, दिगो र व्यवस्थित सहरीकरणको लागि सघन सहरी विकास कार्यक्रम, क्षेत्रीय सहरी विकास कार्यक्रम, नयाँ सहर ..... आयोजना र सहरीकरण आयोजनाहरूमा थप बजेट विनियोजन हुनुपर्ने भन्ने अवधारणा सराहनीय रहेको छ। यस मन्त्रालयलाई पर्याप्त सिलिङको परिधिभित्र रही भौगोलिक तथा जनसाङ्ख्यिक आधारमा प्रादेशिक सन्तुलन समेत कायम हुने गरी बजेट विनियोजन गरेको छ। बागमती नदी र यसका सहायक नदीहरूको उद्गम स्थलदेखि कटुवालदहसम्मको नदी प्रणाली प्रदूषणमुक्त गराई संरक्षण र सम्बर्धन गर्न उपत्यकाको वातावरण स्वच्छता पवित्रता र सुन्दरता कायम गर्न नदी प्रणालीसँग सम्बन्ध ऐतिहासिक, पुरातात्त्विक एवं सांस्कृतिक सम्पदाको संरक्षण गर्ने तथा अन्य प्राकृतिक स्रोतको उचित व्यवस्थापन गर्ने कार्य अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिमार्फत गरिँदै आएको छ। साथै काठमाडौं उपत्यका विकास प्राधिकरणमार्फत सञ्चालन हुनेगरी घना बस्तीमा खुला क्षेत्रको पहिचान गरी आगामी आ. व. मा २५ वटा पार्क निर्माणको लागि रु २५ करोड ८४ बजेट विनियोजन गरेको छ। माननीय गंगाकुमारी बेलबासेज्यूले महिलासम्बन्धी भवनहरू सहरी विकास मन्त्रालय किन आउन

सकेन भन्ने प्रश्नको सन्दर्भमा भवन निर्माणको विशेषज्ञता सहरी विकास तथा भवन निर्माण विभागको रहेको हुँदा नेपाल सरकारको पूर्ण तथा आंशिक लगानी भएका संघीयस्तरका सरकारी वा सरकारी स्वामित्व प्राप्त श्रम संस्थाको भवन आवश्यक लगायतका संरचना निर्माण कार्य सहरी विकास तथा भवन निर्माण विभागबाट एकद्वार प्रणालीमार्फत सञ्चालन हुने व्यवस्था हुनुपर्ने यस मन्त्रालयको धारणा रहेको बेहोरा यस गरिमामय संसदमा अवगत गराउन चाहन्छु।

माननीय जगप्रसाद शर्माज्यूले उठान गर्नुभएको गाउँ र सहरमा विनियोजन भएको विभेदको सन्दर्भमा दैनिक जीवनमा प्रत्यक्ष लाभ पुऱ्याउने सडक निर्माण सडक स्तरोन्नति, नाला निर्माण जस्ता बस्तीका विकासका कार्यक्रमहरू ग्रामीण क्षेत्रमा पनि प्राथमिकीकरण गरी सहज गरेको छ। साथै ग्रामीण तह तथा सहरबीचको सम्बन्धलाई अझै सबल र सुदृढ बनाउन स्थानीय तहको केन्द्रलाई सम्बन्धित प्रदेश केन्द्र वा नजिकको राष्ट्रिय राजमार्गसम्म पक्की सडकले जोड्ने कार्यलाई आगामी आर्थिक वर्षको बजेटमा निरन्तरता दिएको छ।

सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयकमाथि छलफल क्रममा अन्य माननीयज्यूले उठाउनुभएको विषयहरूको सम्बन्धमा थप प्रष्ट पार्न चाहन्छु। प्रादेशिक रूपमा सहरी विकास मन्त्रालयको बजेट असन्तुलित रहेको भनाइमा सत्यता नरहेको बेहोरा अनुरोध गर्दछु। यस मन्त्रालयका कार्यक्रमहरू ७७ वटा जिल्लामा रहेका छन्। विशेष प्रकृतिका भवनहरू जस्तै संघीय संसद, मन्त्री आवास, प्रदेश प्रमुख र मुख्यमन्त्री आवास तथा सम्पर्क कार्यालय तथा अतिविशिष्ट तथा विशिष्ट महानुभाव आवास व्यवस्थापन व्यवस्थापन सिंहदरबार परिषद र भित्र कार्य, बन्चरे डाँडामा निर्माणाधीन स्यानिटरी ल्यान्डफिल्ड साइटको बजेट बागमती प्रदेश रहेकोले अन्य प्रदेशको तुलना बागमती प्रदेशको बजेट अन्य प्रदेश तुलनामा केही बढी देखिएको छ साथै वैदेशिक सहयोगमा सञ्चालित केही आयोजनाहरू विकास साझेदारसँग भएको सम्झौता बमोजिम तोकिएको क्षेत्रहरू निश्चित प्रदेशका निश्चित नगरपालिका मात्र लागू भएकोले केही शीर्षकमा असन्तुलन रहेको देखिएता पनि समग्र रूपमा प्रादेशिक सन्तुलन कायम हुने गरी बजेट विनियोजन गरेको छ। सहरी विकास एक अत्यन्त बहुआयिक र चलायमान dynamic रहेकोले यो क्षेत्रमा नयाँ नयाँ अवधारणा आउने गरेका छन्। नाम जे भएपनि हाम्रो उद्देश्य सहरी सुशासनको अभिवृद्धि लगानी इन्भेस्टमेन्टको सुनिश्चितता, आर्थिक स्रोतहरूमा सहज र पहुँच, राजस्वको प्रभावकारी परिचालन र सहरी जमिनको प्रभावकारी उपयोगको माध्यमबाट अन्तर प्रादेशिक क्षेत्रीय एवं भौगोलिक रूपमा सन्तुलित राष्ट्रिय सहरी प्रणालीको स्थापना, आधारभूत सहरी पूर्वाधार विकास, सहरी वातावरणको संरक्षण र सम्बर्धन र

उपलब्ध आर्थिक अवसरको प्रभावकारी उपयोग गर्ने रहेको छ। तसर्थ दिगो उत्थानशील, वातावरणीय, सामाजिक, भौगोलिक, प्रादेशिक र क्षेत्रीय दृष्टिकोणले सन्तुलित राष्ट्रिय स्वरूप हासिल गर्न र मानव केन्द्रित वस्तुको विकासमा माननीय सदस्यहरूको महत्त्वपूर्ण भूमिका र सुझावको अपेक्षा गरेको छु। अन्तमा माननीयज्यूहरूले राख्नुभएको प्रश्न र जिज्ञासाबाट योजना कार्यान्वयन तथा मन्त्रालयले लिइएको लक्ष्य हासिल गर्न ठुलो योगदान पुग्ने विश्वास लिँदै प्रश्न र जिज्ञासा उठाउने सबै माननीयज्यूहरूप्रति पूनः आभार प्रकट गर्दछु। माननीयज्यूहरूको सहयोग र सद्भावबाट नै कार्यक्रम र कार्यान्वयनमा प्रभावकारिता बढ्ने तथ्यलाई आत्मसात् गर्दै सहरी विकास मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतको सहरी विकास आवास भवन तथा स्थानीय पूर्वाधारको क्षेत्रमा कार्यक्रम विस्तार गर्दै जाने सोचलाई साकार पार्दै समृद्ध नेपाल समुदन्त समाज निर्माणको लक्ष्य प्राप्तिमा योगदान गर्न मन्त्रालय अग्रसर रहेको हुँदा बजेटलाई समर्थन गरिदिनु हुन समेत सबै माननीयज्यूलाई अनुरोध गर्दछु । धन्यवाद ।

(१३:५२ बजे)<u>सम्माननीय अध्यक्ष </u>:- माननीय सदस्यहरू, माननीय सहरी विकास मन्त्री धन बहादुर बुढाले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु। स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।माननीय सदस्य भगवती न्यौपाने।

(१३:५३ बजे)<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूमार्फत म सहरी विकास मन्त्रीज्यूलाई एउटा प्रश्न गर्न चाहन्छु। तपाईंको मन्त्रालयबाट विनियोजित भएको १ लाख, दुई लाख ३ लाख र पाँच लाख रकमले कस्तो सहर बनाउन सकिन्छ मन्त्रीज्यू? मलाई धेरैले प्रश्न पनि गर्नुभएको थियो धेरैले सोध्नुभएको थियो। पर्खनुस् म मन्त्रीज्यूसँग सोधेर जवाफ दिउँला भनेको थिए। आज तपाईंबाट नै ती जनताहरूले थाहा पाउन सकुन्, धन्यवाद।

<u>सम्माननीय अध्यक्ष </u>:- माननीय सदस्य भुवनबहादुर सुनार।

(१३:५३ बजे)मानननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्षज्यू, मन्त्रीज्यूलाई सहरको जिज्ञासा। जस्तै यो सहरी विकास मन्त्रालय, एक त ७७ जिल्लाको मन्त्रीज्यू हुनुहुन्छ जस्तो लाग्छ। उहाँ एउटा डोल्पा जिल्लाको मात्रै मन्त्री होइन होला जस्तो लाग्छ र यहाँ चर्चामा उठेको विषयको जवाफ आएन कि भन्ने लाग्यो। किन भन्दा धेरै भन्दा धेरै बजेट चाहिँ सहरी विकास मन्त्रालयको बजेट चाहिँ डोल्पामा परेको भन्ने विषय उठेको थियो त्यसको जवाफ आएन। दोस्रो कुरा अर्थमन्त्रालयले चाहिँ बजेट सिलिङमै ३ करोड भन्दा तलको बजेट चाहिँ संघले विनियोजन गर्दैन भनेको थियो। तर चाहिँ यो ठुलो ढड्डा सहरी विकास मन्त्रालयको ठुलो ढड्डामा हेर्दा चाहिँ एक लाख पाँच लाखका पनि चाहिँ योजनाहरू देख्यौं। त्यसले गर्दा चाहिँ यसको जवाफ चाहिँ यहाँ छलफल पनि भएको थियो। सायद त्यसको जवाफ आउँछ भनेको आइरहेन र मैले फेरि प्रश्न गरेँ । हवस् त । धन्यवाद।

सम्माननीय अध्यक्ष :- माननीय सदस्य सुमित्रा बि. सी. ।

(१३:५४ बजे) माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्ष महोदय, म अध्यक्ष महोदयमार्फत सहरी विकास मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु। सिंहदबारभित्रै रहेको ग्यालरी बैठकको बारेमा हामीले धेरै पटक सहरी विकास मन्त्रीलाई पनि आमन्त्रण गरिसक्यौं। त्यसको बारेमा धेरैपटक मिटिङ बसिसक्यौं फेरि पनि अहिले त्यो ग्यालरी बैठकको बारेमा के कार्यक्रम बनाउनु भएको छ। सहरी विकास मन्त्रीज्यूसँग म सोध्न चाहन्छु। हवस त धन्यवाद।

(१३:५५ बजे)सम्माननीय अध्यक्ष :-माननीय सदस्यहरू, अब म, माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय सहरी विकास मन्त्री धन बहादुर बुढालाई समय उपलब्ध गराउँछु।

(१३:५६ बजे)माननीय सहरी विकास मन्त्री धन बहादुर बुढा:-सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म केही माननीयज्यूहरूले र मिडियामार्फत पनि डोल्पामा धेरै बजेट विनियोजन भएको भन्ने सम्बन्धमा मेरो ध्यानाकर्षण भएको छ। यसलाई मैले सकारात्मक सुझावको रूपमा लिइएको छु।

साथै त्यस सम्बन्धमा म यसै गरीमामय संसदमा स्पष्ट पार्न चाहन्छु। सहरी विकास मन्त्रालयबाट डोल्पा जिल्लामा अत्यधिक मात्रामा बजेट विनियोजन गरियो भन्ने विषयको सन्दर्भमा बाहिर सतहबाट झट्ट हेर्दा र सुन्दा केही हदसम्म ठिकै पनि हो। नेपालको कुल भूगोलको ५.३५% वा ७,८८९ वर्ग किलोमिटर क्षेत्रफल भएको देशकै ठुलो भूगोल भएको करिब ४३ हजार जनसङ्ख्या भएको विकट हिमाली जिल्लामा सहरी विकास मन्त्रालयको कुल बजेटको करिब १.८३% मात्र बजेट विनियोजन हुनु स्वाभाविक, न्यायोचित र अति जरुरी थियो। अत्यन्तै कमजोर अवस्थाको मानव विकास सूचकाङ्कमा रहेको डोल्पा जिल्लाको वर्षौंदेखि बहुमूल्य यार्सा गुम्बा, गुच्ची च्याउ, जडिबुटी तथा वन पैदावारबाट नेपाल सरकारलाई करोडौं राजस्व तिरेको सर्वविदितै छ। नेपालकै गौरव फोक्सुन्डो ताल नेपालकै अग्लो स्थानमा रहेको फोक्सुन्डो तालको १६७ मिटरको झरना, करिब ८०० वर्ष पुरानो बौद्ध धर्मावलम्वीहरूको पवित्र तीर्थस्थल सेगुम्बा, रमणीय धो उपत्यका, विश्वको उच्च स्थानमा मानव बस्ती रहेको छ छार्काभोट प्रसिद्ध धार्मिक तीर्थस्थल, जगदुल्ला ताल, मूर्तिचुलाको प्रख्यात सुपा देउराली गुफा, विश्वकै दुर्लभ प्राचीन काइके भाषा, व्यासतिथि तीर्थस्थल, प्रख्यात बालात्रिपुरासुन्दरी भगवतीको मन्दिर, छिन्नमस्ता भवानीको मन्दिर, ठुली भेरी नगरपालिकाको प्रख्यात रुपाटन जस्ता सयौं धार्मिक तथा पर्यटकीय स्थलको हजारौं पर्यटक भित्र्याउन सफल डोल्पाले आधुनिक विकास त के कुरा नुन र चामलको लागि गुहार गरेको वास्तविक डोल्पा चिन्ने जान्नेहरू जानकार हुनुहुन्छ। डोल्पाली जनताले ठुलो आशा, भरोसा र माया गरी मलाई लगातार तीन तीन पटक अत्यधिक मतबाट संघीय संसदको रूपमा चुनेर पठाएका छन्। डोल्पा जिल्लाका छरेका विकट गाउँ बस्तीहरूमा सङ्ख्यात्मक हिसाबले केही धेरै योजना तथा कार्यक्रमहरू छन्। तर डोल्पाको भौगोलिक अवस्था र त्यहाँको आवश्यकता अनुसार यो बजेट अझै पर्याप्त छैन। नेपालमा विगतको ७२औं पटक बजेटका दस्तावेजहरू सार्वजनिक हुँदा डोल्पाली जनताहरूले आफ्ना आवश्यकता र पीडा सम्बोधन भएको छ कि भनेर बजेटका हरेक शब्द, हरपानाहरू डोल्पा खोज्दै जाँदा कैयौं पुस्ता रोग, भोक र गरिबीको पीडामा अस्ताए। अहिले आएर संघीय गणतन्त्र व्यवस्थाको मर्म र भावना अनुरूप डोल्पाली जनताका मागहरू केही हदसम्म वर्तमान सरकारले सम्बोधन गरेको छ। अझै पनि तुलनात्मक रूपमा डोल्पा जिल्लामा अन्य मन्त्रालयबाट विनियोजित बजेट न्यून मात्रामा देखिन्छ। विकट डोल्पा जिल्लामा अझै पर्याप्त मात्रामा बजेट विनियोजन गरेर डोल्पाको द्रुत गतिमा विकास गर्न अझ आवश्यक छ। त्यसै गरेर माननीय भगवती न्यौपानेज्यूले उठान गर्नु भएको प्रश्नको संवन्धमा पहिले नै जवाफ आइसकेको छ । विभिन्न तयारी काममा जस्तै

सायद ..... पूर्व तयारी काममा तथा आ. व. २०७९/८० मा सम्पन्न हुने भएको काममा बजेट विनियोजन गरिएको हो।

सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेयक, २०८१ अन्तर्गत सहरी विकास मन्त्रालयको विभिन्न शीर्षकमाथि छलफलको क्रममा माननीय सदस्यले प्रति प्रश्न गर्नुभएको सम्पूर्ण माननीयप्रति हार्दिक आभार व्यक्त गर्दछु। माननीय सदस्यबाट राखिएका जिज्ञासाको धेरै हदसम्म मैले अघि नै सम्बोधन गरेको छु भन्ने मलाई विश्वास छ। माननीय सदस्यहरूले राख्नुभएको प्रश्नलाई सकारात्मक रूपमा लिँदै अन्त्यमा सम्पूर्ण माननीय सदस्यलाई यहाँहरूको अन्तर्दृष्टिपूर्ण प्रश्न र जिज्ञासालाई मेरो हृदयदेखि नै धन्यवाद दिन चाहन्छु। तपाईंको बहुमूल्य योगदानले नै सहरी विकास मन्त्रालय अन्तर्गत आगामी योजनालाई परिष्कृत र सहज रूपमा कार्य गर्न आवासीय नै सहयोग हुने छ।

सहरी विकास मन्त्रालय भवन आवास सहरी विकास तथा स्थानीय पूर्वाधारको क्षेत्रलाई राष्ट्रियको समृद्धि र सामाजिक कल्याणको आधार शिलाका रूपमा अगाडि बढाउने प्रतिबद्धता रहेको छ। हामी सबैको सामूहिक दिगो साथले सहरी विकासलाई प्रोत्साहन दिन आवास पहुँच बढाउन जीवनस्तर सुधारी जीवन्त, समावेशी उत्थानशील समतामूलक समाज निर्माण गर्न सकिन्छ भन्दै यहाँहरू समक्ष बिदा हुन चाहन्छु। धन्यवाद।

(१४:०२ बजे)सम्माननीय अध्यक्ष :-माननीय सदस्यहरू, सहरी विकास मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।माननीय सदस्यहरू अब म, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१४:०३ बजे)माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङः- सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष २०८१/८२ को बजेट तथा सोसँग सम्बन्धित विनियोजन ऐन, २०८१ मा आधारित भई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित विषयमा माननीय सदस्यहरूले व्यक्त गर्नुभएको गहन सुझाव, सल्लाह, जिज्ञासाका लागि आभार व्यक्त गर्न चाहन्छु। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको बजेट नेपालको संविधान १६ औं

योजना संस्कृति पर्यटन तथा नागरिक उड्डयन क्षेत्रसँग सम्बन्धित कानुनहरू, क्षेत्रगत नीति, नेपालको राष्ट्रिय पर्यटन रणनीतिक गुरुयोजना सन् २०१६ देखि २५ तथा आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारको स्वीकृत वार्षिक नीति तथा कार्यक्रम समेतको आधारमा तयार पारिएको हो।

(१४:०४ बजे)पीठासीनः-माननीय उपाध्यक्ष श्री बिमला घिमिरे ।

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङ मन्त्रालयलाई प्राप्त बजेट सिलिङ सीमित रहेको सन्दर्भमा समेत बजेट तर्जुमा गर्दा कार्यक्रमको माग, औचित्य र आवश्यकता तथा क्षेत्रीय सन्तुलनलाई ध्यानमा दिइएको बेहोरा माननीय सदस्यहरूलाई विश्वास दिलाउन चाहन्छु।

मेरो मन्त्रालयसँग सम्बन्धित भई २०८१ असार १८ गते १२ जना माननीय सदस्यज्यूहरूले जिज्ञासा राख्नुभएको छ। जिज्ञासा राख्ने सबै माननीयज्यूहरूलाई धन्यवाद दिन चाहन्छु। सबै माननीयज्यूहरूले उठाउनुभएको सवाल र जिज्ञासाहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत देहाय बमोजिम गराउन चाहन्छु। नेपाल वायुसेवा निगमको सम्बन्धमा नेपाल वायुसेवा निगम नेपालको एकमात्र ध्वजावाहक वायुसेवा सञ्चालन गर्ने संस्थान हो। विगतदेखि नै यसको सञ्चालनमा समस्या रहेको देखिन्छ। यसको सञ्चालन र व्यवस्थापनमा सुधार गर्न मन्त्रालयले दिपेन्द्रबहादुर क्षेत्रीको संयोजकत्वमा समिति गठन गरेको छ। उक्त समितिको प्रतिवेदन प्राप्त भएपछि उपयुक्त मोडेलमा सञ्चालनमा ल्याउन यसको व्यवस्थापकीय, संस्थागत र कानुनी सुधार गरिने छ। संस्कृत भाषाको संरक्षण र प्रवर्धन गर्ने विषयमा पनि यहाँ माननीयज्यूहरूले सवाल राख्नुभएको छ। संस्कृत भाषाको संरक्षण र प्रवर्धन गर्ने विषयमा मन्त्रालयले आवश्यक नीतिगत व्यवस्था गरेको छ। यस भाषाको साथसाथै नेपालका सबै भाषा संस्कृति र कलाको संरक्षण र प्रवर्धनतर्फ मन्त्रालय प्रतिबद्ध छ। संवैधानिक व्यवस्था अनुरूप समावेशी रूपमा सबै भाषा र संस्कृतिको विकास गर्नु आवश्यक छ।

माननीयज्यूहरूले पशुपतिनाथ मन्दिरको भेटी व्यवस्थापन र मूर्ति सार्वजनिक गर्ने विषयमा पनि प्रश्न गर्नुभएको छ। यस विषयमा मन्त्रालयले सबै मन्दिरहरूमा लागू गर्ने गरी मन्दिरहरूको भेटी व्यवस्थापन निर्देशिका तर्जुमा गरेको छ, सोही निर्देशिका बमोजिम र आवश्यक भएमा दुवै

व्यवस्था छुट्टै व्यवस्था गरेर समेत पशुपतिको भेटी व्यवस्थापनलाई व्यवस्थित गरिने छ। पशुपतिनाथको मूर्ति सार्वजनिक गर्ने गर्न मिल्ने नमिल्ने विषयमा त्यस मन्दिरको परम्परालाई स्थितिलाई समेत हेर्नुपर्ने हुन्छ। यस विषयमा के गर्न सकिन्छ अध्ययन गर्न गर्ने गराउनेछु, गरेर बताउनेछु। धार्मिक पर्यटनको हिसाबले अत्यन्त महत्त्वपूर्ण लुम्बिनी, पशुपतिनाथ, मुक्तिनाथ र रामजानकी मन्दिरको संरक्षण र प्रवर्धनको विषयमा पनि यहाँ प्रश्नहरू उठाउनु भएको छ। यी सबै क्षेत्रको विकासको निम्ति मन्त्रालयले विगतदेखि नै विभिन्न संस्थागत, नीतिगत र बजेटगत व्यवस्था गर्दै आएको छ। यी क्षेत्रको विकास, संरक्षण र प्रवर्धनमा मन्त्रालय प्रतिबद्ध रहेको छ। राम जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गर्ने लगायतका कार्यक्रम यस वर्षको बजेटबाट अघि सारिएको छ। मुक्तिनाथ क्षेत्रको विकासमा यस आर्थिक वर्षमा केही बजेट छुट्याइएको छ। आगामी दिनमा यी सबै क्षेत्रको विकास गर्न पहल गरिने छ। योजना छनौटको विषयमा पनि प्रश्नहरू माननीयज्यूहरूले प्रश्न राखुभएको छ। योजना छनोटको विषयलाई मैले विगतको वर्षहरूमा भन्दा न्यायिक, सन्तुलित र वैज्ञानिक बनाउने प्रयास गरे। यहाँहरूले भन्नुभए झैं एउटा व्यवस्थित प्रणालीको विकास गरेर अझ वस्तुनिष्ठ बनाउन आगामी दिनमा हामी सबै लाग्नुपर्ने मेरो धारणा छ। पर्यटकीय प्रवर्धनको सम्बन्धमा पनि यहाँ प्रश्नहरू उठाउनु भएको छ।

पर्यटन क्षेत्रको सम्भावनाप्रति हामी सबै सर्वविदितै छौं। यस क्षेत्रमा बजेट अझै पर्याप्त हुन नसकेको सत्य हो। सातवटै प्रदेश लक्षित गरेर कार्यक्रम इको द हिल टुरिजम लगायतका कार्यक्रमहरू यो वर्षको बजेटमा समावेश गरिएको छ। भारत र चीनको पर्यटकलाई लक्षित गरी पर्यटन बोर्डबाट road show लगायतका प्रचारप्रसार गर्ने कार्यक्रमहरू समाप्त सञ्चालनमा ल्याइने छ। पर्यटन रणनीति योजनाहरू २०१६ देखि २५ सम्म र नेपाल भ्रमण दशक अनुरूप १६ लाख पर्यटन भित्र्याउने लक्ष्य राखिएको छ। यसमा हामी सफल हुनेछौं भन्ने मलाई पूर्ण विश्वास छ। लुम्बिनीलाई हेर्ने विषयमा पनि माननीयज्यूहरूले प्रश्न राख्नुभएको छ। लुम्बिनीलाई हेर्ने दृष्टिकोण सकारात्मक भएन भन्ने जिज्ञासाको सम्बन्धमा मलाई त्यस्तो लाग्दैन। मन्त्रालयले यसलाई सकारात्मक रूपमा हेरेको छ। यस कोषलाई राष्ट्रिय गौरवको आयोजनाको रूपमा विकास गर्ने व्यवस्था मिलाइएको छ र त्यसमा बुद्ध सर्किटको विषयमा पनि कुरा उठेको छ। आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा बुद्ध सर्किट मात्र नभई किरात, शिव, रामायण सर्किटको विषयमा समेत व्यवस्था गरिएको छ। अध्ययन प्रतिवेदनको आधारमा आगामी दिनमा पर्याप्त बजेट विनियोजन गर्न मन्त्रालय प्रतिबद्ध छ। कपिलवस्तुको पुरातात्त्विक सम्पदाको विषयमा पनि कुरा उठाउनु भएको

छ। कपिलवस्तुको पुरातात्तिक र ऐतिहासिक महत्त्व र गरिमालाई मन्त्रालयले बोध गरेको छ। कपिलवस्तुको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गर्न UNESCO मा पेस भइसकेकोले यसको नतिजा चाँडै नै आउने विश्वासमा छु। यस क्षेत्रको अन्य सम्पदाको उत्खनन विकास र उन्नयनमा पुरातात्त्विक विभागमार्फत विभिन्न कार्यक्रमहरू भइरहेका छन्। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको विषयमा पनि यहाँ सवाल उठाउनु भएको छ माननीयज्यूहरूले ।

यस विमानस्थलको सञ्चालनको सम्बन्धमा मन्त्रालयले सरोकारवाला निकायहरूसँग र पछिल्लोपटक सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा पनि छलफल गरिएको छ। सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशनलाई यहाँले उठाउनुभएको विषयलाई समेत ध्यानमा राखी मन्त्रालयले यसको सञ्चालनसम्बन्धी अध्ययन समिति गठन गरी गरिएको र उक्त समितिको अध्ययन प्रतिवेदनको आधारमा ठोस कार्ययोजना बनाई सञ्चालनको उचित प्रबन्ध मिलाइने छ। हिमालको फोहोर मैला सम्बन्धी प्रश्न पनि उठाउनुभएको छ। छ हिमालको फोहोरमैला व्यवस्थापन चुनौतीपूर्ण रहेको विषयमा मन्त्रालय सचेत छ। यस सम्बन्धी निर्देशिका बनाई नेपाली सेना गैरसरकारी संस्था, सम्बन्धित स्थानीय तह र पर्यटन विभागको समन्वयात्मक भूमिकामा फोहोर व्यवस्थापन कार्य भइरहेको छ र यहाँको सुझाव अनुसार आगामी दिनमा थप प्रभावकारी ढङ्गले कार्य गर्ने वातावरण निर्माण गर्न मन्त्रालय प्रतिबद्ध छ। हिमाल सम्बन्धी कानुन र मापदण्डको विषयमा पनि यहाँ प्रश्न उठाउनु भएको छ। हिमाल आरोहणसम्बन्धी कार्यालय व्यवस्थित र नियमन गर्ने सम्बन्धी व्यवस्था पर्वतारोहण नियमावली, २०५९ ले गरेको छ। यसलाई समसामयिक संशोधन गरी हालको आवश्यकता अनुरूप तुल्याउन र यहाँले भने जस्तै पर्याप्त मापदण्ड र आधारहरूको विकास र स्पष्टता कायम गर्न नयाँ नियमावली तर्जुमाको लागि मन्त्रिपरिषद् पेस गरिसकिएको छ निजी क्षेत्रको लगानीमा सञ्चालित होटल, उद्योग र व्यापारको विषयमा पनि यहाँ प्रश्नहरू उठेका छन्। यस सम्बन्धमा यस क्षेत्रको सेवाले पर्यटनमा अहम् भूमिका निर्वाह गर्ने कुरा सत्य हो। यसमा सुधार गर्न मन्त्रालय र विभागको संयुक्त टोलीबाट नियमित अनुगमन तथा नियमन हुने व्यवस्था गरिएको छ। यस क्षेत्रको विकृति हटाउन अनुगमनलाई थप सशक्त र सघन बनाइने छ। नेपाललाई कला, संस्कृति र ध्यानको राजधानी बनाउने विषयमा बनाउनुपर्ने विषयमा पनि यहाँ कुराहरू उठेको छ। नेपाल यहाँले भन्नु भए जस्तै कला, संस्कृति र ध्यानको दृष्टिले अनुपम, अद्वितीय र स्वर्णिम स्थल हो नै। यसलाई हालको अवस्थामा पनि यी विषयहरूको राजधानी भन्दा फरक पर्दैन जस्तो लाग्छ। यस विषयलाई विकास गर्न मन्त्रालयले विविध विधामा कामहरू गरिरहेको छ। यस विषयलाई

प्राथमिकता र चासोका साथ अघि बढाउन आवश्यक ठान्दछु। र हवाई सेवाको सम्बन्धमा पनि यहाँ कुराहरू उठेका छन्। नेपालको हवाइसेवालाई सुरक्षित, भरपर्दो, विश्वसनीय, सुलभ र पहुँचयोग्य बनाउने हवाई नीति, २०६३ को मर्म अनुरूप कार्यहरू भइरहेको छ। यो नीतिको समसामयिक संशोधनको कार्य अन्तिम चरणमा पुगेको छ। सातवटै प्रदेशको प्रमुख सहरमा हवाई सेवा विस्तार गर्ने कार्यक्रमलाई ध्यान दिइएको छ। गोरखा दरबारको सम्बन्धमा यहाँ प्रश्न उठेको छ। यो चाहिँ माननीयले, माननीय किरण बाबु श्रेष्ठज्यूले छलफलको क्रममा भन्दा पनि शून्य समयको बेलामा उठाउनु भएको एउटा प्रश्न रहेछ। त्यस सम्बन्धमा पनि २०८१ असार १९ गते शून्य समयमा उठाउनुभएको यो गोरखा दरबारको परम्परा र संस्कृतिको संरक्षणको विषयमा मन्त्रालय प्रतिबद्ध रहेको छ। यसको संरक्षणको लागि गोर्खा दरबार सङ्ग्रहालय तथा गोर्खा दरबार हेरचाह कार्यालयबाट आवश्यक कार्य भइरहेको छ। मन्त्रालय अन्तर्गतका निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण O and M survey भइरहेको छ यसमा मैले विज्ञ कर्मचारीहरूको व्यवस्थासहितको सङ्गठन संरचना निर्माण गर्न निर्देशन गरिसकेको छु। सम्माननीय अध्यक्ष महोदय, अन्त्यमा यस सम्मानित सदनमा विभिन्न सवाल र जिज्ञासाहरू राखिदिनु भई म र मेरो मन्त्रालयलाई थप रचनात्मक र जवाफदेही तुल्याउन योगदान गरिदिनुभएकोमा म सम्पूर्ण माननीयज्यूहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत हार्दिक धन्यवाद व्यक्त गर्दछु। धन्यवाद।

(१४:१७ बजे)**सम्माननीय अध्यक्ष**:-माननीय सदस्यहरू, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु। स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

**सम्माननीय अध्यक्ष** :-माननीय सदस्य विष्णुकुमारी सापकोटा।

(१४:१९ बजे) **माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस)**:-सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूमार्फत म मन्त्रीज्यूलाई, पर्यटन मन्त्रीज्यूलाई केही कुरा राख्न चाहन्छु। यो पर्यटकीय यो धार्मिक पर्यटन अनुसार जस्तो अब पशुपति, जानकी मन्दिर र लुम्बिनीको कुरा आयो। त्यस्तै गरेर पर्यटनलाई जोड्नको लागि बढीभन्दा बढी पर्यटकहरूलाई भित्र्याउनको

लागि हामीले धार्मिक पर्यटकहरूलाई बढाउन यो गुल्मीको रेसुङ्गा, रुरु रेसुङ्गा, रुरु कालीगण्डकी मुक्तिनाथसँग पनि जोडिएको र त्यसमाथि गुल्मीको सबैभन्दा माथि एउटा रेसुङ्गा छ। त्यो रेसुङ्गाको जडीबुटीले रेसुङ्गा अयोध्याका राम, लक्ष्मण दशरथ राजाका पुत्र राम, लक्ष्मणसँग जोडिएको छ। त्यहाँका जडीबुटीहरू खुवाएर राम लक्ष्मण जन्मेको भन्ने एउटा युक्ति पनि छ त्यसकारण त्यसलाई पनि प्रवर्धन (... समय सकिएको)।

सम्माननीय अध्यक्ष :-माननीय सदस्य सोनाम गेल्जेन शेर्पा।

(१४:१९ बजे) माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-नेपालमा यो अब आउने आर्थिक वर्षमा १६ लाख पर्यटन ल्याउँछ भनेर भन्ने गरेको छ। त्यसको लक्ष्य छ। तर अहिलेको बजेटले त्यो १६ लाख ल्याउने पर्यटन ल्याउने कुरामा चाहिँ कुन कुनमा चाहिँ address गरेको छ। यसतर्फ चाहिँ म सम्माननीय अध्यक्षज्यूमार्फत मन्त्रीज्यूलाई सोध्न चाहन्छु।

सम्माननीय अध्यक्ष :-माननीय सदस्य भुवनबहादुर सुनार।

(१४:२० बजे)माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-सम्माननीय सभापतिज्यू, अध्यक्षज्यू, गोरखा दरबार परिसरमै ठुलो पार्क छ। त्यो पार्क भित्र पृथ्वीनारायण शाहको सालिक पनि छ। तर पृथ्वीनारायण शाहकै पालाका अथवा आर्थिक सल्लाहकार योद्धाको चाहिँ सालिक पोखरीथोकको पाखातिर चाहिँ बनाउनलाई चाहिँ कसरत भइरहेको छ। त्यो पक्षपात भएन यसमा चाहिँ संस्कृति मन्त्रालयको ध्यान जानु पर्छ कि यही मेरो प्रश्न भयो। हस् त धन्यवाद।

सम्माननीय अध्यक्ष :-माननीय सदस्य गोपाल भट्टराई।

(१४:२० बजे)माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-सम्माननीय अध्यक्षज्यू, मैले राखेको प्रश्न थियो यो लुम्बिनीको सन्दर्भमा केन्जो टाँगे बनाएको गुरु योजना यतिका

वर्षसम्म पनि त्यो पूरा हुन सकेको छैन। यो कहिलेसम्म पूरा हुने हो त्यसको लक्ष्य निर्धारण गरियोस् भन्ने एउटा भन्न चाहन्छु। अर्को समग्र लुम्बिनी बुद्धसित सम्बन्धित समग्र लुम्बिनी, कपिलवस्तु र रामग्रामलाई जोड्ने गरी गुरु योजना अर्को तयार होस् भन्ने मेरो प्रश्न थियो। त्यसको प्रश्नको जवाफ राम्रो गरी आएन कि जस्तो लाग्यो। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्य नारायण दत्त मिश्र।

(१४:२१ बजे)<u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)</u>:- माननीय अध्यक्ष महोदय, होइन यो नेपाल वायुसेवा निगमलाई कहिलेसम्म हामी सरकारको मातहतमा राखिराख्ने र यसलाई सधैं घाटाको व्यापार र केही मान्छेहरूको कमाई खाने भाँडोको रूपमा कसरी यसलाई सधैं कसरी प्रयोग गर्ने यो नेपाल वायुसेवा निगममा अहिलेसम्म जति हवाई जहाजहरू किनिएका छन् ठुला हवाई जहाज कुनै हवाई जहाजमा पनि प्रश्न नउठेको छैन। तसर्थ यसलाई पब्लिक पार्टनरशिपमा लैजानतिर अगाडि बढौं। अब के गर्ने मन्त्रीज्यूहरू कहिले सम्म हो? के हो? मैले सोधिहाले। ह्वस धन्यवाद।

(१४:२२ बजे)<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्यहरू, अब म, माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङलाई समय उपलब्ध गराउँछु।

(१४:२२ बजे)<u>माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हित बहादुर तामाङ</u>:- धन्यवाद, यहाँ माननीय विष्णुकुमारी सापकोटाज्यूले गुल्मीको धार्मिक पर्यटन बढाउन गुल्मी रेसुङ्गा क्षेत्रको विकास र प्रवर्द्धका लागि सरकारको थप ध्यानाकर्षण गराउनु भएको छ। यस सम्बन्धमा हामीले यो बजेट निर्माण गर्दै गर्दा सायद गुल्मीरासीहरूले त्यहाँका राजनीतिक दलका शीर्ष तहका नेतृत्वदेखि लिएर काठमाडौं उपत्यकामा रही विभिन्न पेशा व्यवसायमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने व्यक्तित्वहरू समेतको उपस्थितिमा एउटा कार्यक्रम आयोजना गर्नुभएको थियो। त्यो सायद यो पर्यटनसँग सम्बन्धित त्यहि रेसुङ्गा क्षेत्रको विकाससँग सम्बन्धित भएर एउटा कार्यक्रम अन्तर्क्रियात्मक खालको कार्यक्रम आयोजना गर्नुभएको थियो र त्यसको प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू नै हुनुहुन्थ्यो। हामीलाई पनि बोलाउनु भएको थियो। मलाई पनि बोलाउनु भएको

थियो। र त्यस क्रममा पनि हामीले त्यस क्षेत्रको विकासको लागि सरकारले अहिलेको स्रोत साधनले भ्याएसम्म ध्यान दिइने छ भनेर पनि भनेका थियौं र भनेको थिएँ। र त्यस त्यसैअनुसार यस आर्थिक वर्ष २०८१/८२ को कार्यक्रमले गुल्मीलाई राम्रैसँग सम्बोधन गरेको मैले महसुस गरेको छु। र पनि त्यसलाई निरन्तरता निरन्तर रूपमा अगाडि बढाउने र थप कार्यक्रम र बजेटको व्यवस्था गर्ने कुरामा मन्त्रालय प्रतिबद्ध छ भन्न चाहन्छु। त्यसपछि माननीय गोपाल भट्टराईज्यूले लुम्बिनी गुरुयोजनाको सम्पन्न कहिलेसम्म हुने हो र त्यससँग सम्बन्धित अन्य क्षेत्रलाई समेत जोडेर गुरुयोजना निर्माण गर्ने सम्बन्धमा विषय राख्नुभएको छ। यो प्रोफेसर केन्जो टांगोले तयार गर्नुभएको लुम्बिनी क्षेत्र वृहत लुम्बिनी क्षेत्र गुरुयोजना जसको निर्माण कार्य अहिले पनि जारी छ। यो निरन्तर रूपमा अगाडि बढी राखेकै छ। भौतिक प्रगति करिब ८२% भन्दा बढी भइसकेको छ। आर्थिक प्रगति अलि कम छ। विगतमा काम गरेका निर्माण व्यवसायीहरूले पनि बजेट प्राप्त गर्न सकेका छैनन् त्यसको लागि हामीले अहिले यो पहल गरिएहेका छौं। र लुम्बिनी विकास कोषले निरन्तर रूपमा अर्थमन्त्रालयमा सम्पर्क गर्ने र त्यो बजेट प्राप्तिको प्रक्रियामा लाग्ने काम भइरहेको छ। अव माननीय सोनाम गेल्जेन शेर्पाज्यूले यो नेपालको बजेटमै व्यवस्था गरेको यो १६ लाख पर्यटन भित्र्याउने काम कसरी सम्भव छ भन्ने हिसाबले उठाउनुभएको छ। यो अहिले चालु आर्थिक वर्षमा खासगरीकन यो अलि अगाडिको तथ्याङ्क हो। त्यसले नेपालमा १० लाख त्यो चाहिँ अब २०२३ को डाटा हो। सन् २०२३ को डाटा हो त्यसमा १० लाख भन्दा केही बढी पर्यटन पर्यटकहरू नेपालमा भित्रिएका छन्। यो खासगरीकन यो कोभिडपछि कोभिडको प्रकोपपछि कोभिडको अब आसपासमा त अब जिरो सङ्ख्यामै थिए। त्यसपछि यो कोभिडको समस्या हल हुँदै गइसकेपछि पर्यटकहरूको सङ्ख्या पनि क्रमशः बढ्दै बढ्दै अहिले सन् २०२३ सम्ममा १० लाख पर्यटकहरू भित्रिएका छन्। र यसपाली हामीले थप पर्यटकहरू भित्र्याउने र त्यसको सङ्ख्या १६ लाख पुऱ्याउने भनेर अहिलेको बजेटमै चाहिँ व्यवस्था गरिएको छ। त्यसको लागि हामीले यो मन्त्रालयको विभिन्न wings हरू, खासगरिकन पर्यटन बोर्डलाई हामीले अलि विशेष ढङ्गले त्यसमा फोकस गराउने तरिकाले लागिरएका छौं मन्त्रालयले अन्य निजी क्षेत्रका व्यवसायीहरूसँग पनि त्यही ढङ्गले कुराकानी गरिरएका छौं।हाम्रा कतिपय नीतिगत र कानुनी त्रुटिहरू जो पर्यटक नेपालमा भित्रिनको निमित्त सहयोग नपरिरहेको हामीले जहाँ जहाँ चाहिँ महसुस गरिरएको त्यसको सुधारको लागि पनि हामीले पहल गरिरएका छौं, प्रयत्न गरिरएका छौं। त्यो हिसाबले हेर्दाखेरि हामीलाई के विश्वास छ भने यो चालु आर्थिक वर्ष सन् २०२४ मा १६ लाख पर्यटकहरू भित्रिने छन् र यो नेपाल वायु सेवा निगमको समस्याको बारेमा पनि यहाँ माननीय नारायण दत्त मिश्रज्यूले बडा

चिन्ताका साथ विषय उठाउनुभएको छ। यो निगमलाई कसरी चाहिँ व्यवस्थित बनाउने? कसरी यसको सञ्चालनमा प्रभावकारिता ल्याउने र बेलाबखत त्यहाँ हुने केरे भएको भनिएको अनियमिततालाई कसरी रोक्ने? र यहाँले भन्नुभएको जस्तै केही थोरै मान्छेहरूले त्यसमा जसरी चाहिँ अब विलासी खालका, विलासी किसिमका फाइदा लिने काम मात्र भइराखेको छ भन्ने खालको कुराहरू यहाँहरूले गर्नुभएको छ। ती कुराहरूलाई समेत ख्यालमा राखेर हिजो मात्रै मेरै केरे निर्देशनमा एउटा छानबिन समिति पनि बनेको छ। यो समग्रमा नेपाल वायु सेवा निगममा बेलाबेलामा जुन खालका समस्याहरू उठ्ने गरेका छन्, प्रश्नहरू उठ्ने गरेका छन्। ती समस्या र प्रश्नहरू के कारणले उठ्ने गरेका छन्? त्यसको चाहिँ अब प्राविधिक हिसाबले पनि, त्यसको चाहिँ अब आर्थिक हिसाबले पनि अरु सबै हिसाबले अध्ययन गरेर एउटा सुझाव समेतको प्रतिवेदन पेस गर्नको लागि हामीले निर्देशन दिइनै सक्या छौं। यहाँले पनि उठाउनु भयो मलाई खुसी लाग्या छ। जहाँसम्म चाहिँ अब अन्य चाहिँ अब निजी क्षेत्रलाई पनि त्यसमा चाहिँ अब सङ्लग्नता गराउने हो कि भन्ने कुरा छ त्यस सम्बन्धमा पनि नेतृत्व हाम्रो सरकारको नेतृत्व तहसँग खासगरी सम्माननीय प्रधानमन्त्रीज्यूसँग पनि कुराकानी भइरहेको छ। हामी कुन मोडालिटीमा जाने भन्ने हिसाबले यो हामीले पनि त्यहाँको समस्यालाई गम्भीरतापूर्वक लिइरहेको कुरा यहाँहरूलाई चाहिँ जानकारी दिलाउँदै यो छलफलको क्रममा उठेका प्रश्नहरूको जवाफ दिँदै गर्दाखेरि पनि थप स्पष्टता हासिल गर्ने उद्देश्यले जसरी पुरक प्रश्न राख्नुभएको छ माननीयज्यूहरूले। यहाँ माननीयज्यूहरूप्रति म हार्दिक आभार व्यक्त गर्दै यो पूरक प्रश्नले अझ मन्त्रालय र मलाई भनौं न थप उर्जा मिलेको छ भन्ने मलाई बोध भएको छ। हस् त धन्यवाद।

(१४:३० बजे)<u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्यहरू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप यादवलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१४:३१ बजे)<u>माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप यादव</u>:-सम्माननीय अध्यक्ष महोदय, आगामी आ.व. २०८१/८२ को नेपाल सरकारद्वारा प्रस्तुत मन्त्रालयगत विनियोजन शीर्षक

अन्तर्गत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तर्फबाट पेस भएका कार्यक्रमहरूमा राष्ट्रिय सभामा मिति २०८१।३ १८ गते भएको छलफल कार्यक्रममा माननीयज्यूहरूबाट उठाइएका जिज्ञासा, सकारात्मक सुझाव, टिप्पणीको साङ्लो र मन्त्रालयको धारणा लिएर म यस गरिमामय सदनमा उपस्थित भएको छु। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मुख्य लक्ष्य भनेको नागरिकको स्वास्थ्य प्रवर्द्ध गर्नु र बिरामीको उपचार सुनिश्चित गरी रुग्णता र मृत्युदर घटाउनु हो। आधारभूत स्वास्थ्य सेवा निःशूल्क रूपमा र र विशेषज्ञ स्वास्थ्य सेवा बिमामार्फत गर्ने रणनीति मन्त्रालयको रहेको छ। मुख्य चुनौतीहरूमा पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन, न्यायोचित स्रोत र साधनको वितरण विषम भौगोलिक अवस्थासँगै आकास्मिक स्वास्थ्य सेवा प्रवाह रहेका छन्। यस सन्दर्भमा उपरोक्त चुनौतीहरूको समाधान र दिगो विकासको लक्ष्य प्राप्तिमा व्यवस्थापिका र कार्यपालिका सबै तर्फबाट सहयोगको खाँचो रहेको छ। अब म स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको विनियोजन शीर्षक अन्तर्गत माननीयज्यूहरूबाट उठाइएका विषय उपर सारसंक्षेप जवाफ गरिमामय सदन समक्ष प्रस्तुत गर्न चाहन्छु।

माननीय प्रश्नकर्ता माननीय गोपाल भट्टराईजीले प्रश्न गर्नुभएको छ। पाँच सैया, दश र पन्ध्र सैयाका अस्पतालहरूको निर्माण प्रक्रिया राम्रोसँग कार्यान्वयन नभएको अवस्था छ। मन्त्रालयको अबको योजना के छ माननीयजीको प्रश्नको जवाफमा आधारभूत स्वास्थ्य सेवा केन्द्र र आधारभूत अस्पताल संविधानको धारा ३५ बमोजिमका स्वास्थ्य संस्था हुन्। संविधानको भावना अनुरूप राष्ट्रिय स्वास्थ्य नीतिमा हरेक स्थानीय तहमा एक आधारभूत अस्पताल स्थापना गर्ने नीति रहेको छ। ७५३ स्थानीय तहमध्ये ६५५ स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्ने योजना रहेकोमा जम्मा ३९६ को लागि मात्र स्रोत सुनिश्चितता भएको तर २५९ अस्पतालको स्रोत सुनिश्चितता नभएकोले स्रोतको सुनिश्चितताकोलागि अर्थ मन्त्रालयसँग माग गरिएको छ। हालसम्म ४१५ वटा अस्पताल निर्माणाधीन अवस्थामा रहेका छन् भने करिब ५० वटा आधारभूत अस्पताल निर्माण भइसकेका छन्।आधारभूत अस्पतालहरूको निर्माण कार्य सम्पन्न गरी औजार उपकरणको व्यवस्था र जनशक्तिको व्यवस्थापन संघीय सरकारले गर्नुपर्ने र स्थानीय तहले अस्पताल सञ्चालन गर्नुपर्ने संवैधानिक दायित्व रहेको भन्ने मैले बुझेको छु। तसर्थ निर्माणाधीन आधारभूत स्वास्थ्य सेवा केन्द्रहरू र आधारभूत अस्पतालहरूको निर्माण कार्य सम्पन्न गरी औजार, उपकरणको व्यवस्था र जनशक्ति व्यवस्थापन गर्ने मन्त्रालयले प्राथमिकता साथ काम गरिरहेको छ। जनशक्ति व्यवस्थापनको लागि आधारभूत अस्पतालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्य अगाडि बढाइएको छ।स्थानीय तहका

सबै आधारभूत अस्पताल र स्वास्थ्य संस्था सञ्चालन भएमा काठमाडौं उपत्यकाभित्रका अस्पतालहरूमा हुने भिडभाड स्पष्ट रूपमा घट्नेछ। सामान्य स्वास्थ्य सेवा लिन ठुला अस्पतालहरूमा धाउनुपर्ने अवस्थाको अन्त्य हुने छ। यसैगरी माननीय विष्णुकुमारी सापकोटाज्यूको पनि प्रश्न रहेको छ। बाढी पहिरो पश्चात् स्वास्थ्य सेवा सम्बन्धीको कार्ययोजना के रहेको छ। सुरक्षित मातृत्व तथा प्रजननन स्वास्थ्य अधिकारको पहुँचबाट टाढा रहेको सिंहदरबार वैद्यखाना Non-functional रहेको र यसलाई आगामी दिनमा कसरी प्रभावकारी रूपमा चलाउने स्वास्थ्थ जनशक्ति, स्वास्थ्यकर्मीहरूको बढ्दो विदेश पलायन दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मीहरूको न्यून उपस्थिति, स्वास्थ्य सेवाको सरकारी दरबन्दी रिक्त रहेको कुरा उहाँले औंल्याउनु भएको छ। उहाँको जवाफमा स्वास्थ्य अधिकार मन्त्रालयको प्रमुख प्राथमिकता रहेको छ। यसका लागि विभिन्न सेवाहरू जस्तै बर्थिङ सेन्टर, दक्ष प्रसुतिकर्मीबाट प्रसुति सेवा लगायत सम्पूर्ण आपतकालीन प्रसुति तथा नवजात शिशु हेरचाह सेवाहरू सञ्चालनमा रहेका छन्। दुर्गम हिमाली र पहाडी क्षेत्रमा आकस्मिक प्रसुति तथा सल्यक्रिया सेवा र आवश्यक पर्ने महिलाहरूको लागि आकस्मिक हेली लिफ्ट सेवा उपलब्ध छ। सल्यक्रियामार्फत प्रसुति सेवा लिनेको सङ्ख्या २०७० देखि २०७५ मा १६ हजार ७ सात सय ५७ रहेकोमा १९३ प्रतिशतले बढेर २०७५ देखि २०८० मा ४९ हजार ५७ पुगेको छ।

त्यसैगरी सल्यक्रियामार्फत प्रसुति सभा दिने देशभरका अस्पतालहरूको सङ्ख्या ९० पुगेको छ। यसरी सुरक्षित मातृत्व तथा प्रजननन स्वास्थ्य अधिकारलाई थप प्रभावकारी बनाउन सेवाको पहुँच विस्तार गर्न मन्त्रालय निरन्तर प्रयास रहेको छ। सिंहदरबार वैद्यखानामा केही चुनौतीहरू देखिएका छन्। विकास समिति खारेज गरेर अर्को मोडलमा काम गर्न प्रस्ताव गरिएको छ। गत वर्षहरूको तुलनामा यो आर्थिक वर्षमा बजेट पठाइएको छ। तहाँबाट हुने औषधि उत्पादनलाई मुख्य प्राथमिकतामा राखिएको छ। प्रभावकारी व्यवस्थापनको लागि ११ तहको नेतृत्व हुने व्यवस्था गरिएको छ। स्वास्थ्य क्षेत्रमा मानव संसाधन व्यवस्थापन प्रमुख समस्याको रूपमा देखिएको छ। सरकारी अस्पतालहरूको सङ्गठन संरचना धेरै पुरानो भएको कारणले बढ्दो बिरामीको चाप नयाँ सेवाहरू नयाँ विश्वसनीयता र नयाँ रोगभारको आधारमा सङ्गठन संरचना संयोजन नभएकोले मागअनुसारको सेवा प्रदान गर्न सकिएको छैन। यहाँ समस्यालाई समाधान गर्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ एवं सङ्गठन संरचना र दरबन्दी पुनरालोकनसम्बन्धी संक्षिप्त कार्यविधि, २०७६ प्रयोग गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्ययोजना रहेको छ। यसो गरेमा स्वास्थ्य जनशक्तिको सही सङ्ख्या, उचित सिप, उचित स्थान, उचित समय, सकारात्मक

दृष्टिकोण उपयुक्त काम सही लागत उचित कामको परिणाम र अनुकूल वातावरणमा काम गर्ने कार्यभारको न्याय संगत वितरण उत्कृष्ट उत्पादनको काम गर्न सकिने छ। स्वास्थ्य सेवाको सरकारी दरबन्दी लोकसभा आयोगमार्फत नियमित रूपमा भर्ना प्रक्रिया अगाडि बढिरहेको छ। विभिन्न विधाका स्वास्थ्य जनशक्तिको आवश्यकताको प्रपेक्षण गरी उत्पादन, उपयोग, परिचालन, प्रोत्साहन, कार्यदक्षता वृद्धि र कार्यस्थलको वातावरण सुधारमार्फत अस्तित्व..... गर्ने गरी दीर्घकालीन स्वास्थ्य जनशक्ति व्यवस्थापन रणनीति तर्जुमा गर्ने योजना रहेको छ। स्वास्थ्य जनशक्ति विदेश पलायन हुने प्रवृत्ति बढ्दै गएको छ यसलाई रोक्न देशलाई आवश्यकता अनुसारको जनशक्ति उत्पादन गर्ने योजना आवश्यक छ।

हाम्रो जस्तो देशमा MDGP चिकित्सकको उत्पादन बढाउन आवश्यक छ। यसका लागि मन्त्रालयले शिक्षा मन्त्रालय र चिकित्सा शिक्षा आयोगसँग समन्वय गरिएको छ। मन्त्रालयले चिकित्सा शिक्षा आयोगलाई हरेक वर्ष ५० भन्दा बढी एमडीजीपी चिकित्सक उत्पादन गर्ने व्यवस्था गर्न अनुरोध गरिएको छ। नीतिगत र कानुनी रूपमा दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मीहरूको उपस्थिति सुनिश्चित गर्न व्यवस्था गरिएको छ। उदाहरणको लागि दुर्गममा काम गर्ने स्वास्थ्यकर्मीले अतिरिक्त भत्ता पाउने बढुवाको लागि अतिरिक्त अंक पाउने ,उच्च शिक्षा र तालिमका लागि प्राथमिकतामा प्राथमिकता पाउने व्यवस्था गरिएको छ। छात्रवृत्तिमा पढेका चिकित्सकलाई काठमाडौंभित्र पदस्थापना नगर्ने नीति कार्यान्वयनमा छ। ठुला व्यक्तिहरूको फोन र दबावको कारणले हैरान हुँदाहुँदै पनि मन्त्रालयले यो नीति लागू गरिरहेको छ। यसमा हामी सबैले सहयोग गर्नुपर्ने आवश्यकता रहेको छ। त्यसैगरी माननीय रेनु चन्दजीको प्रश्न रहेको छ स्वास्थ्य सेवा खर्चिलो रहेको हुदा यसलाई कम खर्चिलो कसरी बनाउने भनेको प्रश्न रहेको छ उहाँको जवाफमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा उपलब्ध गराउने व्यवस्था छ। सबै नागरिकलाई स्वास्थ्य बिमामाआबद्ध गर्न सकिएमा विशेषज्ञ स्वास्थ्य सेवा प्राप्त गर्न लाग्ने व्यक्तिगत खर्च कम गर्ने सकिने छ। यसका लागि प्रयास भइरहेको छ। त्यसका लागि हामीले खास गरेर एउटा नीति के बनाएको छौं भने अब मानौं कि अहिलेको बेलामा सबै नागरिक बिमाको भित्र्याएका छैन। नीति कसरी बनाउने, रणनीति कसरी बनाउने त्यसमा पनि हामीले विभिन्न तरिकाबाट प्लान गरिरहेको छ। विज्ञबाट पनि सल्लाह सुझाव लिरहेका छौं। मानौंकि नेपाल सरकारका जम्मै स्थायी यसलाई कर्मचारी या प्राइभेट सेक्टरमा काम गर्ने जम्मै अस्थायी कर्मचारूहरू अथवा जुन प्राइभेट सेक्टरमा, प्राइभेट सेक्टरमा प्राइभेट स्कुलहरूमा जुन बच्चाहरू पढिरहेका छन् तिनका अभिभावकहरूलाई

अनिवार्य चाहिँ बिमामा ल्याउने। स्थायी कर्मचारीलाई अनिवार्य चाहिँ बिमामा ल्याउने, प्राइभेटमा काम गर्ने व्यक्तिलाई अनिवार्य समेत बिमामा ल्याउने, राजनीतिक कर्मी सबैलाई अनिवार्य चाहिँ बिमामा ल्याउने। जती क्रियाशील member छन् राजनीतिक कर्मीका जम्मै पार्टीका सबैलाई अनिवार्य बिमा ल्याउने भनिकन नीतिको रूपमा अगाडि बढ्ने। यानेकी जुनसित पैसा छन् त्यसलाई पैसा तिर्न लगाउने। त्यो ओजनामा हामी अगाडि बढिरहेका छैनौं। प्राइभेट स्कुलमा पढाउने नागरिक पक्कै पैसावाला छ। तीनका ३५ सय रुपैया वर्षमा तिर्न के खाँचो। राजनीतिक कर्मी, नेताहरूले ३५ सय रुपैया तिर्न के खाँचो।

प्रहरीलाई पैसा तिर्न के खाँचो ३५ सय वर्षमा, सेनालाई पैसा तिर्न के खाचो वर्षमा अथवा स्थायी कर्मचारी, प्राइभेट सेक्टरमा काम गर्ने कर्मचारी तिनलाई के खाँचो छ । त्यसको लागि पनि मन्त्रालयले रणनीतिको तहबाट अगाडि बढेको छ मलाई लागेको छिटै त्यो कार्यान्वयन तर्फ जाने छ। त्यसैगरी अति गरिब र लक्षित वर्गलाई आठ ओटा रोगको डाइलासिस र मृगौला प्रत्यारोपन सेवा निःशूल्क प्रदान गर्ने व्यवस्था छ। साथै डायलेसिस गराइरहेका क्यान्सर हो कि मेरुदण्ड पक्षघात भएका र मृगौला प्रत्यारोपणको बिरामीलाई औषधि उपचार वापत मासिक रु. ५००० उपलब्ध गराउने व्यवस्था गरिएको छ जुन स्थानीय निकायबाट भइरहेको छ।

माननीयज्यूलाई यो कुराको अवगत नै छ। त्यसैगरी माननीय कमला पन्तजीको पनि प्रश्न आएको छ। प्रिभेन्टिभ मेडिसिनमा कम ध्यान दिइरहेको छ। र बिमा कार्यक्रमलाई थप प्रभावकारी कसरी बनाउने प्राकृतिक चिकित्सा आयुर्वेद होमियोप्याथीलाई बढी फोकस कसरी गर्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई न्यून प्रोत्साहन, दुर्गममा कार्यरत स्वास्थ्यकर्मीलाई न्यून सेवा सुविधा र प्रोत्साहनको बारेमा उहाँले question गर्नु भएको छ। निश्चित रूपमा एकदमै सान्दर्भिक माननीयज्यूको कोइसन रहेको छ। उहाँको जवाफमा मन्त्रालयले prevention is better than cure को अवधारणा लाई आत्मसातगरी बजेट छुट्याएको छ। जनस्वास्थ्यका कार्यक्रमहरूमा कुल बजेटको ५०% बढी लगानी गरिएको छ। जनस्वास्थ्य कार्यक्रम प्रभावकारी रूपमा लागू भएमा अधिकाङ्श कडा रोगहरू रोकथाम गर्न सकिन्छ। बिमा कार्यक्रमलाई सुधार गर्दै लैजाने क्रम जारी छ जुन पहिला पनि मैले भनिसकेको छु। गत वर्षको तुलनामा यस आर्थिक वर्षमा आयुर्वेदमा बजेट वृद्धि गरिएको छ र नीतिगत सुधारको पहल भइरहेको छ। नेपालको स्वास्थ्य प्रणालीमा महिला स्वास्थ्य स्वयंसेविकाहरूको भूमिका अहम् रहेको छन्। उहाँहरूको व्यवस्थापन स्थानीय तहको जिम्मेवारी भित्र पर्छ। महिला स्वास्थ्य स्वयम सेविकालाई पोसाक भत्ता, भता स्वास्थ्थ बिमा रु ५० हजारको

कोष जस्ता सुविधा उपलब्ध गराइएको छ। दुर्गममा कार्यरत स्वास्थ्यकर्मीहरूलाई दुर्गमभता, अध्ययन र बढुवाको लागि अतिरिक्त अङ्क र केही ठाउँहरूमा जस्तो लुम्बिनी प्रदेश लगायतका अन्य प्रदेशहरूले समेत विशेषज्ञहरूले जिल्ला अस्पतालमा काम गर्दा थप प्रोत्साहनभत्ता प्रदान गर्ने व्यवस्था गरिएको छ। त्यसैगरी माननीय नारायण दत्त मिश्रजीको पनि प्रश्न रहेको छ, कि जिका Virus भारतमा आएको हुँदा नेपालमा कसरी पूर्व तयारी गर्ने? डेङ्गु, झाडापखाला बढ्ने कार्यक्रम रहेको के कस्तो तयारी गरिएको, योगलाई स्वास्थ्य सेवाको पाठ्यक्रममा समावेश गर्नुपर्ने कुरा उहाँले गर्नुभएको छ। निश्चित रूपमा उहाँको चाहिँ प्रश्न एकदमै सान्दर्भिक रहेको छ, चिन्ताजनक प्रश्न पनि रहेको छ। त्यसको लागि मन्त्रालयले जिका भाइरस पनि डेङ्गु सार्ने, लामखुट्टेले सार्ने भएकोले डेङ्गि नियन्त्रण कार्यक्रमबाट यसलाई रोक्न सकिन्छ।यसका लागि इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। स्थानीय तहको सक्रियतामा लामखुटको लार्भा खोज र नष्ट गर्ने कार्यक्रमले देशभर अभियानको रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता छ र यो अभियानले डेङ्गि र जीका दुवैको नियन्त्रणमा सहयोग पुग्नेछ।

यसमा माननीयज्यूहरूको पनि सहयोगको अपेक्षा गरिएको छ। र यसका लागि मात्र मन्त्रालयले गरेर पुग्दैन माननीयज्यूहरूलाई यो कुराको अवगत छ, जानकारी छ। कि तीन तहको देशको सरकार छ प्रदेश, स्थानीय र संघ तीनै तहले समस्या समाधान गर्नुपर्छ। अर्को कुरा डेङ्गु नियन्त्रणको लागि कसरी गर्ने त? रणनीति कसरी बनाउने त? यसको लागि प्रचारप्रसार गर्ने, जनतामा जनचेतना फैलाउने, जनताको पनि जिम्मेवारी पनि उठ्छ, डेङ्गु नियन्त्रणको लागि आफ्नो घर कसरी सफा गर्ने। त्यहाँ पानी जमेको छ भने कसरी हटाउने? गमलामा पनि पानी राखिएको छ भने कसरी हटाउने, सानो सानो ड्रममा पनि छ भने कसरी फालेर सफा गर्ने? त्यहाँ छेउमा पोखरीद छ भने त्यसमा चाहिँ अब स्थानीय निकायले कसरी चाहिँ त्यसलाई चाहिँ सफा गर्ने ? नालाहरू सफा छैन भने त्यसलाई कसरी सफा गर्ने। यो स्थानीयको जिम्मेवारी छ। प्रदेशको पनि जिम्मेवारी त्यतिकै छ। जम्मै चाहिँ संघमा नजर राखेर हुँदैन। यसमा त तीनै तहको सरकार छ। तीनै तह मिलेर हामीले गर्नुपर्छ।त्यसैगरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले जिका भाइरसको पनि परीक्षण गर्न सक्छ। १५ वटा नेपाल भारत सिमानामा सञ्चालन रहेका हेल्थ केक्कहरूले निगरानी गर्ने कार्य गरिरएका छन्। स्वास्थ्य मन्त्रालयले शिक्षा मन्त्रालयसँग मिलेर योगलाई स्वास्थ्यको पाठ्यक्रममा समावेश गर्न पहल गरिरहेको छ। निःशुल्क औषधिलाई निःशुल्क भनेर लेबलिङ गर्ने गरी मन्त्रालयले परिपत्र जारी गरेको छ। नेपालमा अहिले कुल प्रयोजन दर २.८ छ जुन जनसङ्ख्या

स्थिर राख्ने विन्दु हो। मन्त्रालयले जनसङ्ख्या व्यवस्थापनको वर्तमान चुनौतीहरू समाधान गर्ने गरी नीति तर्जुमा गरिरहेको छ। यस विषयमा  माननीयज्यूहरूसँग छलफल हामी गर्ने नै छौं। अर्को प्रश्नकर्ता माननीय तुलसा दाहालजी हुनुहुन्छ। उहाँको पनि प्रश्न रहेको छ। यस आ. व. को स्वास्थ्य कार्यक्रमको नारा बिनाको गजेन्द्र नारायण सिंह अस्पताल, सीता दाहाल मेमोरियल कलेज अफ नेचुरल थेरापी तथा योगिक साइन्स सिकल सेल एनिमिया उपचार केन्द्र, अपाङ्गता, अटिजम आदिलाई कसरी सञ्चालन गर्ने। स्वास्थ्य उपकरण खरिदको लागि चालु आ. व. मा भएको करसम्बन्धी समीक्षा जानकारी, स्वास्थ्य उपकरण किन्न उपयोग विहिन भएको। वीर अस्पतालमा डायलेसिसको ओभरफ्लो भएको डायलिसिस सेवा किन विस्तारित नगरेको, आमाको र बच्चाको गर्भ व्यवस्थाको परीक्षण सुधार गर्नुपर्ने, आमाको पोषणमा समाधान गर्ने गरी नीति तर्जुमाको कुरा गर्नु भएको छ। निश्चित रूपमा मन्त्रालयले नाराभन्दा काममा विश्वास गरेको छ यसपाली। नारा कम गरौ,काम बढी गरौं। नारा गरेर काम चल्दैन त्यसैकारण मन्त्रालयले यसपाली नाराको हटाएको छ। कामको चाहिँ योजना अगाडि बढाएको छ। काम कसरी गर्ने जनता निराश छन् हामी बुझेका छैनौं। जति बोले पनि जति भाषण गरे पनि जनताको निराशा बिना कामको फर्काउन सक्दैन माननीयज्यूहरू। यो कुरा तपाईं हामी सबैलाई अवगत छ।

हामी राजनीतिकर्मी हामी जनताको घरदैलोमा जान्छौं। जनता निराश छन्। निराशा कसरी समाप्त गर्ने? भाषणले त हुँदैन। पहिला भाषणले हुन्थ्यो पनि सामाजिक सञ्जाल थिएन। घरघरमा मिडिया थिएन। अहिले त घर घरमा पत्रकार छन्। फेसबुक चलाउने एक किसिमको पत्रकारनै हुन। सूचना दिने सूचना लिने। त्यसकारण सबै नागरिक अहिले सक्षम छन्, सबै नागरिक अवगत छन्। कि अब आँखामा छारो हालेर काम छैन, काम देखाउनुपर्छ। त्यसकारण मन्त्रालयले नारामा होइन कामले विश्वास गरेको छ। काम अगाडि हामी बढाएका छौं। गजेन्द्र नारायण सिंह अस्पतालको बजेट कार्यक्रमहरूलाई निरन्तरता दिएको छ। सिकल सेल एनिमियाको उपचारको मन्त्रालयको प्राथमिकतामा छ। अहिले लुम्बिनी प्रदेशले यसलाई प्राथमिकताको काम गरिरहेको छ। भेरी अस्पताल सिकल सेल र एनिमियाको केन्द्रीय अस्पतालको रूपमा विकास गरिएको छ। अपाङ्गता र अटिजमसम्बन्धी कार्यक्रमहरू पनि प्राथमिकतामा छन्। चालु आर्थिक वर्षमा स्वास्थ्य उपकरण खरिदको लागि भएको कर समीक्षा गरिने छ। यसमा विभिन्न उपकरणहरूको आवश्यकता अनुसार बजेट विनियोजन गरिएको छ। कतिपय अस्पतालमा विशेषज्ञहरूको अभावको कारण स्वास्थ्य उपकरण उपयोग विहिन भएका छन्। यस समस्याले समाधान गर्न विशेषज्ञहरूको नियुक्ति र तालिम

कार्यक्रमलाई प्राथमिकतामा दिएको छ। वीर अस्पतालमा डायलोसिसको ओभरफ्लो भएको सम्बन्धमा प्रत्येक जिल्लामा डायलेसिस सेवाको विस्तार गरेर यो समस्या कम गर्न सकिन्छ। साथै डायलासिस सेवा आवश्यक पर्ने अवस्थालाई कम गर्न पनि काम गर्नुपर्नेछ। आमाको पोषण कार्यक्रम अन्तर्गत विभिन्न पहलहरू गरिएको छ। गर्व व्यवस्था पोषण आहारको लागि आगामी आबमा बजेट व्यवस्था गरिएको छ। सबै अस्पताल विकास समितिहरू विघटन गरेर अस्पताल प्रशासनलाई चुस्त दुरुस्त बनाउने योजना छ। यसमा सुशासन र राजनीतिक प्रभावलाई कम गर्ने उपायहरू अवलम्बन गरिने छ। त्यसैगरी माननीय लक्ष्मी गैरेज्यूको पनि प्रश्न आएको छ। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई रिटायरमेन्ट प्लान के रहेको र decrease catastrophy/decrease catastrophic expenditure यान कि विनाशकारी स्वास्थ्य खर्च कसरी घटाउने भनिएको कुरा गर्नु भएको छ। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई रिटायरमेन्ट प्लान प्लान अन्तर्गत रु ५० हजारको एकमुष्ट उपदान प्रदान गरिन्छ साथै प्रदेश र स्थानीय तहले थप सुविधाहरू पनि प्रदान गरेका छन्। अहिले पनि नेपालमा स्वास्थ्यमा हुने व्यक्तिगत खर्च ५०% भन्दा बढी छ। हरेक वर्ष करिब ३० लाख नागरिकले स्वास्थ्य उपचार गर्दा कठिन आर्थिक चुनौती भोग्नुपर्ने अवस्था छ। भने झन्डै ५ लाख नागरिक स्वास्थ्य उपचारमा भएको खर्चको कारण गरिबीको रेखामुनि धकेल्ने अवस्था छ। आधारभूत स्वास्थ्य सेवा जुन मूलतः स्वास्थ्य सेवा हो यसलाई कुन रूपमा निशुल्क पर्दान गर्ने र विशेषज्ञ सेवालाई स्वास्थ्य बिमामार्फत प्रदान गर्ने गरी संविधानले सु-स्पष्ट बाटो देखिएको छ। बिना आर्थिक कठिनाइ गुणस्तरीय स्वास्थ्य सेवामा सर्व सुलभ पहुँच वृद्धि गर्ने लक्ष्यसहित राष्ट्रिय स्वास्थ्य वित्त रणनीति लागू भइसकेको छ। यसको कार्यान्वयनको नागरिक यसको कार्यान्वयनले नागरिकको आवश्यकता अनुसार बिना कुनै आर्थिक कठिनाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चितता गर्ने अपेक्षा गर्न सकिन्छ। त्यसैगरी माननीय पुजा चौधरीज्यूको पनि प्रश्नआएको छ। only ४.६४ बजेट in health minimum 10% हुनुपर्ने कुरा गर्नु भएको छ। राम्रो question गर्नुभएको छ, माननीयज्यूले। अब यसका लागि राष्ट्रिय स्वास्थ्यवित्त रणनीति लागू भइसकेको र यो रणनीतिमा स्वास्थ्यको बजेट १०% हुनुपर्ने व्यवस्था भएकोले हामी सबै मिलेर यो लक्ष्य हासिल हुनेगरी काम गर्नुपर्छ। अब स्वास्थ्य मन्त्रालयको जिम्मा हो एकदिने पक्कै होइन। स्वास्थ्य मन्त्रालयगत माग्ने काम हो दिने बजेट अर्थ मन्त्रालयले हो। अर्थ मन्त्रालयले दिएन। त्यसका लागि माननीयज्यूको जुन question छ, निश्चित रूपमा अर्थमन्त्रीज्यूको कानमा पुग्छ र अर्थमन्त्रीजीले यसका लागि कही न कही अब यसपाली त गयो। LMBIS मा आइसक्यो। आगामी दिनमा चाहिँ यो योजनामा रहन्छ भने विश्वास लिइएको छु। त्यस्तैगरी माननीय कृष्णप्रसाद अधिकारीजीको पनि प्रश्न आएको छ। जनसङ्ख्या तथा

उपलब्ध स्वास्थ्य संस्था तथा सैयाको अनुपात कम भएको, सरकार नसक्नेको लागि हुनुपर्ने, कर्णालीमा कम बजेट, निःशुल्क औषधिहरू समयमा उपलब्ध नभएको भने उहाँले प्रश्न गर्नुभएको छ। उहाँको जवाफमा जनसङ्ख्याको अनुपातमा स्वास्थ्य संस्था र सैयाको अनुपात कम भएको अवस्थालाई समाधान गर्ने संघ, प्रदेश र स्थानीय तहका सबै अस्पताल स्वास्थ्य संस्थाहरूको पुरानो सङ्गठन संरचनाको पूर्वावलोकन गरी सङ्गठनका तथा व्यवस्थापन सर्वेक्षण गर्ने योजना अगाडि बढाइएको छ। मन्त्रालयले स्वास्थ्य सेवामा पहुँच कठिनाइ भोगेका नागरिकहरूको लागि निःशुल्क सेवा र औषधि उपलब्ध गराउने व्यवस्था गरेको छ। कर्णाली प्रदेशमा आवश्यक बजेट विनियोजन गरिएको छ। साथै विकास साझेदार संस्थाहरूसँग समन्वय गरी थप स्रोत साधन जुटाइएको छ। निःशुल्क औषधिहरू समयमा उपलब्ध गराउनको लागि संघ प्रदेश र स्थानीय तहले बजेट विनियोजन गरेका छन्। धेरैजसो औषधि स्थानीय तहले खरिद गरी वितरण गर्ने व्यवस्था गरेका छन्। संघबाट ससर्त बजेट छुट्याइएको छन्। जुन स्थानीय निकायमा प्रत्येक वर्ष गइरहेको छ। यसपाली गइसकेको छ। अब यसै सम्बन्धमा अब हामीले यो सब रिपोर्ट तयार गरेका छैन्। अझ चाहिँ कुनै माननीयज्यूहरूको प्रश्न छुटेको छ भने अब फेरि पुनः चाहिँ स्पष्टीकरण माग्ने समय छदै नै छ। स्पष्टीकरण आउने बेलामा मैले जवाफ दिनेछु र १८ गतेको दिन म यो सदनमा उपस्थित थिएन। त्यसको लागि म क्षमा माग्छु। त्यो दिन भएको भए सबै मैले टिपोट म सित हुन्थ्यो। कुनै यस्तो छुटपुट भएको छ भने म क्षमा माग्दै आजको जवाफ यहीँ टुङ्गायाछु। धन्यवाद।

(१४:५३ बजे)**सम्माननीय अध्यक्षः**-माननीय सदस्यहरू, माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप यादवले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु।स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

**सम्माननीय अध्यक्षः**-माननीय सदस्य सदस्य विष्णु देवी पुडासैनी।

(१४:५३ बजे)**माननीय श्री विष्णुदेवी पुडासैनी (नेपाली काङ्ग्रेस)**:-सम्माननीय अध्यक्षज्यू, मन्त्रीज्यूले स्वास्थ्य बिमासम्बन्धी प्रभावकारी भनेर भन्नुभयो तर स्वास्थ्य बिमा कार्यकर्ताहरू चाहिँ नि आफूले गरेको कामको पनि पैसा नपाएर, अलपत्र परेर आन्दोलनमा आइरहेका छन्। अझ स्वास्थ्य

बिमालाई चाहिँ नि एकदम राम्रो कार्यक्रम हो त्यसलाई अगाडि बढाउनुपर्छ भन्ने त्यसको लागि के भइरहेको छ र स्वास्थ्य बिमा कार्यकर्तालाई चाहिँ नि उनीहरूको चाहिँ माग पूरा भयो कि भएन भनेर मेरो प्रश्न छ।

<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१४:५४ बजे)<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत म माननीय मन्त्रीज्यूलाई केही प्रश्न राख्न चाहन्छु। माननीय मन्त्रीज्यूले मैले उठाएको धेरै कुराहरू सम्बोधन गरिसक्नुभएको छ। म धन्यवाद पनि भन्न चाहन्छु। र मेरो एउटा प्रश्न के छ भने यो आत्महत्या र मानसिक स्वास्थ्य समस्या निवारणसम्बन्धी सेवा विस्तार गर्ने भन्ने कुरा उहाँले गर्नुभएको छ त्यहाँ। यो कहाँ हुन्छ, वुस्तार गर्ने हो यो योजना के छ? यो जानकारीको लागि मैले अनुरोध गरे ।

<u>सम्माननीय अध्यक्षः</u>-माननीय सदस्य पुजा चौधरी।

(१४:५५ बजे) <u>माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)</u>:-सम्माननीय अध्यक्षज्यू, म, मन्त्रीज्यूलाई के प्रश्न सोध्न चाहन्छु भने मधेस प्रदेशमा दिनहु जस्तो नै विषालु सर्पको टोकाइले हजारौं मान्छे त्यहाँ बित्ने गर्छन् हैन। यसको अस्पतालको कुरा त हरेक नगरपालिकामा गरियो तर सर्पदंश केन्द्रको लागि स्वास्थ्य मन्त्रालयको के छ भावी योजना र अस्ति मैले एउटा समाचार पढेको थिए कि एकजना बिरामीले एउटा नर्मल सल्यक्रिया गर्नको लागि एक एक वर्ष कुर्नुपर्ने भन्ने त्यो एकएक वर्ष कुर्दा खेरी गरिव जनता जोसँग पैसा छ जो धनी छ उता प्राइभेट अस्पतालमा गएर पनि उसले सल्यक्रिया गराउन सक्छन्। तर जो गरिब निमुखा जनताहरू छन् उसले एक एक वर्ष कुर्दा त्यो बिरामीको हालत के होला र त्यसै कारणले गर्दा स्वास्थ्य मन्त्रालयमा यसको भावी योजनाहरू अरु के के होला जानकारी पाँउ भन्न चाहन्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्षः</u>-माननीय सदस्य पदमबहादुर परियार।

(१४:५५ बजे)<u>माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म स्वास्थ्य जनसङ्ख्या मन्त्रीज्यूलाई प्रश्न सोध्न चाहन्छु। कुष्ट रोग नियन्त्रण तथा अपाङ्गता व्यवस्थापन शाखा अन्तर्गत अपाङ्गता व्यवस्थापन, रोकथाम तथा व्यवस्थापनसम्बन्धी १० वर्षीय योजना बनाएको छ नेपाल सरकारले। मैले मन्त्रालयको बजेटलाई हेर्दाखेरि त्यो १० वर्षीय कार्ययोजनालाई सहयोग पुग्ने गरेर अथवा १० वर्षीय कार्ययोजनाले राखेका टार्गेटहरूलाई achieve गर्ने गरेर कार्यक्रमहरू खासै आएको देखिँदैन तसर्थ यो सम्बन्धमा अलि प्रष्ट पारिदिनु हुनका लागि achieve, अध्यक्ष महोदयमार्फत मन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्य विष्णुकुमारी सापकोटा।

(१४:५६ बजे)<u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस)</u>:-सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूमार्फत म माननीय मन्त्रीज्यूलाई केही जिज्ञासाहरू राख्न चाहन्छु। यो लामो समयदेखि निःशुल्क रूपमा सेवा गर्दै आइरहेका स्वयंसेविकाहरूको के व्यवस्था छ। र नागरिकका हस्पिटलहरू सरकारी अस्पतालहरूमा यो डाक्टर, नर्स र कर्मचारीहरूको राख्दाखेरि त्यसको दरबन्दी खुलाइयोस् अहिले सोर्स-फोर्सका भरमा मात्र राख्ने गरिएको छ। यसले गर्दाखेरि राम्रो डाक्टर, राम्रो नर्सहरू राख्न सकिएको छैन। र ३९६ अस्पताल शिलान्यास भइसकेका छन्। ती शिलान्यास भइसकेका अस्पतालहरू कति निर्माणधिन भए र त्यहाँ डाक्टर नर्स र औषधिको स्रोत, साधन डाक्टर नर्स र औषधिको सेवा प्राप्त छ कि छैन यसको पनि जानकारी पाँउ। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्य सुमित्रा बिसी।

(१४:५७ बजे)<u>माननीय श्री सुमित्रा बि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-सम्माननीय अध्यक्षज्यू,अध्यक्षज्यू मार्फत म स्वास्थ्य मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु। हुन त अघि मैले सहरी विकास मन्त्रीलाई सोधेको प्रश्न सबैले सोध्न पाइने होला त्यो विषयमा नबोले पनि भनेको उहाँले जवाफ दिनुभएन। यहाँ चाहिँ स्वास्थ्य मन्त्रालयज्यूले त्यस्तो गर्नुहुने छैन। टिचिङ हस्पिटल जस्तो हस्पिटलमा क्यान्सर जस्तो जटिल रोगको उपचार गर्न केरे चेक जाँच गर्नका लागि उपकरणहरू ल्याइएको छ तर ती उपकरणहरू बिग्रेर थन्केका छन्। ती बन्ने कहिले बन्ने हुन् र त्यसबाट कसरी

जनताले लाभ लिन सक्छन् त्यहाँ नेपाल सरकारको बजेट त्यसमा डुबिरहेको छ। र त्यस्तै गरेर मन्त्रीज्यूले अघि बिमा गर्ने बिमाको कुरा धेरै गर्नुभयो। बिमा गरेर जुन जुन हस्पिटलसँग सम्झौता गरिराहुन्छ। सरकारी हस्पिटलमा त भिडभाड बढीनै छ, प्राइभेट हस्पिटलहरूमा पनि नागरिकहरूले धेरै झन्झट बेहोर्नु परेको छ यसको बारेमा नेपाल सरकारले के सोचेको छ?

(१४:५८ बजे) सम्माननीय अध्यक्षः-माननीय सदस्यहरू, अब म, माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप यादवलाई समय उपलब्ध गराउँछु।

(१४:५९ बजे)माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप यादवः-सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूहरूको प्रश्न धेरै आएको छ। र मलाई लाग्छ माननीयज्यूहरूले जुन जुन प्रश्न गर्नुभएको छ। अधिकाङ्श प्रश्नको जवाफ मैले दिइसकेको छु। र केही प्रश्नहरू को चाहिँ मैले लाग्छ कि स्पष्ट गरिदिनुपर्छ। त्यसका लागि म आफ्नो जवाफहरू दिन चाहन्छु। स्वास्थ्यसम्बन्धी बिमाको पनि माननीयज्यूहरूले कुरा गर्नुभएको छ। र स्वास्थ्य बिमामा आन्दोलनरत कर्मचारीको कुरा गर्नुभएको छ। म पहिला नै भने कि बिमाका विषयमा हामीले एकदमै अन्तरक्रिया गरेर बीचमा छलफल गरेर हामी अगाडि बढेका छौं। तिनका कर्मचारी एउटा कुरा के बुझ्नुपर्छ भने अब माननीयज्यूहरूलाई माननीयज्यूहरू अवगत नै हुनुहुन्छ, कि बिमा मन्त्रालयको अन्तर्गतमा छैन। बिमा एउटा स्वास्थ संस्था हो। ऐनले नै अलग गरिदिएको छन्। त्यसकारण बिमाका कर्मचारीहरूको विषयमा त्यहाँका अध्यक्षजीले नै यो कुराको समस्या समाधान गर्नुपर्छ। हामीले कुनै कुराको पहल गर्नुपर्छ भने हामीले त्यसमा समन्वयकारी भूमिका गर्नुपर्छ भने हामी मन्त्रालयले त कुरा गर्छ तर यो कुरा सबै कुरा बोर्डले नै गर्नुपर्ने भएको हुनाले बोर्डको म ध्यानकर्षण गराउँछु। म माननीयज्यूहरूलाई यो कुरा अवगत गराए।

अनि अर्को कुरा माननीयजी अब माससिक स्वास्थ्थयको कुरा गर्नु भएको छ, मानसिक स्वास्थ्यको चाहिँ कार्यक्रमको बारेमा चाहिँ कुरा गर्नुभएको छ। निश्चित रूपमा त्यसका लागि देशभरि सञ्चालित छ। त्यो देशभरि सञ्चालित छ र स्वास्थ्य मन्त्रालयले हामी दुई दिन अगाडि नै यसको बारेमा ब्रिफिङ्ग लिएका थिएँ सम्बन्धित महाशाखामा गएर म आफूनै गएर चाहिँ ब्रिफिङ्ग लिइएको थिएँ। त्यसकारण देशभरि यो सञ्चालन छ। अगाडि बढिरहेको छ यसलाई serious पनि लिएका

छौं। किन serious लिइएको छौं कि मानसिक रोगी बढ्ने, युवा युवतिले चाहिँ आत्मदाह गर्ने। अस्ति पनि एउटा मिडियामा हेरे एउटा दिदि कि वहिनी त्यो स्पष्ट त देखिरहेको थिएन तर खोलामा हामफालेको पनि हामी हेरे। निश्चित रूपमा कहिँ न कहिँ मानसिक रोगीको शिकार हो। त्यसको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय गम्भीर छ। भर्खरै चाहिँ मैले यो विषयमा अमेरिका पुगेर पनि मैले यो  चाहिँ यो चाहिँ WHO को कार्यक्रममा world bank को कार्यक्रममा मैले जानकारी गराएँ। यो कुराको नेपालको बारेमा, बजेटिङको बारेमा, हामीले पाउने अनुदानको बारेमा पनि कुरा गरे। यसको विषयमा स्वास्थ्य मन्त्रालय गम्भीर छ। त्यो देशभरि नै कार्यक्रम चलाइरहेछौं यो कुराको मैले जानकारी गराए। माननीय पुजाजी पनि पनि विषालु सर्पको टोकाइको प्राथमिकतामा राखुभएको छ। यसको लागि सबै अस्पतालमा चाहिँ त्यसका चाहिँ उपचार भइरहेको छ। त्यसका औषधिहरू चाहिँ उपलब्ध छ सबै अस्पतालमा। त्यहाँ कहीँ कमी छैन। त्यसको चाहिँ अस्पतालमा चाहिँ जो नागरिक जान्छ। त्यसको उपचार हुन्छ सरकारी अस्पतालमा एकदमै उपलब्ध छ यो कुरा मैले जानकारी गराए।

तर हामीले एउटा कुराको जानकारी गराउनु पर्‍यो भने खासगरी एउटा ग्रामीण भेगमा कि त्यो झारफुकमा नजानको लागि। किनकि अहिले पनि यो जमानामा पनि सर्प टोक्छ भने अस्पतालमा नगईकन त्यो झाँक्री कहाँ गइहाल्छ। त्यो झारेर विष निकालि दिन्छ। त्यसकारण हामीले यो कुराको चाहिँ स्थानीय निकायबाट प्रचारप्रसार गर्नुपर्‍यो। वडा वडामा चाहिँ प्रचारको चाहिँ जिम्मा लगाउनु पर्‍यो। हामी चाहिँ गाउँ जाँदा क्षेत्रमा जाँदा हामी त गइरहन्छौ जनताको प्रतिनिधि हौं। त्यहाँ गएर कमसेकम गएर जानकारी गराउनु पर्‍यो कि नागरिकलाई सर्प टोक्यो भने अस्पताल जाउँ। त्यो झाँक्रिवालामा नजाउँ। यो कुराको चाहिँ प्रचार गर्नुपर्छ। त्यसको लागि नागरिकहरू मरिरहेको छ। पहिला झाक्रीद कहाँ जाने, मरेपछि मात्र अस्पताल जाने। त्यो कुराको पनि मैले अवगत गराए। अर्का चाहिँ कुष्ट रोगको पनि कुरा गर्नुभएको छ माननीयज्यूले।त्यसको चाहिँ मन्त्रालयले चाहिँ १० वर्षको कार्ययोजना  गरेको छ। त्यसको तयारी के छ भनिकन कुरा गरिएको छ निश्चित रूपमा कुष्ट रोगको लागि मन्त्रालयले एकदमै कार्यक्रमहरू अगाडि बढाएको छ र यसपाली बजेट छ, बजेट कुनै कमी छैन। मलाई लाग्छ कि जुन किताब हामीले स्वास्थ्य मन्त्रालयले छापेका थिए। त्यो के थियो भने हामीले जिस्ट जस्तो छापेको थियो। जिस्ट जस्तो। सबै थिएन त्यसमा तर अब गएर चाहिँ सबै हेर्नु हुन्छ भने मन्त्रालयले अब जुन किताव निकाली रहेको छ।त्यो अगाडि बढाएको छ। त्यो बेला एकदमै हामी फास्ट ट्र्याकमा छाप्नु थियो। त्यसैले

जिस्टमा महाशाखा महाशाखाको चाहिँ हामीले चाहिँ अवसर विभागमा यो यो योजना हामी हालदिएको थिएँ तर भित्रभित्रको योजनाहरू धेरै चाहिँ छाप्नलाई कठिनाइ थियो कि समय थिएन।

त्यसकारण यसपाली चाहिँ हामीले सबै छापिसकेका छौं र कुष्ट रोगमा पर्याप्त पैसा छ। त्यसको लागि चाहिँ मन्त्रालयले १० वर्षको जुन योजना छ। त्यो कुराको मैले जानाकारी गराए। माननीय विष्णु सापकोटाजीको पनि कुरा आएको थियो स्वंमसेविकाको व्यवस्थापन अस्पतालमा कर्मचारी चाहिँ बेथिति तरिकाले राखिएको छ। अस्पताल बन्यो तर त्यसमा डाक्टर छैन। निश्चित रूपमा उहाँले गम्भीर प्रश्न गर्नुभएको छ। अब त्यसैको लागि मन्त्रालयले जनशक्तिको माग गरेको छ। अर्थ मन्त्रालयले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अर्थमन्त्रालयसित O & M गर्नको लागि निर्णय गरेर पठाइसकेको छ। र करिब करिब ९२ हजार कर्मचारीको हामीले माग गरेका छौं। कति सक्छन् अर्थ मन्त्रालयले त्यो स्वास्थ्य मन्त्रालयलाई अर्थ मन्त्रालयले जानकारी गराउँछ। त्यसको लागि कर्मचारी अब त्यसपछि कर्मचारी भर्ना प्रक्रियामा जान्छ त्यसको लागि हाम्रो तयारी भइरहेको छ। अहिले चाहिँ तत्कालै अब जनशक्तिको अभाव छ। दिन प्रतिदिन बिरामी बढिरहेको छ। डाक्टर चाहिँयो त्यसैले जुन अस्पताल छ त्यही अस्पतालले करारमा भ्याकेन्सीको निकालिरहेको छ। र vaccancy निकालेर नै doctor, staff nurse, H.A. लगायत जुन स्वास्थ्यकर्मीको हामीले आवश्यकता छ। चिकित्सकको आवश्यकता छ, त्यो चाहिँ त्यही अस्पतालले अब भर्ना गरिरहेको छ। त्यसमा कुनै प्रकारको बदमासी भएछ भने स्वास्थ्य मन्त्रालयले गम्भीर रूपले हेर्छ। त्यो माननीयज्यूहरूको चाहिँ फोन आओस् हामीलाई कुन अस्पतालले त्यसमा चाहिँ गोलमाल गरेको छ। गलत तरिकाले भर्ना गरेको छ त्यसमा चाहिँ हामीले हेर्छौं। अर्को कुरा के बुझ्नुपर्‍यो भने हामीले सबैलाई, तपाईं सबैलाई जानकारी छ कि जुन प्रकारले medical officer, या स्टाफ नर्स को चाहिँ नेपाल सरकारले लाइसेन्सको चाहिँ exam लिन्छ, रिजल्ट निकाल्छ र जुन लाइसेन्स हामी दिइरहेको छौं त्यो एकदमै टाइट छ। त्यसमा कुनै जालझेल छैन। एकदम clear छ र एउटा लाइसेन्स निकालेर जुन डाक्टर साहबहरू, जुन स्टाफ नर्सहरू, जुन एच.ए. लगायतका स्वास्थ्यकर्मीहरू जुन लाइसेन्स प्राप्त गरिरहेको छ, त्यसलाई कमजोर ठान्न हुनुहुँदैन। यो कुराको माननीयज्यूहरूलाई अवगत गराए। किनकि पाँच-पाँच पटक, छ छ पटक पटक पनि मेडिकल अफिसरमा लाइसेन्स निकाल्नको लागि फेल भएका छन्। छ छ पटक पछि पासभएका धेरै चाहिँ डाक्टर साहबहरू।

धैरैले First चोटीमा नै पास भएको छ। अनि कि हाम्रो परिक्षाको शैली छ, एकदम टाइट छ, फेयर छ। त्यसमा कुनै गडबडी छैन। त्यसैले गर्दा जुन डाक्टरहरू अहिले चाहिँ लाइसेन्स प्राप्त

गर्नुभयो त्यो निश्चित रूपमा यो बुझ्नुपर्छ कि त्यो डाक्टर राम्रो छ, दक्ष छ। किनकि हामी त्यसमा हामी राम्रै ध्यान हाम्रा सिस्टमले दिएको छ त्यो कुराको मैले जानकारी गराए। स्वयंसेविकाको कुरा गर्नुहोस् स्वयंसेविकाको अवस्थाको बारेमा, व्यवस्थाको बारेमा निश्चित रूपमा म पहिला पनि यो कुराको जानकारी गराइसकेको छु। थप कुरा म के भन्न चाहन्छु केही कुरामा जुन स्वयंसेविकाहरू हाम्रो खटिरहेको छ। लगभग ५० हजार देशभरि जुन खटिरहेका छन्। केही कुरामा मन्त्रालयले सोच्नुपर्छ।जुन भत्ताको कुरामा, monthly को कुरामा हामीले सोच्नुपर्छ। कडा मेहनत छ स्वयंसेविकाको। त्यसकारणले मन्त्रालयले त्यसमा कसरी थप्ने, कुन तरिकाले जाने, हाम्रो बजेटको अवस्था पनि कस्तो छ। हामी तपाईं बुझेको नै छौं बजेटको अवस्थाको बारेमा पनि हामीलाई जानकारी नै छ। त्यो विषयमा पनि हामीले बुझ्नैपर्छ आखिर पैसाको पनि अवस्था हेरेर हामी नै गर्नुपर्छ। पैसा भएको भए त म पहिला नै भने पैसा भएको भए जुन हाम्रो अहिले नियम छ, नीति छ कि डाक्टर साहवहरू चाहिँ धेरै चाहिँ प्राइभेट क्लिनिकमा ध्यान दिने, अस्पतालमा कम ध्यान दिने। हामी नीति नै बनाइदिन्थे नि डाक्टर साहबहरू किन जाने प्राइभेटमा। सरकारी अस्पतालमा नै काम गरून तर त्यो पैसाले त पुग्दैन । तपाईं हामीलाई त जानकारी नै छ कि त्यो पैसाले त पुग्दैन डाक्टर साहबहरूलाई। पैसा भएको भए मेरो त यो इच्छा थियो कि म स्वास्थ्य मन्त्रालयको जिम्मेवारी सम्मालेको छु। अर्थले पैसा दिएको भए। जुन १०%को कुरा गरेका छौं हामीले। पैसा दिएको भए डाक्टर साहबहरूलाई जुन तलव त्यो डवल गरदिने, गडीको सुविधा गरदिने, तीनका बच्चहरूलाई निःशुल्क स्कुलमा पढाइदिने चाहियो के त्यसपछि। शिक्षाको ग्यारेन्टी भइसक्यो, स्वास्थ्यको ग्यारेन्टी भइसक्यो, पैसा खानलाई पुगिसक्यो। त्यसपछि प्राइभेटमा नजाने नीति बनाइदिने। तर अहिले पुग्दैन त्यसकारण जुन हामी ८ घण्टा डिउटि दिइरहेको छु त्यसमा हामी लागौं र त्यसमा हामी सुधार गरौं, सुधारको निमित्त हामीले काम गरिरएका छौं। त्यसमा चाहिँ मन्त्रालयले एकदम planned ways ले अगाडि बढिरहेको छ। र सुधारको निमित्त मन्त्रालय अगाडि बढिरहेको छ र माननीयज्यूको जुनखालको सुझाव आएको छ। त्यो एकदमै सुझाव जायज रहेको छ। स्वास्थ्यका जनसङ्ख्या मन्त्रालयले एकदमै जुन अहिले अस्पतालहरू छन् त्यसलाई सुधार कसरी गर्ने, त्यसलाई राम्रो कसरी बनाउने? म पहिला पनि भनेका छु ठुला राजनीतिक कुरा गरेर अहिले हुँदैन। देश को राजनीतिक स्थितर छैन, अस्थिर छ। कुन बेला के हुन्छ, कुन बेला के हुन्छ। त्यसकारण हामी तपाईं बुझेका छौं, हामी राजनीतिकर्मी। तर सुधार कसरी गर्ने त्यसमा म बढिसकेको छु। त्यसको लागि मन्त्रालयले उच्चस्तरीय छानबिन टोली बनाएर सबै अस्पतालको सुधारको लागि, बिमामा सुधारको लागि, फार्मेसीमा सुधारको लागि, शल्यक्रियामा जुन टाइम

लागिरहेको छ त्यसमा कम टाइम लागोस्। OPD मा चाहिँ डाक्टरसाहेवहरूको ध्यान जाओस्, डाक्टर साहवहरू टाइम देखुहुन्छ। पाँस सात जान पेसेन्ट चेक गरेर टाइम देखुहुन्छ कति टाइम भयो मेरो प्राइभेट क्लिनिकमा पनि मान्छेको भीड भएको होला। उता ध्यान चाहिँ जान्छ त्यसको लागि ८ घण्टा डिउटि कसरी दिने। त्यसको लागि स्वास्थ्य मन्त्रालय गम्भीर रूपले अगाडि बढेको छ। स्वास्थ्य मन्त्रालयका टिम हुन्छ, जसले टिम बनाएर अगाडि बढेको छ। औषधिमा पनि कुरा तपाईं सुन्नु भएको छ। औषधिको जुन छ हाम्रो जुन क्वलिटि वाला छैन। भन्ने कुरा आउँछ अनि क्वालिटिमा पनि challenging कुरा छ। Quality को लागि अहिले भर्खरै चाहिँ डाक्टर विकास देवकोटा सचिवज्यूको नेतृत्वमा एउटा टिम भएको थियो। त्यो टिम अगाडि बढेको छ। चाहिँ अब औषधि फ्याक्ट्रीबाट नै चाहिँ अब औषधि सङ्कलन गर्ने र हाम्रो ल्याबमा पठाउने र त्यसको रिपोर्टको आधारमा चाहिँ अब गलत छ भने कारवाही अगाडि बढाउने। हरेक पाटोमा स्वास्थ्य मन्त्रालय गम्भीर छ। स्वास्थ्यमा सुधार कसरी गर्ने? जनतालाई राहत कसरी दिने? किनकि स्वास्थ्य जनताको प्रत्यक्ष रूपमा जुध्ने मन्त्रालय भएको हुनाले। प्रत्यक्ष सङ्लग्नता भएको हुनाले मन्त्रालय एकदम गम्भीर रूपले अगाडि बढेको छ। सुधारको लागि हामी अगाडि बढेको छौं। माननीयज्यूको जुन प्रकारको सुझाव, चासो अगाडि आएको छ। त्यसको लागि म आभार व्यक्त गर्न चाहन्छु र समय उपलब्ध गराइदिनु भएकोलमा सम्माननीयज्यूलाई पनि धन्यवाद दिँदै विदा हुन्छु। नमस्कार ।

(१५:१० बजे)<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्यहरू, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू, अब म, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१५:११ बजे)<u>माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा</u>:-सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक २०८१/८२ का सन्दर्भमा उठेका प्रश्नका विषयमा जवाफभन्दा पनि सामान्यतया हिजो हामी संसदमा छलफल गर्‍यौं र गर्दाखेरिमा सञ्चार मन्त्रालयसँग सम्बन्धित खासै विषयहरू उठका छैनन्। केही सकारात्मक सुझावहरू हामीलाई प्राप्त भएका छन्। त्यसलाई म सकारात्मक ढङ्गले नै ग्रहण गरेर लागू गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। र सञ्चार मन्त्रालयको

तर्फबाट हामीले यो विनियोजन विनियोजन विधेयकमा गरेका व्यवस्था, आगामी बजेटमा हामीले सोचेका योजनाहरूका विषयमा संक्षिप्तमा म केही कुराहरू राख्ने अनुमति चाहन्छु।

(१५:१२ बजे)पुनः पीठासीनः-सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहाल।

मानननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माः-सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय सूचना प्रविधिको क्षेत्रमा विकसित नवीनतम प्रविधिहरूको अधिकतम उपयोग गर्ने, यस क्षेत्रमा निजी क्षेत्रलाई आकर्षित गर्दै निर्यात योग्य सूचना प्रविधि उद्योगको विकास गर्ने, सूचना प्रविधिको क्षेत्रमा युवा जनशक्तिलाई आकर्षित गरी रोजगारी र स्वरोजगारीका अवसर सिर्जना गर्ने तथा सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम उपयोग गरी विकासको आधार स्तम्भको रूपमा सूचना प्रविधिको उपयोग गर्ने लक्ष्यका साथ आगामी दशकलाई सूचना प्रविधि दशको रूपमा अगाडि बढाइएको छ। सूचना प्रविधिमार्फत आर्थिक, सामाजिक रूपान्तरण एवं आर्थिक समृद्धि हासिल गर्ने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको दीर्घकालीन सोच रहेको छ। मन्त्रालयको आगामी आर्थिक वर्ष ८१/८२ को नीति तथा कार्यक्रम र बजेट मूलत आमसञ्चार, दूरसञ्चार, सूचना प्रविधि, हुलाक सेवा, चलचित्र र मुद्रण गरी छ वटा क्षेत्रमा आधारित रहेको छ। आर्थिक वर्ष २०८१/८२ मा यस मन्त्रालय र अन्तर्गतका निकाय समेतको लागि रु ७ अर्ब ३५ करोड २९ लाख विनियोजन भएको छ। जुन कुल राष्ट्रिय विनियोजनको ०.३९५ प्रतिशत मात्र हो। जसमध्ये ७७% चालु तर्फको अनिवार्य दायित्वको रकम हो भने बाँकी रकम पुँजीगत खर्च तर्फ विनियोजन भएको छ। यसको साथै मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, प्रेस काउन्सिल नेपाल, नेपाल टेलिभिजन, रेडियो प्रसार सेवा विकास समिति, रेडियो नेपाल, गोर्खापत्र संस्थान, राष्ट्रिय समाचार समिति एवं चलचित्र विकास बोर्डले नेपाल सरकार र आफ्नै आन्तरिक स्रोत समेत परिचालन गर्दै आएका छन्। सुशासन र विद्युतीय शासन प्रवर्द्ध एवं सदाचारको परिपालनामा मन्त्रालय प्रतिबद्ध छ। नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश भएका मन्त्रालय सम्बन्धी विषयहरूको कार्यान्वयन र तोकिएका सूचकहरूको लक्ष्य प्राप्तिको लागि मन्त्रालयले वार्षिक कार्यक्रमहरूको एकीकृत कार्ययोजना तयार गरी विसं २०८१ श्रावणदेखि कार्यान्वयनमा ल्याउने तथा नियमन नियमित समीक्षा एवं अनुगमन मूल्याङ्कन गरिने व्यवस्था गरिएको समेत माननीय सदस्यज्यूहरूलाई अवगत गराउँछु।

सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरूले मैले अघि पनि भने यहाँ खासै विषयवस्तुहरू उठान त गर्नुभएको छैन। सकारात्मक विषयहरू नै उठान भएका छन् र पनि म मन्त्रालयसँग सम्बद्ध सबै क्षेत्रमा विनियोजित बजेट र हाम्रो सोचका विषयमा यहाँ केही कुराहरूराख्न चाहन्छु। विचार त आम सञ्चारको क्षेत्रमा विचार तथा अभिव्यक्ति स्वतन्त्रता एवं पूर्ण प्रेस स्वतन्त्रा प्रति सरकार प्रतिबद्ध छ। आमसञ्चार क्षेत्रलाई स्वतन्त्र, मर्यादित, जिम्मेवार, जवाफदेही, उत्तरदायी र विश्वसनीय बनाउन आवश्यक नीतिगत तथा कानुनी सुधारका लागि विद्यमान ऐन कानुनमा समसामयिक संशोधन तथा नयाँ तर्जुमा गर्ने कार्य भइरहेको छ। सञ्चारमाध्यमलाई स्वतन्त्र, तटस्थ, निष्पक्ष र विश्वसनीय बनाउनको लागि प्रेस काउन्सिल नेपालको पुनर्संरचना गर्ने गरी मिडिया काउन्सिल विधेयक र सार्वजनिक सेवा प्रसारण विधेयक सम्मानित संसदमा छलफलको क्रममा रहेका छन्। राष्ट्रिय आमसञ्चार विधेयक तर्जुमाको अन्तिम चरणमा रहेको छ। नेपालको संविधानले समावेशी समाजको लागि गरेको दिशा निर्देश बमोजिम मन्त्रालयका कार्यक्रम पनि सामाजिक विविधतालाई सम्बोधन गर्ने गरी प्रस्ताव गरिएको छ। आगामी आर्थिक वर्षमा पत्रकार महिलाहरूको क्षमता अभिवृद्धि र सूचना प्रविधिमा महिला सहभागितासम्बन्धी कार्यक्रमलाई निरन्तरता दिएको छ आमसञ्चार माध्यममा सबै नागरिकको पहुँच स्थापित गर्न गोरखापत्रबाट ४१, रेडियो नेपालबाट २२ र नेपाल टेलिभिजनबाट १४ भाषामा कार्यक्रम प्रकाशन तथा प्रसारण हुँदै आएका छन्। आगामी आर्थिक वर्षमा थप भाषाहरूमा समेत समाचार सामग्री प्रकाशन र प्रसारण गर्ने व्यवस्था मिलाइएको छ।

प्राकृतिक विपद्बाट हुनसक्ने क्षतिको न्यूनीकरणको लागि रेडियो नेपालमार्फत विपद् पूर्व सूचना प्रणाली र दुरसञ्चार सेवा प्रदायकमार्फत एसएमएसद्वारा विपद् पूर्व सूचना दिने व्यवस्था मिलाएको छ। नीजि तथा सामुदायिक क्षेत्रका रेडियो, टेलिभिजन र इन्टरनेट सेवाप्रदायकलाई पनि यस प्रकारको पूर्व सूचना दिने व्यवस्था मिलाउन आग्रह गरिएको छ। । विभिन्न सञ्चार माध्यमहरूलाई तथ्यमा आधारित र आधिकारिक सूचना सामग्री उपलब्ध गराई पत्रकारिता क्षेत्रको विशिष्टता वृद्धि गर्न राष्ट्रिय समाचार समितिबाट हाल १८ घण्टा समाचार सेवा प्रवाह भइरहेकोमा आगामी आर्थिक वर्षदेखि २४ सै घण्टा सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको छ। राष्ट्रिय समाचार समितिबाट भिडियो समाचार सेवाका अतिरिक्त आगामी आर्थिक वर्षदेखि राष्ट्रभाषा अवधि मैथली र नेपाल भाषामा समाचार सेवा सञ्चालन गर्ने व्यवस्था पनि मिलाइएको छ। दूरसञ्चार क्षेत्रमा आम नागरिकमा गुणस्तरीय सुलभ मोबाइल सेवा र इन्टरनेट सेवा पुर्‍याउनको लागि कार्य भइरहेको छ।

हाल दुईवटा मोबाइल सेवाप्रदायक र ११५ वटा इन्टरनेट सेवा प्रदायकले अनुमति लिई सेवा सञ्चालन गरिरहेको कुरा पनि म निवेदन गर्न चाहन्छु। मध्य पहाडी लोकमार्ग र अन्य लोकमार्गहरूमा अप्टिकल फाइबर विछ्याउन सेवाको गुणस्तर वृद्धि गर्ने व्यवस्था मिलाइएको छ। गण्डकी र लुम्बिनी प्रदेशमा ब्रोडब्यान्ड इन्टरनेट सेवा विस्तार कार्यको सम्बन्धमा दूरसञ्चार सेवा प्रदायकद्वारा अदालतमा दायर गरिएको मुद्दा खारेज भएको हुँदा ती प्रदेशमा रोकेको कार्य शीघ्र अगाडि बढाउने व्यवस्था मिलाएको छ। दूरसञ्चार सेवाको गुणस्तर र पहुँच विस्तारको लागि भूकम्प प्रभावित दुई जिल्ला र प्रत्येक प्रदेशका कम्तीमा दुई जिल्ला रहने गरी १९ जिल्लालाई नमूना जिल्ला घोषणा गरी गुणस्तरीय दूरसञ्चार सेवा विस्तार गर्ने कार्यको थालनी गरिएको छ। मन्त्रालयले सुशासन कायम गर्न गरेका प्रयासबाट राज्यकोषमा अर्बौं राजस्व प्राप्त हुने सुनिश्चितता भएको छ। केही इन्टरनेट सेवा प्रदायकहरूले तिर्नुपर्ने राजस्वको सन्दर्भमा दायर गरेको मुद्दा सम्मानित सर्वोच्च अदालतबाट खारेज भएको हुँदा लामो समयदेखिको राजस्व विवादको विषय पनि समाधान भएको छ। मन्त्रालयको कार्य क्षेत्रमा स्वच्छ, व्यावसायिक वातावरण सिर्जना गरी यस क्षेत्रमा सुशासन कायम गर्न मन्त्रालय प्रतिबद्ध छ। यसबाट राजस्व सङ्कलनमा विगत वर्षभन्दा उत्साहजनक वृद्धि भएको कुरा पनि म निवेदन गर्न चाहन्छु। र सूचना र प्रविधिको क्षेत्रमा नेपाललाई सूचना र प्रविधिको हबको रूपमा विकास गर्ने र आगामी दशकलाई सूचना प्रविधि दशकको रूपमा अगाडि बढाउन आगामी आवालाई प्रारम्भ वर्षको रूपमा लिई तदनुरूपको तयारीको थालनी गर्ने व्यवस्था मिलाइएको छ। १६ योजनाले पनि सूचना प्रविधिको क्षेत्रलाई रूपान्तरण कारी कार्यक्षेत्रको रूपमा उच्च महत्त्व दिएकोले सरकारले निजी क्षेत्रसँग साझेदारी गरी यस क्षेत्रमा रोजगारी सिर्जना गर्दै सेवा निर्यात गर्ने वातावरण निर्माण गर्नेछ सूचना प्रविधि दशकलाई राष्ट्रिय प्राथमिकता र अभियानका साथ अगाडि बढाउन तीनै तहका सरकार निजी क्षेत्र र सम्बद्ध व्यवसायी समेतको बृहत् सहभागितामा १० वर्षीय मार्ग  दर्शन तयार गरी कार्यान्वयन गर्नुपर्नेछ। नेपालको अर्थतन्त्रका आधारहरू कृषि, जलस्रोत, पर्यटन र औद्योगिक विकास तथा पूर्वाधार निर्माण रहँदै आएकोमा आगामी आर्थिक वर्षको बजेटले सूचना प्रविधिलाई नयाँ रूपान्तरणकारी आर्थिक क्षेत्रको रूपमा समावेश गरेको छ। यो मुलुकको आर्थिक रूपान्तरणका लागि एक महत्त्वपूर्ण सुरुवात हुने छ। सूचना प्रविधि क्षेत्रबाट अर्बौं रुपैयाँको निर्यात गर्न सकिने तथ्य विभिन्न अध्ययनले देखाएका छन्। निजी क्षेत्रसँगको छलफल समेतका आधारमा आगामी १० वर्षमा ३० खर्बको निर्यात र १० लाखको रोजगारी सिर्जना गर्ने लक्ष्य लिइएको छ। सूचना प्रविधि दशक अभियानबाट निजी क्षेत्र अत्यन्तै उत्साहित भएको छ। उपयुक्त व्यावसायिक वातावरण सिर्जना गरी निजी क्षेत्र एवं विश्वविद्यालय लगायतका प्राज्ञिक

क्षेत्रसँगको सहकार्यमा सूचना प्रविधिसम्बन्धी सेवाको उत्पादन निर्यातको कार्य अघि बढाउने आधार तयार भएको छ। साइबर आक्रमणको पहिचान, रोकथाम र प्रतिकार्य गर्दै उत्थानशील साइबर स्पेस तयार गर्ने उद्देश्यका साथ नेपालमै पहिलोपटक राष्ट्रिय साइबर सुरक्षा नीति २०८० जारी गरी कार्यान्वयनमा रहेको छ भने राष्ट्रिय साइबर सुरक्षा केन्द्रको स्थापना गरिएको छ। चौबीसै घण्टा सातै दिन साइबर सुरक्षा केन्द्रलाई क्रियाशील बनाउँदै साइबर जोखिमको पूर्वानुमान र जोखिम न्यूनीकरणलाई थप प्रभावकारी बनाउने व्यवस्था मिलाइएको छ। साइबर सुरक्षासम्बन्धी विधेयक तर्जुमा भइरहेको छ। सूचना प्रविधि क्षेत्रमा विकसित नवीनतम प्रविधिको उपयोग गर्न नेपालमै पहिलोपटक कृत्रिम बौद्धिकता नीति एआइ पोलिसीको अवधारणा पत्र तयार पारिएको छ। यसबाट एआइको प्रयोग प्रवर्धन र नियमनको लागि इकोसिस्टम निर्माण हुने छ। तीव्र गतिमा रूपान्तरण हुने प्रविधि क्षेत्रलाई व्यवस्थित गर्ने कानुनलाई समय सापेक्ष बनाउँदै लैजाने विषय मन्त्रालयको प्राथमिकतामा रहेको छ। आगामी आर्थिक वर्षमा सातै प्रदेशमा digital साक्षरता कार्यक्रम सञ्चालन गरी सूचना प्रविधिको सुरक्षित प्रयोगको आधार तयार गर्ने कार्यक्रम समावेश गरिएको छ। सूचना प्रविधिको क्षेत्रमा विद्यमान डिजिटल डिभाइडलाई न्यूनीकरण गर्न विपन्न वर्गसम्म पहुँच वृद्धि गरी यस क्षेत्रलाई सामाजिक आर्थिक रूपान्तरणको क्षेत्रको रूपमा विकास गर्नुपर्नेछ। यसका लागि नीतिगत, कानुनी, संरचनागत सुधार गर्दै सूचना प्रविधिलाई दैनिक जीवनको आधारको रूपमा विकासगरी सुरक्षित र व्यवस्थित प्रयोग गर्न मन्त्रालय क्रियाशील रहेको छ। हुलाक सेवा अन्तर्गत सञ्चार तथा सूचना प्रविधिमा भएको तीव्र विकाससँगै हुलाक सेवाले गर्ने परम्परागत कामहरूमा कटौती आएको छ। सूचना, प्रविधि र यातायातको विकास नभएको अवस्थामा जनतालाई हुलाक सेवाको पहुँच पुऱ्याउनका लागि स्थापित हुलाक संरचना नेपाल सरकारका आधारभूत तहसम्मका सेवा प्रवाहका बिन्दुहरूको रूपमा रहेका छन्। हुलाकको संरचनालाई संघीय संरचनासँग तादाम्यता मिलाउन अतिरिक्त हुलाकका संरचना खारेज गरी एक स्थानीय तह एक हुलाक संरचनामार्फत सेवा प्रवाह गर्ने कार्यका लागि नीतिगत निर्णय भइसकेको छ। आगामी आर्थिक वर्षदेखि एक स्थानीय तह एक हुलाकको अवधारणा कार्यान्वयनमा जाने छ। चलचित्र अन्तर्गत समाज रूपान्तरणका लागि संघर्ष गर्ने व्यक्ति तथा घटनासँग सम्बन्धित ऐतिहासिक चलचित्र, वृत्तचित्र तथा स्वदेशी चलचित्रलाई प्रोत्साहन र प्रवर्द्ध गर्न बजेटको व्यवस्था मिलाइएको छ। Story bank सम्बन्धी कार्यविधि, २०८१ को व्यवस्था बमोजिम मौलिक चलचित्र निर्माणमा प्रोत्साहन गर्दै आएको छ। काभ्रेको बनेपामा अत्याधुनिक प्रविधियुक्त छायाङ्कन स्टुडियो निर्माणको कार्य प्रारम्भ भएको छ। नेपालका अन्य सम्भावित छायाङ्कन स्थलको रोस्टर तयार गरिएको छ। यस क्षेत्रमा लगानी गर्न इच्छुक स्वदेश

तथा वैदेशिक लगानीकर्तालाई लगानीका लागि सहजीकरण गरिएको छ। चलचित्र क्षेत्रमा सूचना प्रविधिको प्रयोग गरी मौलिक, गुणस्तरीय र प्रतिस्पर्धी चलचित्र निर्माणको लागि चलचित्र विकास बोर्डमा पोस्ट प्रोडक्सन ल्याब स्थापनाको कार्य प्रारम्भ भएको छ। बक्स अफिस प्रणालीलाई स्तरोन्नति गर्दै लगिएको छ। सुरक्षण मुद्रणसम्बन्धी विधेयक दुवै सदनबाट स्वीकृत भई सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भइसकेको छ। जसबाट संवेदनशील छपाईका लागि संरचनागत र कानुनी आधार तयार भएको छ र यससम्बन्धी काम छिट्टै नै अगाडि बढ्नेछ। सम्माननीय अध्यक्ष महोदय, सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा भएको तीव्र विकासले समयमै सम्पन्न गरी आर्थिक सामाजिक शैक्षिक लगायतका क्षेत्रमा पारेको प्रभाव विश्वमा विकसित नवीनतम प्रविधिको प्रयोग गर्दै समृद्धिको लक्ष्य प्राप्ति गर्नुपर्नेछ आगामी आर्थिक वर्षमा मन्त्रालय सञ्चालन गर्ने कार्यक्रमहरूमा गुणस्तरको सुनिश्चिततासहित लक्षित उपलब्धि हासिल गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। विगतमा जस्तै कार्यक्रम कार्यान्वयनको क्रममा समेत माननीय सदस्यज्यूहरूले साथ सहयोग गर्नुभएको छ र यहाँबाट जसरी राष्ट्रिय सभामा माननीयज्यूहरूले सकारात्मक सल्लाह र सुझावहरू दिनुभएको छ। त्यो सकारात्मक सल्लाह र सुझावलाई सकारात्मक ढङ्गले ग्रहण गर्न चाहन्छु। र मैले मन्त्रालयगत क्षेत्र मन्त्रालय र मन्त्रालय अन्तर्गतका क्षेत्रहरूबाट गर्न खोजेका कामहरू र यसमा गरिएको बजेटका व्यवस्थाका सम्बन्धमा यिनै कुराहरू राखे। धन्यवाद अध्यक्षज्यू।

(१५:२३ बजे)<u>सम्माननीय अध्यक्षः</u>-माननीय सदस्यहरू, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु। मैले पनि सुरूमै एउटा सूचना भनैं अथवा सुनाएको थिएँ। म फरि एक पटक स्मरण गराउँछु। सम्वन्धित माननीय मन्त्रीको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्नुपरेमा विनियोजित विधेयक अन्तर्गतसम्बन्धीत मन्त्रालयको विनियोजन शीर्षक माथीको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूज्यूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउछु।जुन-जुन विषयमा जो जो ले चाहिँ पहिलो भागलिइएको तीनै माननीयहरूले स्पष्टीकरण माग गर्ने भने विहानै पनि सुनाएको थिएँ तर त्यसलाई अलि गम्भीरता साथ लिईदिनु हुने छ।र स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित विनियोजन विधेयक, २०८१ माथिको विनियोजन शीर्षकमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले दिनुभएको जवाफको सम्बन्धमा स्पष्टीकरण माग गर्न कुनैपनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म, माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँसम्बन्धीत विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१५:२५ बजे)<u>माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेत</u>:-सम्माननीय अध्यक्ष महोदय, मन्त्रालयले आगामी आर्थिक वर्षमा प्रस्ताव गरेका कार्यक्रममा माननीयज्यूहरूको विभिन्न चासो, चिन्ता र टिप्पणीसहित आफ्नो भावना र जिज्ञासाहरू सदनसमक्ष व्यक्त भएका छन्। यहाँहरूको चासो र चिन्ताप्रति सम्मान व्यक्त गर्दै सदनमा उठेका जिज्ञासाहरूलाई सम्बोधन गर्न यहाँ उपस्थित भएको छु। अध्यक्ष महोदय, विद्युत उत्पादनको जडित क्षमता यो सरकार बने यता १२०० मेगावाट थपिएको छ। हालसम्म हामीसँग ३५०० मेगावाट उत्पादन क्षमता छ। त्यसमध्येको १२०० मेगावाट यो सरकार बने यता थप भएको छ। आर्थिक अर्को आगामी आर्थिक वर्षमा ४५०० मेगावाट पुऱ्याउने लक्ष्य लिइएको छ। र सोही अनुसार कार्यक्रम निर्धारण गरिएको छ। आगामी १२ वर्षमा २८,५०० मेगावाट उत्पादनको लक्ष्यसहित ऊर्जा व्यापार ऊर्जा विकासको मार्गचित्र र कार्ययोजना २०८० कार्यान्वयनमा ल्याएको छ।

तदनुसार आगामी वर्षको बजेट कार्यक्रमलाई व्यवस्थित गर्ने कोसिस गरिएको छ। ९८% जनतामा विद्युतको पहुँच पुगेको छ। आगामी वर्षभित्र सबै नेपाली जनतामा भरपर्दो गुणस्तरीय विद्युत सेवा पुऱ्याउने लक्ष्यसहित कार्यक्रम प्रस्ताव गरिएको छ। मन्त्रालयद्वारा तयार भएको विद्युत खपत कार्यान्वयन कार्ययोजना कार्यान्वयन गरी विद्युतीय सवारी साधन एवे विद्युतीय चुल्होको प्रयोग बढटई आयातीत ग्याँस इन्धनलाई स्वदेशमा उत्पादित विद्युतबाट प्रतिस्थापन गर्दै लैजाने तर्फ नेपाल सरकारका कार्यक्रमहरू लक्षित रहेका छन्। सरकारले विद्युत खपत कार्ययोजना बनाई कार्यान्वयन गरिरहेको छ। हाल प्रतिवृद्धि वार्षिक विद्युत खपत करिब ४०० युनिट रहेकोमा आगामी वर्ष ४५० भन्दा माथि पुऱ्याउने लक्ष्य लिइएको छ।

अध्यक्ष महोदय, नेपालको ऊर्जा उत्पादनको ट्रेन्ड र उर्जा खपतको ट्रेन्डलाई हेर्दा अलि केही विशिष्ट अवस्था देखिन्छ। वर्षैभरि हाम्रो खपतको ट्रेन्ड एउटै प्रकारको छ। उत्पादन हाम्रो वर्षायाममा र सुख्खायाममा ठुलो अन्तर रहने गरेको छ। सुख्खायाम भन्दा वर्षायाममा करिब ३ देखि ४ गुणा बढीको अन्तर रहने गरेको छ। वर्षायाममा बढी उत्पादन हुन्छ र सुख्खायाममा कम उत्पादन हुन्छ। खपतको प्रकृति उस्तै १२ महिना तर उत्पादनको प्रकृति ३ देखि ४ गुणाको अन्तरले कतिपय अवस्थामा वर्षायाममा हामीलाई चाहिँनेभन्दा बढी उत्पादन हुने सुकायाममा हामीलाई आवश्यकताभन्दा कम उत्पादन हुने गरि स्थिति रहेको छ। त्यो आधारमा हामीले वर्षायाममा wet season मा ६ महिनाको भन्छौ त्यो ६ महिनामाहामीले विद्युत निर्यात गर्नुपर्ने आवश्यकता र बाध्यता जस्तो छ सुख्खायाममा हामीले विद्युत आयात गर्नुपर्ने आवश्यकता र बाध्यता जस्तो छ। गतवर्षसम्म हेर्दा यो प्रकृति हामीले निर्यात गर्नेभन्दा आयात गर्ने मात्रमा चाहिँ बढी थियो। तर यो वर्ष यो आर्थिक वर्षमा हामीले निर्यात आयात भन्दा निर्यात धेरै गर्ने भने हामी net exporter बन्ने अवस्था सिर्जना भएको छ, यो आर्थिक वर्षमा हामी net exporter भएका छौं। र आगामी केही वर्षभित्रमा यही अनुपातमा अगाडि बढ्दा आगामी केही वर्ष भित्रमा १२ महिना हामी आत्मनिर्भर हुने ढङ्गले कार्यक्रमहरू अगाडि बढ्ने कुरा म यहाँ चाहिँ आग्रह गर्न चाहन्छु। छिमेकी मुलुकहरूमा विद्युत व्यापार सम्झौताको कुराहरू त यहाँ सार्वजनिक भइपनि सकेको छन्। छिमेकी मुलुक भारत, बाङ्गलादेश लगायतका छिमेकी मुलुकहरूसँगको विद्युत व्यापारको बारेमा सरकारले आवश्यक नीति सहमतिहरू पनि गर्दै आइराखेको छ। विद्युत खरिद सम्झौता भई निर्माणको विभिन्न चरणमा रहेका अब हामीलाई आगामी १२ वर्षभित्र २८हजार ५०० मेगावाट उत्पादनको जुन लक्ष्य निर्धारण गरेका छौं। त्यो मार्गचित्र अन्तर्गत रहेर हेर्दा करिब ४,९०० मेगावाट क्षमताका आयोजनाहरू हाल निर्माणको विभिन्न चरणमा रहेका छन्। त्यसैगरी अध्ययन सम्पन्न भई करिब १० हजार मेगावाट क्षमताको विद्युत आयोजना विद्युत खरिद सम्झौताको प्रक्रियामा रहेका छन्। विद्युत वितरण तथा प्रसारण लाइन निर्माण तथा विस्तारको कार्यको समेत सोही अनुसार भइरहेका छन्। हालसम्म प्रसारण लाइन ६६६के.भी. र सो भन्दा माथि करिब किलोमिटर र वितरण लाइन ३३ केभीको करिब ७,७५१ किलोमिटर बनिसकेको अवस्था छ। आन्तरिक तथा अन्तर्देशीय प्रसारण लाइन सुधार तथा विस्तारका लागि रु ३१ अर्ब१९ करोड आगामी आ. व. को लागि विनियोजन गरिएको छ। साथै प्रसारण लाइनबाट प्रभावितलाई यथोचित मुआब्जा तथा क्षतिपूर्तिसहित लाभका अवसरहरूमा सङ्लग्न गराउन आवश्यक प्रबन्ध गरिने छ। अन्तर्देशीय विद्युत व्यापारका लागि हामीलाई उच्च भोल्टेजका प्रसारण लाइनहरूको जरुरी छ। ढल्केबर मुजफरपुर प्रसारणलाई

सञ्चालनमा रहेको र सो लाइन विद्युत आयात तथा निर्यातमा उपयोग भइरहेको छ। New बुटवल गोरखपुर, इनरुवा पुर्णिया र दोधारा बरेली ४०० केभीका प्रसारण लाइनहरूको निर्माणका पूर्व तयारीका कामहरू भइरहेको छ। औद्योगिक ग्राहकहरूलाई गुणस्तरीय विद्युत आपूर्तिको लागि १३२ केभी तथा ३३ केभी सबस्टेसन र प्रसारण लाइन संरचना विस्तार एवं स्तर उन्नति कार्य भइरहेको छ। चुहावट र विद्युतीय दुर्घटना कम गर्न संवेदनशील क्षेत्रमा नाङ्गो तारलाई covered कन्डक्टर र एबीसी केबलबाट प्रतिस्थापन गर्ने काम भइरहेको छ। ऊर्जा सुरक्षाको दृष्टिकोणले जलाशययुक्त आयोजनाहरूको निर्माण गर्न आवश्यक छ। त्यसका लागि रणनीतिक महत्त्व रहेको पश्चिम सेती जलविद्युत परियोजना, सेती रिभर ६, तल्लो अरुण लगायतका जलविद्युत आयोजनाको परियोजना विकास सम्झौता अनुरूप निर्माण कार्य अघि बढाएको छ।

प्रादेशिक सन्तुलन रोजगारी सिर्जना एवं विद्युत सुरक्षालाई ध्यान दिई तिनै तहको सहलगानीमा तथा सुख्खायाममाको विद्युत माग सम्बोधन गर्न जनताको जलविद्युत कार्यक्रम अन्तर्गत १०६३ मेगावाटको माथिल्लो अरुण, १०६ मेगावाटको जगदुल्ला जलविद्युत आयोजना, १०० मेगावाटको तामाकोशी पाँचौं, ४२ मेगावाटको मोदी 'A' र २१० मेगावाट चैनकोशी जलविद्युत आयोजनाको निर्माण कार्य सुरु हुने क्रम रहेको छ। साथै ६७० मेगावाट जम क्षमताको दुधकोशी जलाशय जलविद्युत आयोजना र ४१७ मेगावाट क्षमताको आयोजनाको लगानी मोडालिटीसहित निर्माण कार्य अगाडि बढाइने छ। २८० मेगावाट क्षमताको उद्देश्य आयोजनाको पूर्व तयारीका कार्यहरू भइरहेको छ। १२०० मेगावाटको बूढिगण्डकी जलविद्युत आयोजना अघि बढाउन डुवान क्षेत्रमा पर्ने ५८,१५३ रोपनी जग्गामध्ये हालसम्म कुल ७९ हजार ९५ रोपनी जग्गा प्राप्ति गरिसकेको र घरगोठ लगायत भौतिक संरचनाहरूको क्षतिपूर्ति समेत वितरण गरिसकेको छ। यस आयोजनाको कार्यक्रमलाई अघि बढाउन ऊर्जा मन्त्रालयको ५०% र अर्थ मन्त्रालयको ३०% र नेपाल विद्युत प्राधिकरणको २०% लगानी रहने गरी बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड स्थापना भइसकेको छ। उक्त आयोजनाको लगानी मोडालिटी समेत तय भइसकेको छ। आयोजनाको विस्तृत प्रतिवेदन डिटेल प्रोजेक्ट रिपोर्ट डिपिआर र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन EIA समेत तय भइसकेको छ। आयोजनाको कार्यान्वयनको लागि आवश्यक पर्ने बजेट अभाव हुन नदिन नेपाल सरकारले इन्धनमा लगाएको पूर्वाधार शुल्क समेत उपयोग हुने गरी आवश्यक व्यवस्था गर्ने नीति लिइएको छ। वैदेशिक रोजगारमा रहेका व्यक्तिको समेत लगानीमा ७०.३ मेगावाट क्षमताको सिंगुवा खोला तथा ७७.५ मेगावाट क्षमताको घुन्साखोला भूसाखोला जलविद्युत आयोजनाको निर्माण

कार्य सुरु गरिने छ। साथै तमोर जलाशययुक्त जलविद्युत आयोजना विकाससँग सम्बन्धित कार्यहरू लगानी बोर्डबाट अगाडि बढाइएको छ।

अध्यक्ष महोदय, हामीले अघि सुख्खायाम र वर्षायामको उत्पादनको अन्तरको कुरा गरेका छौं। त्यसले हाम्रो Energy security मा सुरक्षामा जे प्रभाव परिरहेको छ। यसलाई समाधान गर्नको लागि जलायसययुक्त आयोजनाहरूलाई अलि विशेष प्राथमिकताका साथ अगाडि बढाउने cost को हिसाबले ROR(Run of the River) भन्दा केही महँगो जस्तो भए पनि यो विशेष व्यवस्थासहित जलाशययुक्त आयोजनाहरूलाई क्षेत्रगत सन्तुलन, प्रादेशिक सन्तुलन समेत हुनेगरी अगाडि बढाउने नीति सरकारले लिइरहेको छ। विद्युतको आन्तरिक खपत बढाउन औद्योगिकीकरण, यातायात, कृषि, विद्युतीकरण, खानेपानी, विद्युत सामग्रीको प्रयोग गरी उज्यालो भविष्यको लागि ऊर्जाको प्रयोग भन्ने नीतिका साथ गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउन सवस्टेसन, प्रसारण एवं वितरण लाइन निर्माण तथा स्तरन्नोतिमा विशेष प्राथमिकता दिएको छ।

राष्ट्रिय प्रसारण लाइन नपुगेका दुर्गम क्षेत्रका घरधुरिमा लघु तथा साना जलविद्युत, सौर्य तथा वायु जस्ता नवीकरणीय ऊर्जा प्रविधिको विस्तार कार्य भइरहेको छ। र २०४५ भित्र खुद शून्य कार्वन उत्सर्जनको लक्ष्य हासिल गर्न परम्परागत उर्जा एवं आयातीत इन्धनहरूलाई निरूत्साहित गरिएको छ। हरित उर्जा उपयोग र प्रवर्धनलाई जोड दिई बायोग्यास, बायोडिजल, इथानोल, सौर्य ऊर्जा ,विद्युतीय चुलो, सुधारिएको चुलो लगायतका सुरक्षाको निम्ति किफायती प्रविधिको प्रवर्धन गरी स्वच्छ उर्जा प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिने छ। निर्माणाधीन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रसारण लाइन आयोजनाहरूको निर्माण कार्यलाई सहज रूपमा अगाडि बढाउन प्रसारण लाइनको मार्ग अधिकार क्षेत्र right of way का लागि आवश्यक जग्गाको छुट्टै कित्ता कायम गरी जग्गाधनीलाई विद्युत आयोजनाबाट प्रभावित नागरिक सरह सेयर प्रदान गरिने छ।

उत्पादन, प्रसारण र वितरणको कार्यलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउन नेपाल विद्युत प्राधिकरणको पुनर्संरचना गर्ने, dedicated feeder तथा ट्रंक लाइनको विद्युत महसुलको विवाद निरूपणमा लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको छ। देशको छ अब देशको कुल ३५ लाख ५७हजार ७ सय ६४ हेक्टर कृषि योग्य जमिन रहेकोमा २५ लाख ३६ हजार ३ सय १९ हेक्टर जमिन सिँचाइ योग्य रहेको छ। सतह सिचाइबाट १० लाख २२ हजार ७ सय ३५ हेक्टर, भूमिगत सिँचाइबाट ५लाख ३०हजार ६सय ५४ हेक्टर र नयाँ प्रविधिबाट २ हजार १ सय १९ हेक्टर गरि हालसम्म कूल १५ लाख ५५ हजार ८ सय १ हेक्टर क्षेत्रफलमा सिँचाइ पूर्वाधार

विकास भएको छ। कुल सिञ्चित क्षेत्रमध्ये करिब ४०% सिंचित भूमिमा मात्र वर्षैभरि सिँचाइ सुविधा उपलब्ध हुने अवस्था रहेको छ।

संघीय संरचना अनुसार संघको कार्य क्षेत्रमा रहेको सिँचाइ विकासमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय लागिरहेको छ। आगामी आर्थिक वर्षको कार्यक्रमहरू कार्यान्वयनबाट करिब २४ हजार थप २४ हजार हेक्टर थप जमिनमा सिँचाइ सुविधा विस्तार हुने छ। चालु आ. व. को बजेट कार्यक्रमले सिँचाइ क्षेत्रका राष्ट्रिय गौरवका आयोजनाहरूलाई प्राथमिकताका साथ राखेर बजेट व्यवस्थापन गरेको छ। सुनकोशी मरिन डाइभर्सन बहुउद्देशीय आयोजनाको निर्माण कार्य आगामी चार वर्षभित्र सम्पन्न गरिने छ।

सो पश्चात मधेश प्रदेशको पाँच जिल्लाहरू सर्लाही, रौतहट, धनुषा, महोत्तरी र बाराको करिब १ लाख २२ हजार हेक्टर जमिनमा बाह्रै महिना सुविधा उपलब्ध भई कृषिमा उल्लेख्य उपलब्धि हासिल हुने विश्वास लिइएको छ। भेरी बबई diversion बहुउद्देशीय सिँचाइ आयोजना र सुनकोशी मरिन diversion बहुउद्देशीय आयोजना गरि दुईवटा राष्ट्रिय गौरवका बहुउद्देश्यिय आयोजनाहरूमा कुल ४ अर्ब९२ करोड ६१ लाख ६० हजार बजेट विनियोजन भएको छ।

यस्तै प्रकृतिका अन्य बहुउद्देश्यीय आयोजनाहरूको नौमुरे कपिलवस्तु, कालीगण्डकी तिनाउ, सुनकोशी कमला, तमोर चिसाङ लगायतका आयोजनाहरूको विस्तृत अध्ययन तथा निर्माण तयारी गर्ने योजना रहेको छ। बबई, महाकाली, रानीजमरा, कुलरिया गरि चारवटा राष्ट्रिय गौरवका आयोजनाहरूको कुल ८ अर्ब २८ करोड ६४ लाख८९ हजार विनियोजन भएको छ।

चालु आर्थिक वर्षकै अनुसार आगामी ३ वर्ष बजेट व्यवस्थापन भएमा यी चारवटा राष्ट्रिय गौरवका आयोजनाहरू करिब सम्पन्न हुने अवस्थामा पुग्ने विश्वास लिइएको छ। सतह सिँचाइबाट सम्भव नभएका तराई मधेशका ३ लाख १८ हजार हेक्टर कृषियोग्य जमिनमा उपलब्ध भूमिगत जल भण्डारलाई सिँचाइको महत्त्वपूर्ण स्रोतको रूपमा उपयोग गरी क्लस्टरमा आधारित भूमिगत जल सिँचाइ प्रणालीको विकास तथा विस्तार गर्ने योजना रहेको छ। यसबाट deep तथा shallow tubewell हरूको निर्माण गरी सिँचाइबाट कृषिको आकर्षण बढ्नुका साथै स्थानीयस्तरमा तरकारी उत्पादन तथा नगदे बाली प्रवर्धनले तत्काल प्रतिफल हासिल हुने विश्वास लियको छ। यस्ता आयोजनाहरूलाई रूपान्तरणकारी योजनाको रूपमा व्यापकता दिने योजना समेत रहेको छ। यस कार्यक्रमका लागि कुल ३ अर्ब ४५ करोड विनियोजन भएको छ। यसबाट deep well निर्माण भई

पम्प टेस्ट भएका करिब ३०० वटा ट्युवेलहरूको प्रणाली निर्माण भई सञ्चालनमा आउने छन् भने करिब ४०० वटा deep ट्युवेल निर्माण हुने छन्।

नदी किनाराका सिँचाइ हुन बाँकी कृषि योग्य टारहरूमा लिफ्ट प्रविधिबाट सिँचाइ सुविधा विस्तार गरी, पहाडी क्षेत्रबाट हुने बसाईसराई कम गरी, साना छरिएका जग्गाहरूबाट समेत कृषि उत्पादनमा वृद्धि गर्ने नीति कार्यक्रम रहेको छ। यसबाट स्थानीयस्तरमा रोजगारी सिर्जना हुनुको साथै उद्यमशिलता समेत विकास हुने आशा लिइएको छ। अध्ययनबाट सम्भाव्य देखेका लिफ्ट सिँचाइ योजनाहरू सञ्चालन र व्यवस्थापन गर्न नदी बेसिनमा आधारित लिफ्ट सिँचाइ योजनाहरू तयारी भइरहेको छ र यसलाई आगामी दिनमा व्यापकता दिने योजना समेत रहेको छ। यस कार्यक्रमका लागि कुल २ अर्ब२२ करोड विनियोजन भएको छ।

सतहको पानी स्रोत उपलब्ध जलवायु परिवर्तनको कारण जलस्रोतको क्षेत्रमा परेको नकारात्मक प्रभावलाई न्यून गर्न सतहको पानीको स्रोत उपलब्ध नभएको स्थानहरूमा ससाना जलाशय, तालतलैया बनाएर पानी सञ्चय गरी सिँचाइ विस्तारलाई भरपर्दो बनाउने कार्य सुरु गरिएको छ। बनाउने कार्य कार्यक्रम रहेको छ। यस्ता तालहरूले जलस्रोत पुनर्भरणमा सहयोग गर्ने, वातावरण संरक्षणमा भूमिका खेल्ने, सिँचाइ सुविधा भरपर्दो रूपमा पुर्याउन सकिने, साथै स्थानीय स्थानीय जीवकोपार्जन तथा जलस्रोतको संरक्षण र व्यवस्थापनसँग समेत सम्बन्धित भएकोले यस्तो प्रकृतिका कार्यक्रमलाई देशका अन्य भूभागमा समेत विस्तार गरिएको छ यो भन्दा पहिले दाङ जिल्लामा यो प्रयोग पनि भइराखेको थियो। अहिले अन्य जिल्लाहरूमा पनि यसलाई चाहिँ विस्तार गरिएको छ।

दुर्गम र पछाडि रहेको कर्णाली प्रदेशमा जीवनस्तर माथि उठाउन, खाद्य सुरक्षा बढाउन, स्थानीय रैथाने बालीको संरक्षण र प्रवर्धन गर्न, कर्णाली सिँचाइ विकास कार्यक्रम गत वर्षदेखि सुरु गरिएको छ। यस कार्यक्रमबाट परम्परागत सिँचाइ आयोजनाहरू लिफ्ट प्रणालीहरू स-साना भण्डारण पोखरीहरूको विस्तार र विकास गरिने छ। यसको लागि रु ८० करोड विनियोजन गरिएको छ। सञ्चालनमा रहेका कन्काई, सुनसरी, मोरङ, चन्द्रनहर, कोशी पम्प, बागमती, नारायणी, बाडगंगा, प्रगन्ना, महाकाली लगायतका योजनाहरूको सञ्चालन र व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ। यस सञ्चालनमा रहेका योजनाहरूको व्यवस्थापन सुधार गरेर नहर सञ्चालन मर्मत सम्भार तालिका तयार गरी लागू गरिने छ। आगामी आ. व. मा चैते धानका लागि करिब थप १ लाख हेक्टरमा सिँचाइ सुनिश्चितता गरिने छ।

संघीय सरकारको कार्यक्षेत्रमा रहेको ठुला तथा मझौला नदीहरूको गुरुयोजना तयार गरेर सोही अनुसार संरक्षणका कार्यहरू सालबसाली रूपमा गरिएको छ। संरक्षणका कार्यहरूलाई दिगो, भरपर्दो, वातावरणमैत्री बनाउन अध्ययन अनुसन्धानबाट प्रमाणित भएका नयाँ प्रविधिको उपयोग जसमध्ये ठुला ढुङ्गा Big boulders, concrete block, geo fabric concrete matteresses, geo bag लगायतका प्रविधिहरूको प्रयोगको समेत सुरुवात गरिएको छ। देशको पहाडी भूभागतिर हुने पहिरो नियन्त्रण कार्य गर्ने गरी बजेट विनियोजन भएको छ। बाढी पहिरोको बेलामा तत्काल निर्माण गर्नुपर्ने कार्यहरूको लागि प्रस्ताव गरेको आपतकालिन निर्माण कार्यको बजेटमा धेरै नै कटौती भएतापनि चालु मनसुन अवधिमा औसत भन्दा बढी वर्षा हुने जल तथा मौसम विज्ञान विभागले अनुमान गरेकोले बाढी पहिरोबाट हुनसक्ने विपद्को लागि मन्त्रालयले आवश्यक तयारी गरिरहेको छ।

नदीजन्य सामग्रीको उपयोग, उत्खनन तथा राजस्व सङ्कलन, नियमन हालको कानुन अनुसार स्थानीय तहबाट हुँदै आएकोमा उठेको रकमबाट उक्त नदी प्रणालीमा संरक्षण, नियन्त्रण तथा सौन्दर्यकरणका लागि कार्य अनिवार्य रूपमा गर्न नीतिगत तथा कानुनी व्यवस्था मिलाइएको छ। नदी किनाराहरूमा हुने अतिक्रमण, अव्यवस्थित बस्ती, नदीजन्य सामग्रीहरूको जथाभावी रूपमा गरिने उत्खननको कारणले बाढी, पहिरोको परिमाण अझ बढ्नन गएकोले यस्ता क्रियाकलापलाई नियमन तथा व्यवस्थित बनाउने गरी नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ।

वर्षातको समयमा हुने अत्यधिक, वर्षा जलाधार क्षेत्रको भुक्षयीकरण, नदि किनारा कटान जस्ता कारणले तराई क्षेत्रमा डुबान समस्या अत्यधिक हुने गरेको छ। यसको निवारणको लागि तटवन्ध निर्माण, उचित निकासको प्रबन्ध गर्ने जस्ता कार्यहरू निरन्तर गरिएको छ। हालैका वर्षहरूमा नदीको सतह,गेग्रान, बालुवा बढी जम्मा हुने कारणले नदीको बेड उचालिइएको छ सतह। यसको लागि जलाधार क्षेत्रको संरक्षण, गर्ने ग्रामीण सडकलाई गुणस्तरीय बनाई पहिरो र गेग्रान बहाव रोक्न जरुरी देखिएको छ। यसको लागि एकीकृत रूपमा कार्यक्रममा सञ्चालन गर्ने योजना बनाइएको छ। नेपाल भारत सिमानामा हुने डुबान समस्या समाधानको लागि नेपाल भारत संयुक्त समितिहरू JCWR, JSDC, JCKGP, JCIFM लगायतलाई क्रियाशील बनाइने छ। बैठकबाट सहमति भएका विषयहरू कार्यान्वयन अवस्थाबारे आवश्यक अनुगमन गर्ने व्यवस्था समेत मिलाइएको छ। सिँचाइ विकासलाई योजनाबद्ध ढङ्गबाट एकीकृत रूपमा सम्बोधन गर्न तयार भएको सिँचाइ गुरु योजना स्वीकृत भइसकेको छ र यसलाई कार्यान्वयनमा ल्याइने छ। सिँचाइ नदी व्यवस्थापन तथा

जलउत्पन्न विपद व्यवस्थापन कार्यहरूलाई थप व्यवस्थित बनाई प्रभावकारी बनाउन राष्ट्रिय सिँचाइ नीति, २०८०, नदी तथा जल उत्पन्न  विपद् व्यवस्थापन नीति, २०८० स्वीकृत भइसकेको छ। जल तथा मौसम सेवालाई अझ विश्वसनीय बनाउनका साथै पूर्वानुमान पूर्व सूचना प्रभावकारी सम्प्रेषण गरी गुणस्तरीय सेवा प्रवाह गर्न जल तथा मौसम विज्ञान नीति स्वीकृतिको लागि प्रक्रिया अगाडि बढेको छ।  सिँचाइ विकास तथा व्यवस्थापन विधेयक र नदी तथा व्यवस्थापन विधेयक आगामी आर्थिक वर्षमा सम्मानित सदनमा पेस गर्ने योजना रहेको छ। जल तथा मौसम पूर्वानुमान तथा पूर्व सूचना प्रणाली सुदृढीकरणका लागि मधेस प्रदेश लगायतका नदी तटीय क्षेत्र र सहरी क्षेत्रमा बाढी पूर्वानुमान केन्द्र सञ्जाल विस्तार गर्ने कार्यक्रम रहेको छ।

विद्युत सेवालाई भरपर्दो बनाउन विद्युत विधेयक तयार गरी संसदमा पेस गरिएको छ। “नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता विधेयक, २०८१” सम्बन्धी विधेयक सम्मानित सदन पेस भइसकेको छ। साथै विद्युत आयोजनाको अनुमति पत्रसम्बन्धी निर्देशिका, २०७५ बमोजिम उत्पादन अनुमति पत्र रद्द भएका नेपाल सरकारको आफ्नै खर्च वा नेपाल सरकारको स्वामित्वमा रहेका तथा अन्य कुनै कारण बस सर्वेक्षण अनुपति पत्रहरू उत्पादन अनुमति पत्र रद्द भएका २० मेगावाट भन्दा माथिका आयोजनाहरूलाई आयोजना बैंकमा राख्ने गरिएको छ।यसरी आयोजना बैंकमा रहेका आयोजनाहरूलाई प्रतिस्पर्धामार्फत निर्माण कार्य अगाडि बढाउन प्रक्रिया अगाडि बढाइएको छ।

दीर्घकालीन रूपमा आन्तरिक उत्पादनबाटै विद्युतमा आत्मनिर्भर हुने उद्देश्यले विद्युत आयोजनाहरूको उत्पादन समिश्रण  generation Mix, energy mix पनि भन्ने गरिएको छ like का लागि जलासययुक्त तथा पम्पेस्टोरेज ३० देखि ३५ प्रतिशत, विकिङ रन अफ द रिभर २५ देखि ३० प्रतिशत, रन अफ द रिभर ३० देखि ३५ प्रतिशत र अन्य वैकल्पिक स्रोत ५ देखि१० प्रतिशत वमोजिमको कार्यहरू भइरहेको छ सो अन्तर्गत १५०० मेगावाटको विद्युत खरिद सम्झौता, माथि उल्लेखित व्यवस्था उत्पादन,समिश्रण अनुरूप गरिएको छ।हाल थप ८०० मेघावाटको सोलार आयोजनाहरूको लागि प्रतिस्पर्धामार्फत विद्युत खरिद सम्झौता गर्न बोलपत्र आह्वान भइसकेको र मूल्याङ्कनको प्रक्रियामा रहेको छ।

त्यसैगरी, १० मेगावाट वा सोभन्दा कम क्षमताको जलविद्युत आयोजनाहरूको विद्युत खरिद सम्झौता खुल्ला गरिएको छ र पिपीएको लागि अब त्यहाँ लाइनमा रहनु नपर्ने स्थिति सिर्जना गरिएको छ। ग्रीन हाइड्रोजन स्वच्छ ऊर्जा रूपान्तरणमा योगदान गर्ने ठुलो सम्भावनाको रूपमा रहन

सक्ने देखिएको छ। विद्युत खरिद बिक्री सम्झौता भएकाले विद्युत उत्पादनको विभिन्न चरणमा रहेका आयोजनाबाट आगामी केही वर्षभित्रमा ठुलो मात्रामा उत्पादन हुने सम्भावना रहेको छ।

जलविद्युतको खपतलाई बढाउन र दिगो तथा स्वच्छ औद्योगिकीकरणको गतिलाई तीव्रता दिन green hydrogen को उत्पादन र उपयोग आगामी दिनमा अपरिहार्य देखिएकोले ग्रीन हाइड्रोजन नीति, २०७९ ल्याइएको छ। यसको कार्यान्वयका लागि आवश्यक नीतिगत, संस्थागत र कार्यप्रणालीगत कदमहरू प्राथमिकताका साथ अगाडि बढाइनछ।

अन्त्यमा, माननीयज्यूहरूले, सदनमा उठाउनुभएका प्रश्न तथा दिनुभएको सुझाव सल्लाह अनुसार ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले प्रभावकारी कार्य सम्पादन गर्नेछ भन्ने विश्वास दिलाउन चाहन्छु। धन्यवाद।

(१५:४३ बजे)<u>सम्माननीय अध्यक्षः-</u>माननीय सदस्यहरू, माननीय ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु। स्पष्टकरण माग गर्न चाहानुहुने प्रत्येक माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरू, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग सम्बन्धित विनियोजन विधेयक, २०८१ माथिको विनियोजन शीर्षकमा माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेत दिनुभएको जवाफको सम्बन्धमा स्पष्टीकरण माग गर्न कुनै पनि माननीय सदस्यहरूबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउछु।

माननीय सदस्यहरू, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म माननीय उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठलाई परराष्ट्र मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१५:४४ बजे)<u>माननीय उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायण काजी श्रेष्ठः-</u> सम्माननीय अध्यक्षज्यू, विनियोजन विधेक, २०८१ अन्तर्गत परराष्ट्र मन्त्रालयका सम्बन्धमा विनियोजित बजेट र

कार्यक्रमका सन्दर्भमा राष्ट्रिय सभामा भएको छलफलमा माननीय सदस्यहरूले राख्नुभएका जिज्ञासाहरूका सन्दर्भमा म त्यसलाई सम्बोधन गर्ने उद्देश्यका साथ यहाँ उपस्थित भएको छु।

सम्माननीय अध्यक्षज्यूको त अनुमति मलाई प्राप्त भो र त्यसकारणले बोल्न सुरु गरे माननीय नारायण दत्त मिश्रजी कहाँ पाल्नु भएछ? बोलुम भनेर सोध्न मन लागेको थियो। तैपनि सम्माननीय अध्यक्षज्यूको निर्देशनले मैले अगाडि बढ्छु।

माननीय सदस्यज्यूहरूले असङ्लग्न परराष्ट्र नीति, छिमेकीपनसँगको सम्बन्ध,नेपालको सिमाना, नक्सा, BRI, विदेशी सेनामा नेपालीको भर्ती, विदेशी सेनामा रहेको नेपालीहरू, वैदेशिक रोजगारीमा रहेको नेपालीहरूको सहजीकरण, गैरआवासीय नेपालीहरू, जलवायु परिवर्तन, राजदूत नियुक्ति आदि विषयमा यहाँ जिज्ञासापूर्वक चर्चा गर्नु भएको छ। म तिनै विषयमा संक्षेपमा प्रकाश पार्ने प्रयत्न गर्नेछु। नेपालको परराष्ट्र नीतिका सन्दर्भमा नेपालको संविधानले निर्दिष्ट गरेको छ। परराष्ट्र नीतिको मूल लक्ष्य परराष्ट्र सम्बन्धको मूल लक्ष्य नेपालको राष्ट्रिय सार्भभौमिकत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वाभिमान र हितका रक्षा गर्नु हो। भन्ने कुरा हामी सबैलाई प्रष्ट नै छ र यसको मार्गनिर्देशक आधार स्वतन्त्र परराष्ट्र नीति असङ्लग्नता, पञ्चशीलको सिद्धान्त, संयुक्त राष्ट्र संघको बडापत्र, सर्वस्वीकार्य अन्तर्राष्ट्रिय कानुनका मान्यताहरू हुन्। र यसमा स्वाभाविक रूपमा हाम्रो राष्ट्रिय हित सर्वोपरि रहन्छ। यसका त्यसैले गर्दाखेरि अहिलेको हाम्रो सन्दर्भमा हामीले परराष्ट्र नीति, परराष्ट्र सम्बन्ध र कूटनीतिको कुराकानी गर्दा संक्षेषित रूपमा दुईटा कार्यभारलाई हामीले केन्द्रमा राख्नुपर्छ एउटा मैले भने कि हाम्रो सार्भभौमसत्ता, नेपाली जनताको आत्म निर्णयको अधिकारको रक्षा । यो कुरा अहिलेको बदलिदो विश्व परिस्थिति त्यसमाथि पनि एसिया केन्द्रित हुँदै गएको विश्व परिस्थिति र हाम्रो भुराजनीतिक पअवस्थितिले पैदा गरेको संवेदनशीलता र त्यसले पैदा गरेको चुनौतीहरूको बीचबाट हामीले हाम्रो राष्ट्रिय सार्वभौमिकता र आत्मनिर्णयको अधिकार र हितको रक्षा गर्ने कार्यलाई सम्पन्न गर्नु छ। यो अत्यन्तै चुनौतीपूर्ण कार्यभार हो। तर हामीले हाम्रा पुर्खाहरूले अरु सारा छिमेकी लगायतका विश्वका अधिकाङ्श देशहरू एउटामा अर्को साम्राज्यवादी देशहरूको उपनिवेश भएको अवस्थामा पनि हाम्रो देशलाई भने कसैको प्रत्यक्ष उपनिवेश हुन दिनुभएन र हामी त्यस्तो देशको नागरिक हुन पाएकोमा आज हामी गर्व गर्छौं र आज हाम्रो प्रमुख राष्ट्रिय कार्यभार भनेको स्वाभाविक रूपमा यो देशको सार्भभौमसत्ता, स्वाधीनता, स्वाभिमान र हितको रक्षा गर्नु हो। भने अर्कोतिर हाम्रो आजको केन्द्रीय कार्यभार विशेषत युगान्तकारी महत्त्वको ऐतिहासिक राजनीतिक

परिवर्तन पछाडि आजको हाम्रो केन्द्रीय कार्यभारका रूपमा सामाजिक आर्थिक रूपान्तरण र समृद्धि रहेको छ।

जनताको शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्यान्न, आवास, बाटोघाटो, खानेपानी, सञ्चार लगायतका आवश्यकताहरू पूरा गरेर नेपाली समाजमा समृद्धि र विकासको प्रक्रियालाई तिव्र पारेर फड्कोको बिन्दुमा पुर्‍याउनु। यो राजनीतिक परिवर्तनले खाली राजनीतिक अधिकार मात्र दिएको छैन यो राजनीतिक परिवर्तनलाई माध्यम र साधन बनाएर हाम्रो सामाजिक आर्थिक रूपान्तरण भएको छ, देश समृद्ध भएको छ र समाधान भएको छ भनेर अनुभूति जनतालाई गराउनु आजको केन्द्रीय कार्यभार हो। परराष्ट्र नीतिले यो कार्यभारलाई पनि सेवा पुर्‍याउनु जरुरी छ। त्यसकारणले आर्थिक कूटनीतिद्वारा आर्थिक समृद्धिको हाम्रो लक्ष्यलाई यथसक्य सहयोग पुर्‍याउनुपर्ने आज हामीले जोड दिनु छ। त्यसैले यो दुईवटा कुरामा हाम्रो परराष्ट्र नीति र परराष्ट्र सम्बन्ध र कूटनीतिले आफ्नो कार्यभारलाई कार्यभारको केन्द्रबिन्दुमा राखेको छ। हामी त्यसको लागि सबै देशहरूसँग सम्बन्ध केका आधारमा गर्छौं भन्दाखेरि मूलभूत रूपमा चारवटा मान्यताहरूको आधारमा गर्छौं। हाम्रो प्रष्ट नीति छ।

एउटा हाम्रो सार्वभौमिक समानता, देश ठुलो होस्, सानो होस्, विकसित होस्, अविकसित होस्, शक्तिशाली होस्,कमजोर होस् हाम्रो सम्बन्धको मूल आधार भनेको सार्वभौमिक समानता हो।सार्भभौमसत्ता सम्पन्न राष्ट्रहरूको रूपमा एकले अर्कासँग सम्बन्ध राख्ने कुरालाई हामीले मुख्य बनाउँछौं।

दोस्रो, पारस्पारिक हित दुवै देशहरू को बीचमा एकआपसमा लाभ के हुन सक्छ? पारस्परिक लाभका आधारमा हामी सम्बन्ध राख्छौं।

तेस्रो, हरेक देशहरूसँगको हाम्रो सम्बन्धको विशिष्टता विशिष्ट पक्षहरूको आधारमा पनि हामी सम्बन्ध बनाउँछौं, विकसित गर्छौं।

र त्यसका साथसाथै चौथो कुरा सबैसँग मित्रता कसैसँग छैन शत्रुताको मान्यताको आधारमा हामी अगाडि बढ्छौं। यसको साथसाथै हाम्रो देशले स्वतन्त्र परराष्ट्र नीतिको अवलम्बन गर्दा अर्को दुईटा कुरालाई पनि हाम्रो परराष्ट्र सम्बन्ध र परराष्ट्र नीतिको एउटा महत्त्वपूर्ण पक्षको रूपमा जोड दिएको छ। हामीले प्रष्ट भनेका छौं, हाम्रा छिमेकीहरूको वा हाम्रा मित्रहरूको जायज संवेदनशीलतालाई हाम्रो नेपालको राष्ट्रिय हित विरुद्ध नजाने हदसम्म हामी सम्बोधन गर्न तयार छौं।

दोस्रो हामी कुनै देश हाम्रा छिमेकी वा मित्र देशको विरुद्ध अर्को देशको पक्षमा वा अरु कुनै देशको विरुद्ध अर्को देशको पक्षमा रहदैनौं। यो हाम्रो प्रष्ट नीति हो। यसै आधारमा हाम्रो परराष्ट्र नीति र परराष्ट्र सम्बन्ध र कुटनीतिक अभ्यासहरू अगाडि बढछन्।

हाम्रो अर्को पक्ष जो छ आर्थिक कूटनीतिको बारेमा मैले चर्चा नै गरिहालेछु त्यसलाई अहिले हामी महत्त्वको साथ अख्तियार गर्ने नीति अपनाएका छौं अहिलेको बजेटमा पनि त्यो कुरा प्रष्टसँग उल्लेख भएको छ।जहाँसम्म छिमेकीसँगको सम्बन्धको बारेमा जिज्ञासा हो हाम्रा दुईटा विशाल छिमेकीहरू, अर्थतन्त्र अत्यन्तै तीव्र रूपमा विकास हुँदै गरेका छिमेकीहरू दुवैसँग हामी असल मैत्रीपूर्ण छिमेकी सम्बन्ध कायम गर्न चाहन्छौं। हाम्रो तर्फबाट त्यस निम्ति सम्पूर्ण तत्परता र प्रयत्न रहिआएको छ र रहने छ।यसमा उत्तरी छिमेक चिनसँग होस् वा दक्षिणी छिमेक भारतसँग होस्। हामीले राजनीतिक रूपले proximity equiproximity को नीति अन्तर्गत सम्बन्ध राख्छौं। समन्वयकर्ताको आधारमा सम्बन्ध राख्छौ। तर दुवै छिमेकीहरूसँग आआफ्नो सम्बन्धका विशिष्ट आयामहरू पनि छन त्यसलाई पनि हामी गहिरो गरी ध्यान दिन्छौं र त्यसको आधारमा हाम्रो छिमेकी सम्बन्धहरू अगाडि बढ्छन्।

चीनसँग हाम्रो कुनै आधारभूत समस्या छैन भारतसँग हामी अत्यन्तै अहिले आर्थिक सम्बन्धको कोणबाट पछिल्लो समयमा पनि हामी सकारात्मक दिशातिर अगाडि बढीराखेका छौं त्यसलाई अझ उन्नत बनाउन हामी प्रयत्न गरिराखेका छौं। तर इतिहासले छोडेका कतिपय विषयहरू हाम्रो अगाडि छन्। त्यसलाई हामीले टेबलमा बसेर वार्ता र कूटनीतिको माध्यमद्वारा समाधान गर्नुपर्छ र समाधान गर्न नसकिने विषय पनि छैन। तर तत्काले भने नेपाली जनताको आत्मनिर्णयको अधिकारको सुनिश्चितता नेपाली जनताले नेपालको बारेमा आफैले फैसला गर्ने सुनिश्चितता र नेपालको पनि आर्थिक प्रगति हितलाई केन्द्रबिन्दुमा राखेर हामी काम अगाडि बढाउँछौं र इतिहासदेखि हामीले पाइआएका समस्याहरू चाहे सन्धि सम्झौताका समस्या होस्, चाहे सीमाका समस्या होस्। यस्ता समस्याहरूको बारेमा हामी हाम्रा राजनीतिक उच्चतहमा र मुख्यतः कूटनीतिक माध्यम द्वारा स्थापित संयन्त्रहरू जो छन त्यसबाट छलफल गर्दै अगाडि बढेर समाधान गर्न चाहन्छौं र हाम्रो यो सम्बन्धलाई त्यसकारणले गर्दाखेरि हामीले हाम्रो सामाजिक, सांस्कृतिक, जनस्तरको जुन सम्बन्धको प्रगाढता छ, गहिराई छ त्यसलाई पनि ध्यान दिएर हामी विकसित गर्न चाहन्छौं। त्यसैले यो कुरामा हामी प्रष्टताका साथ दुवै छिमेकीहरूसँगको सम्बन्धलाई अगाडि बढाउन हामी प्रयत्न गरिराखेका छौं।

हाम्रो छिमेकीहरूको सम्बन्धको आधारमा हामी स्वतन्त्र र सन्तुलित ढङ्गबाट सञ्चालन गर्ने एकअर्काका सुरक्षा संवेदनशीलतामा ध्यान दिने र छिमेकी मात्रको आर्थिक विकास र समृद्धिबाट लाभ लिने गरी सहयोगका नयाँ क्षेत्रको पहिचान एवं साझा हितको विषयमा साझेदारी प्रवर्धन गर्ने नीतिगत मार्गनिर्देशनमा अडिग रहेर नै परराष्ट्रमन्त्रीले कूटनीति सञ्चालन गर्दै आएको छ र गर्नेछ। तसर्थ असङ्लग्न परराष्ट्र नीति, स्वतन्त्र परराष्ट्र नीतिको अवलम्बन तर्फ नेपालको प्रतिबद्धता अटुट रहेको म प्रष्ट पार्न चाहन्छु। छिमेकीहरूको लाई प्राथमिकता दिने हाम्रो परराष्ट्र सम्बन्धको नीति रहिआएको छ। छिमेकीहरूको प्राथमिकता सँगसँगै हामीले विश्वमा प्रभावशाली भूमिका खेल्ने हाम्रा मित्र राष्ट्रहरू, श्रम गन्तव्य मुलुकहरू, क्षेत्रीयता बहुपक्षीय संयुक्त राष्ट्रसंघ जस्ता सङ्गठन र संस्थाहरू र सबै मित्र राष्ट्रहरूसँग हामी दौत्य सम्बन्धलाई सुदृढ गर्ने, मैत्रीपूर्ण सम्बन्धलाई सुदृढ गर्ने, पारस्परिक सहयोग सम्बन्धलाई नयाँ सिराबाट खोजी गर्ने र अझ बढाउने दिशातिर केन्द्रित हुनेछौं। जहाँसम्म नेपालको सिमाना तथा नक्साको सम्बन्धको विषय छ। हामी सबैलाई थाहा छ। कि नेपालको अन्तर्राष्ट्रिय सीमा, सम्मानित सदन, माननीय सदस्यहरू, नेपाल सरकार हामी सबैबाट प्रष्ट र trained नै छौं। यस सम्बन्धमा हाम्रो अभूतपूर्व राष्ट्रिय सहमति कायम भएको छ। मिति ७७|३|४ मा संविधानको दोस्रो संशोधनमार्फत नयाँ नक्सा समेटी संविधानको अनुसूची ३ मा रहेको नेपालको निशाना छाप अद्यावधिक गरिएको तथ्य हामी सबैलाई अवगत नै छ।

नेपाल सरकार नेपाल भारतको सुगौली सन्धि १८१६ बमोजिम लिम्पियाधुरा, कालापानी र लिपुलेकलगायत महाकाली नदीको, जसलाई पहिला काली नदी पनि भनिन्थ्यो। महाकाली नदीको पूर्वका सबै भूभाग नेपालको हो भन्ने कुरामा दृढ र स्पष्ट छ। यस्ता विषयहरू हामीले हाम्रो इतिहासले हामीलाई दिएका संवेदनशील विषयहरू हुन् त्यस सम्बन्धमा वार्ता र कूटनीतिको माध्यमबाट समाधान गर्ने हाम्रो नीति रहेको छ। त्यही नीतिद्वारा यसलाई पनि समाधान गर्न हामी पहल गर्ने छौं। भर्खरै सम्पन्न सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणको क्रममा पनि सीमा लगायतका सबै विषयका विद्यमान संयन्त्रलाई क्रियाशील बनाई सकेसम्म छिटो समस्याको समाधान गर्न प्रधानमन्त्रीले आग्रह गर्नुभएको छ र भारतीय प्रधानमन्त्रीले त्यसलाई सकारात्मक रूपमा सबै मेकानिजमलाई अगाडि बढाउने सहमति गर्नुभएको छ भन्ने जानकारी सम्माननीय प्रधानमन्त्रीजीले गराइसक्नु भएको छ ।

नेपाल भारत सीमा कार्य समूह Nepal India Boundary working Group ले नेपाल भारत सिमानामा सीमा स्तम्भको निर्माण पुर्नस्थापना र मर्मतका साथै दशगजा एवं क्रसहोल्डिङको लगत

तयार गर्ने जस्ता प्राविधिक कार्य निरन्तर रूपमा हुँदै आएका छन्। २०८० साल पुस १९ मा सम्पन्न नेपाल भारत संयुक्त आयोगको सातौं बैठकमा दुवै पक्षले सिमानाको विषयमा छलफल गरेको र नेपाल भारत सीमाको बाँकी खण्डका काम चाँडोभन्दा चाँडो सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त भए अनुरूप परराष्ट्र मन्त्रालयमार्फत नेपाल भारत सीमा कार्यसमूहको सातौं बैठकका निम्ति भारतीय पक्षलाई कूटनीतिक माध्यमबाट पत्राचार भइसकेको छ। सीमापार अपराध न्यूनीकरणका लागि विद्यमान दुई पक्षीय संयन्त्रलाई क्रियाशील पार्ने प्रक्रिया पनि अगाडि बढेको छ। त्यसैगरी नेपाल चीनबीच यदाकदा देखिने सीमा समस्याको समाधान गर्न दुई पक्षीय छलफल र सहमति हुदै आएका छन्। दुई देशका परराष्ट्रमन्त्रीहरूबिच भएको दुईपक्षीय भेटवार्तामा आपसी परामर्शमा नेपाल चीन संयुक्त सीमा निरीक्षणसम्बन्धी कार्य अगाडि बढाउने सहमति भएको कुरा पनि म यस सम्मानित सदनमा जानकारी गराउन चाहन्छु।

दुई साता अघि मात्रै बेइजिङमा सीमासम्बन्धी नेपाल र चीनबीच संयुक्त विज्ञसमूहको बैठक सम्पन्न भएको छ। यस सदनमा माननीय सदस्यहरूले नेपाल र चीनबीच २०१७ मा MOU मा हस्ताक्षर BRI का बारेमा पनि केही जिज्ञासा राखुभएको छ। BRI का सन्दर्भमा हामीले २०१७ मा समझदारी पत्र Memorandum of Understanding (MOU) मा हस्ताक्षर गऱ्यौं। त्यसपछाडि त्यसको अलि व्याख्यात्मक रूप BRI implementation plan मा त्यसपछि नै लगातार छलफल हुँदै आयो र त्यसको मस्यौदा तयार भयो। त्यो मस्यौदा तयार भइसकेपछि त्यो करिब करिब मस्यौदा अन्तिम बिन्दुमा पुगिसकेको स्थिति हो। र त्यसलाई हस्ताक्षर गर्ने हाम्रो नीति छ। नेपाल र चीनको बीचमा BRI implementation plan लाई मस्यौदालाई अन्तिम रूप दिएर हस्ताक्षर गर्ने सरकारको नीति रहेको छ। यसमा कुनै द्विविधा छैन। के प्रश्नहरू उठाउने गरिएको छ भने ऋण हो कि अनुदान हो यो विषयमा छलफलछलफल नगरीकन हस्ताक्षर गर्नुभएको भएन भन्ने कुरा पनि यदाकदा सुन्नमा आएको छ। परराष्ट्र मन्त्रालयकै नेतृत्वको जिम्मेवारी सम्हालिरहेको र देशको सबभन्दा ठुलो पार्टीका कतिपय नेताहरू बाट नै यस प्रकारको कुराहरू आउँदा म कहिलेकाहीँ आश्चर्यचकित पनि हुन्छु जहाँ स्पष्टता छैन, त्यहाँ स्पष्टताको निम्ति अनुरोध गर्छु।

कुरो के हो भने यो BRI implementation plan भनेको project agreement होइन। यो चाहिँ MOU कै विस्तारित व्याख्यात्मक रूपमात्रै हो। यसमा कुन प्रोजेक्ट अनुदानमा लिने वा ऋण लिने छलफल हुँदैन यसमा नीतिगत रूपमा के भनिएको छ भने अनुदान पनि सहुलियतपूर्ण ऋण पनि ऋण, पनि हुन सक्छ दुवै देशले सहमति गरेका यो सहयोगको मोडालिटी मान्यता मापदण्ड अनुसार

दुवै देशको हित अनुरूप त्यसमा दुवै देशले सहमति गरेअनुसार योजनाहरू सञ्चालन हुने छन। अब तेस्रो फेजमा जान्छौं हामी। कुन योजना लिने हाम्रो देशको राष्ट्रिय हितलाई सम्बोधन गर्ने गरी हाम्रो राष्ट्रिय आवश्यकता अनुसार हामी अनुसार हामी योजना छान्छौं त्यसपछि त्यो स्वाभाविक रूपमा हाम्रो प्राथमिकता grant मा हुन्छ, soft loan मा हुन्छ। त्यसपछि के गर्ने भन्ने कुरा छलफल गरेर गरिन्छ तर एउटा कुरा निश्चित छ कि हाम्रो राष्ट्रको हित विपरीत हुनेगरी तेस्रो फेजको योजनागत सम्झौतामा पनि हामी जाने स्थिति हुँदैन तर अहिले तेस्रो फेजमा गएकै छैन। MOU पछिको विस्तारित सम्झौताको चरण छ। त्यहाँ अनुदान सहुलियतपूर्ण ऋण सबै व्यवस्था गरिएको छ। त्यो फेजमा जानु भनेको १७ मा MOU गर्दाको त्यसको तार्किक निष्कर्ष हो। यसमा हामी सही गर्नुपर्छ हस्ताक्षर गर्नुपर्छ दस्तावेजलाई अन्तिम रूप दिएर त्यसपछि तेस्रो फेजमा गएर हामीले छलफल गर्नुपर्छ।

त्यसो गर्दा हाम्रो राष्ट्रिय स्वार्थ पूरा हुने गरी हाम्रो राष्ट्रिय लाभको योजनाहरूलाई प्राथमिकता दिएर हामीले अनुदानमा लिने कि स्वाभाविकमा हामी अनुदानमै प्राथमिकता दिन्छौ। अनुदानमा कति? सहुलियतपूर्ण ऋणमा कति भन्ने कुराको आधारमा हामी त्यसपछि अगाडि बढ्ने हो। त्यसकारणले यसमा अस्पष्ट हुनुपर्ने द्विविधा हुनुपर्ने कुनै कारण छैन। म यो कुरा स्पष्ट पार्न चाहन्छु।

विदेशी सेनामा नेपालको भर्ती तथा रुसी सेनामा रहेको नेपालीका सम्बन्धमा सम्माननीय अध्यक्षज्यू, नेपालको एउटा प्रष्ट नीति रहिआएको छ। हाम्रो नेपालका नागरिकहरू कुनै पनि विदेशी सेनामा भर्ना हुने अनुमति हामीले दिँदैनौं। मात्र जससँग हाम्रो परम्परागत सम्झौताको आधारमा भर्नाको क्रम चलिरहेको छ।

१९४७ को त्रिपक्षीय सन्धिलाई आधार मान्दै अहिलेसम्म ब्रिटिशसँग र भारतसँग त्यस प्रकारको ब्रिटिश सेनामा र भारतीय सेनामा पनि नेपाली सेना नेपाली नागरिकको भर्तीको प्रक्रिया अगाडि बढिरहेको स्थिति, त्यो बाहेक अरु कुनै पनि देशको सेनामा राष्ट्रिय सेनामा हाम्रो देशको कुनै पनि नागरिकलाई भर्ना हुने अनुमति सरकारले दिँदैन यो कुरा हामीले प्रष्ट गरेका छौं। त्यसकारणले यसबाहेक जति देशमा अहिले रुसको बढी चर्चा भएको छ। जती देशमा नेपाली नागरिकहरू त्यहाँको राष्ट्रिय सेनामा भर्ना हुन गएका छन् त्यो चाहिँ नेपाल राज्यको जानकारी बिना नेपाल सरकारको जानकारी विना अनुमति त प्रश्नै छैन। त्यस्तो स्थिति उत्पन्न भएको छ र त्यही क्रममा रुसको सेनामा विशेषतः युक्रेनसँगको युद्धको प्रकरणमा क्षतिको प्रक्रिया अगाडि बढिसकेपछि हामीलाई त्यो

संवेदनशील रूपमा जानकारी प्राप्त भएको हो। जहाँसम्म रुस युक्रेन युद्धमा रुसको तर्फबाट नेपाली नागरिकहरूलाई रुसी सेनामा राखेर त्यो युद्धमा लगिएको र त्यस क्रममा थुप्रै नेपालीहरूले ज्यान गुमाउनु परेको तथ्य हो। कतिपय घाइते भएका छन् र कतिपयको स्थिति कुन अवस्थामा छ भने हामीलाई आधिकारिक जानकारी प्राप्त छैन।

सम्माननीय अध्यक्षज्यू, म यस मामिलामा यो सदन र यो सदनमार्फत सबैलाई पनि विशेष अनुरोध गर्न चाहन्छु। यस्तो मामिलामा हामीले एक ढिक्का भएर कुन प्रयत्न र उपायद्वारा नेपालीहरूको जो विदेशी सेनामा छन् उनीहरूको हित रक्षा गर्न सकिन्छ वा उनीहरूलाई जो क्षति छ त्यसबाट बचाउन सकिन्छ र त्यसमा कसरी ल्याउन सकिन्छ भनेर उपाय खोज्नु जरुरी छ। त्यसमा कुनै ढङ्गले बढी चर्चा परिचर्चा गरेर यो हल हुनेवाला छैन भने समस्या झन बल्झिन सक्छ। हामीले रुससँग पाँचवटा कुराकानी गरेका छौं, एउटा नेपाली नागरिकहरू तपाईंहरूको राष्ट्रिय सेनामा कति छन् र तिनको अवस्था के छ हामीलाई जानकारी दिनुहोस् भनेका छौं । दोस्रो, जति नेपाली नागरिकहरू रुसी सेनामा भर्ना भएर युक्रेनसँगको युद्धमा गएका कारणले मृत्यु भएको छ त्यो मृत्यु भएकाहरूको चाहिँ क्षतिपूर्ति दिनपर्‍यो। त्यो छिटो दिनपर्‍यो।

तेस्रो, सकेसम्म उनीहरूको शव परम्परागत विधिद्वारा आफ्नै गाउँ ठाउँमा आफ्नो घरमा सत्गद गर्नको लागि सब पठाइदिनु पर्‍यो। चौथो, नेपाली नागरिकहरू जतिले त्यहाँ contract साइन गरेर रुसी सेनामा भर्ना भएको छन्। सबैको contract cancel गर्दिनु पर्‍यो र सबै नेपालीहरूलाई तपाईंहरूले नेपाल फर्काइदिन पर्‍यो, भनेका छौं र पाँचौं कुरा रूसी सेनामा भर्ना भएर युक्रेनसँग लड्ने क्रममा युक्रेनले हाम्रा कतिपय नेपालीनागरिकहरूलाई युद्धबन्दीको रूपमा अहिले कब्जा गरेर राखेको छ। तपाईले prisoner of war का रूपमा उनीहरूलाई मुक्त गर्न प्राथमिकता दिएर त्यो exchange गर्नु पर्यो र हाम्रो युक्रेनमा रहेका युद्धबन्दीको रूपमा रहेका नेपालीहरूलाई छिटोभन्दा छिटो मुक्त मुक्त गर्न तपाईंले भूमिका खेल्नुपर्‍यो। भनेर हामीले यो कुरा राखेका छौं, मैले नै रुसको विदेशमन्त्री Lavorv सँग कुराकानी गरे फोनमा यी सबै विषयमा छलफल गरियो।

हाम्रो मन्त्रालयको तर्फबाट यहाँ काठमाडौंस्थित रूसको राजदूतावासमा लगातार कुराकानी भइराखेको छ। हाम्रो मस्कोस्थित राजदूतावासले रुसको परराष्ट्रमन्त्रालय र सम्बन्धित अरु मन्त्रालयसँग सम्पर्क राखेर कुराकानी गरिराखेको छ। र लगातार त्यसको निम्ति हामी पहल गरिराखेका छौं। यसमा सैद्धान्तिक रूपमा नेपाली नागरिकहरूलाई रुसी सेनाबाट बिदा दिएर नेपाल फर्काउने कुरामा हाम्रो सहमति छ तर त्यसको modality को बारेमा हामीले छलफल गरेर तय गर्न

बाँकी नै छ भन्ने रुसी सरकारको आधिकारिक जानकारी हामीलाई प्राप्त भएको छ। तर त्यो कार्य त्यस रूपमा भनिए पनि अहिलेसम्म त्यो प्रक्रिया व्यवस्थित रूपमा सुरु भएको छैन। र कतिपय नेपालीहरूले आफूले नै विभिन्न ढङ्गले उपाय गरेर देश फर्कने क्रम भने जारी छ।र यस सम्बन्धमा जसको मृत्यु भएको छ सातजनाको क्षतिपूर्तिको प्रक्रिया आधिकारिक रूपमा अगाडि बढेको छ। अरुको त क्षतिपूर्तिको प्रक्रिया पनि वढ्ने क्रम बाँकी नै छ। अहिले भर्खरै मात्र इरानमा एसिया co-operation dialogue को ministerial meeting मा जाँदा रुसको उपविदेश मन्त्रीसँग पनि हामीले यस बारेमा गम्भीर छलफल गर्‍यौं । छलफल गरिसकेपछि उहाँले पनि सकारात्मक जवाफ दिनुभएको छ। तर त्यो सकारात्मक जवाफ व्यवहारमा अनुवाद हुने क्रमका निम्ति हामीले अझै धेरै मेहनत गर्नुपर्ने आवश्यकता देखिन्छ हामी प्रयत्न जारी राखेका छौं।हाम्रो मस्कोस्थित राजदूतले तुरुन्तै उहाँलाई भेट्ने त्यसपछि उहाँसँग समझदारी भएका केही प्रक्रियाहरू पनि छन्। त्यो प्रक्रियाहरू अगाडि बढाउन हामीले निर्देशन जारी गरेका छौं र हाम्रो सम्पूर्ण ध्यान र प्रयत्न हामीले त्यसरी रुसको सेनामा भर्ना हुन पुग्नुभएका नेपाली नागरिकहरूको जीवन रक्षाको निम्ति, क्षतिपूर्तिको निम्ति, उहाँहरूलाई नेपालमा सम्पूर्ण रूपमा ल्याउनको निम्ति गरि राखेका छौं। हामी सबै एकताबद्ध भएर तर कुशलतापूर्वक कूटनीतिक माध्यमको प्रयोग गरेर आवश्यक सबै कूटनीतिक उपायहरूको अवलम्बन गरेर मात्र यो काम पूरा गर्न सकिन्छ। यसमा सबैलाई विषयको संवेदनशीलतालाई बुझिदिन पनि म विशेष अनुरोध गर्न चाहन्छु।युक्रेनमा रहेका युद्धबन्दीको रूपमा रहेका नेपाली नागरिकहरूको सन्दर्भमा पनि हामी युक्रेनसँग पनि कूटनीतिक वार्ता गरिराखेका छौं।मैले अघि भने चाहे रुसी सेनामा रहेका नेपाली नागरिकलाई यहाँ ल्याउने सन्दर्भमा होस् चाहे युक्रेनमा युद्धबन्दीमा रहेका नेपालीहरूलाई मुक्त गर्ने सवालमा होस्। सम्बन्धित देशहरूको कूटनीतिक वार्ताका अतिरिक्त हामीले कूटनीतिक माध्यमबाट हरसम्भव अरु प्रयत्नहरू पनि जति सम्भव छ त्यो अगाडि बढाइराखेका छौं। यो कुरा पनि म यो सदनलाई जानकारी गराउन चाहन्छु।

विदेशी वैदेशिक रोजगारीमा रहेका नेपालीलाई सहजीकरण गर्ने सम्बन्धमा विदेशमा अप्ठ्यारोमा परेका नेपालीहरूको उद्धार एवं आवश्यकता अनुसार नेपाल फर्कन सहजीकरण गर्ने कार्यलाई नियोगहरूले उच्च प्राथमिकतामा राखेका छन्। वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्न नेपाली राजदूत तथा नियोग प्रमुखहरूलाई अभिमुखीकरण गरिएको छ। विदेशमा रहेका नेपालीहरूको हकहित र सुरक्षाप्रति संवेदनशील हुनेतर्फ नेपाली राजदूत तथा नियोग प्रमुखहरूलाई अभिमुखीकरण गरिएको छ।

विदेशमा अप्ठ्यारोमा परेका नेपालीहरूको उद्धार एवं आवश्यकता अनुसार नेपाल फर्कन सहजीकरण गर्ने कार्यलाई नियोगहरूले उच्च प्राथमिकतामा राखेका छन्। विदेशमा रहेका नेपालीहरूको हकहितको सुरक्षा गर्न र आवश्यक सहयोग उपलब्ध गराउन विदेशस्थित नेपाली नियोगको भूमिकालाई थप प्रभावकारी बनाउन मन्त्रालय प्रतिबद्ध रहेको छ। विदेशमा हुने मृत्यु तथा कानुनी सजायका सम्बन्धमा ती देशहरूको कानुन बमोजिम प्रहरी अनुसन्धान तथा न्याय निरूपणमा केही समय लाग्ने भएकोले नेपाली नियोगले नागरिकको शव पठाउने तथा क्षतिपूर्तिको रकम दिलाउने प्रक्रियालाई अनलाइन प्रणालीमार्फत आवेदन गर्न सक्ने बनाइएको छ। नियोगहरूबाट यस प्रकारको सेवा चौबीसै घण्टा प्राप्त हुन सक्ने गरी व्यवस्था मिलाइएको जानकारी गराउन चाहन्छु।

म सम्माननीय अध्यक्षज्यूमार्फत यो सदन र सिङ्गो देशलाई अझ थप जानकारी दिन चाहन्छु कि कन्सुलर सर्भिसको बारेमा अहिले माननीयज्यूहरूले कतिपय नेताहरूले वा कतिपय जिम्मेवार व्यक्तिहरूले मन्त्रालयमा मन्त्रीलाई नै भेटेर गर्नुपर्‍यो भनेर लिएर आउनुहुन्छ। अहिले मन्त्रालयमा कुरा के छोडनुस कन्सुलर अफिसमा पनि आउनु पर्दैन। online मार्फत आफ्नै पालिकाबाट यो निवेदन दिन सकिन्छ। खाली जोड दिन मन छ भने त्यही online मार्फत कन्सुलर कार्यालयमा जो निवेदन दिएको छ त्यसलाई लौन के भयो बुझ्दिनुस् भनेर एउटा message गरिदिए हुन्छ। कोही कन्सुलर अफिसमा आउनु नि पर्दैन, कोही चाहिँ मन्त्रालयमा त आउनै पर्दैन। यो कुरा पनि म सबैलाई स्पष्ट पार्न चाहन्छु।

हाल केही नियोगहरूमा टेलिफोन सेवाको अतिरिक्त हटलाइन सेवाका साथै वेबसाइट र सामाजिक सञ्जाललगायतका माध्यमबाट सहज सम्पर्कको व्यवस्था पनि मिलाइएको छ। साउदी अर्ब लगायतका केही नियोगमा सेल्टरहरूको व्यवस्था गरिएको छ र नियोगहरूले प्रत्यक्ष तथा अनलाइन माध्यमबाट नेपाली कामदार लक्षित मनोपरामर्शसम्बन्धी कार्यक्रम समेत अहिले सञ्चालन गर्दै आएको तथ्य पनि म यहाँ जानकारी गराउन चाहन्छु। वैदेशिक रोजगारीमा जाने नेपालीहरूको कामलाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन मागपत्र प्रमाणीकरणलाई अनलाइन प्रणालीमार्फत गर्ने प्रबन्ध मिलाइएको छ।

सम्माननीय अध्यक्षज्यू, यो बारेमा धेरै बहस, चर्चा, मिडियामा विभिन्न प्रकारका खबरहरू आउने गरिराखेकै छन्। त्यसकारणले अहिले हामी के गरेका छौं भने यो कामदारहरूको मागपत्र चाहिँ प्रमाणीकरण पनि अब अनलाइनबाट हुन्छ। Embassy मा र त्यो श्रम मन्त्रालयमा पनि त्यसै मार्फत त्यो कपी जान्छ र त्यहाँबाट cheque tested हुन्छ र final हुन्छ। त्यसरी यसलाई पनि

हामी सहज बनाई सकेका छौं। यही २०८१ श्रावण १ गतेदेखि विदेशी स्थित सबै नियोग र कन्सिलरले यो प्रणालीमार्फत कार्य गर्न निर्देशन गरिसकेको छ। गैरआवासीय नेपालीको सम्बन्धमा नेपालको विकास र समृद्धिका लक्ष्यहरू पूरा गर्ने सिलसिलामा गैरआवासीय नेपालीहरूको पुँजी सिप, प्रविधि र ज्ञानलाई अधिकतम उपयोग गर्नुपर्ने हुन्छ। यसलाई नीतिगत रूपमा नै सम्बोधन गरिएको छ। नागरिकता ऐनको पछिल्लो संशोधनद्वारा गैरआवासीय नेपाली नागरिकता प्रदान गर्ने प्रावधानको कार्यान्वयनको प्रक्रिया अघि बढिरहेको छ ।सम्पत्ति सम्बन्धको हकमा यसलाई व्यवस्थित रूपमा अगाडि बढाउन आवश्यक कार्यविधि र अरु प्रक्रियाको बारेमा गृहकार्य अगाडि बढी रहेको छ।मन्त्रालय तथा नियोगहरूमा, उहाँहरूको साझेदारीमा गैरआवासीय नेपालको पुँजी, सिप, प्रविधि र ज्ञान नेपालमा प्रयोग गर्ने सम्भावनाहरूको खोजी भएको छ। यसमा पराष्ट्र मन्त्रालय तथा विदेशमा रहेका नियोगहरू सचेत र सक्रिय रूपमा रहेको अवस्था माननीयज्युहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत अवगत गराउन चाहन्छु।

जलवायु परिवर्तनको प्रभाव र न्यूनीकरणको सन्दर्भमा पनि यहाँ कुरा उठेको छ। यद्यपि यसबारेमा हामीले नयाँ सिराबाट राष्ट्रिय रूपमै छलफल गर्नुपर्ने आवश्यकता छ। हामीले अन्तर्राष्ट्रिय मञ्चमा निर्णय गरेका कतिपय विषयहरू कति उपयुक्त  कति अनुपयुक्त भन्ने बारेमा पनि राष्ट्रिय वर्षहरू विभिन्न कोणबाट उठेका छन त्यसबारेमा हामी छलफल गर्दै जाउँला। जलवायु परिवर्तनको चुनौती र त्यसका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलका लागि UNFCC(United Nations Framework of Convention on Climate Change) यो cop जस्ता बहुपक्ष मञ्चमा सक्रिय रूपमा सहभागी भई नेपालले जलवायु परिवर्तनका क्षेत्रमा गरेको अग्रणी कार्यहरू विश्व समुदायसमक्ष राख्न र अनुकूलन एवं जलवायु परिवर्तन क्षती न्यूनीकरण गर्न नेपाललाई वित्तीय र प्राविधिक सहायता जुटाउन महत्त्वपूर्ण भूमिका रहन्छ।नेपालले V20 vulnerable20 को सदस्यको रूपमा तथा ग्रुप अफ फ्रेन्ड्स अफ माउन्टेन कन्ट्रीजका रूपमा सक्रिय रहँदै आवाज उठाउने गरेको छ। यस्ता सम्मेलनमा नेपालको पर्वतीय क्षेत्रको वातावरण जोखिमलाई प्राथमिकताका साथ उठाउनुपर्ने नीति नेपाल सरकारले लिइएको छ र सोहीअनुसार परराष्ट्र मन्त्रालयले बहुपक्षीयमञ्चहरूमा कूटनीतिक प्रयास गर्दै आएको छ। कूटनीतिक सफलताकै कारण संयुक्त संघका महासचिवले नेपाल भ्रमण गरी हिमाली मुलुक नेपालको समस्या विश्वलाई जानकारी गराउनुभएको थियो। वास्तवमा उहाँले नेपालको समस्या मात्रै जानकारी गराउनु भएको थिएन नेपालमा जुन अहिले समस्या देखा परेको छ climate change को कारणले त्यो जो हिमालहरू को यो दुर्गति हुँदै गयो भने  पहाडहरूको mountain को प्रगति हुदै

गयप भने नेपाललाई मात्र असर पार्ने होइन नेपालीले सबभन्दा बढी अहिले खपिराख्नु परेको छ। तर विश्वलाई पनि यसले चाहिँ स्वाभाविकरूपमा धेरै नकरात्मक असर पर्छ त्यसकारणले विश्वको निम्ति नै नेपाल जस्तो देशको यो समस्या जो क्लाइमेट चेन्जबाट भोगिरहेको छ प्रविधि मुलुकहरूले त्यसको समस्याको समाधान गर्न उहाँले गम्भीर अपिल पनि गर्नुभएको छ।

राजदूत नियुक्तिका सन्दर्भमा राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ को दफा ८ बमोजिम नेपाल सरकारले आवश्यक ठानेमा राजदूतलाई पदावधि पूरा हुनु अगावै निर्णय गरी फिर्ता बोलाउन सक्ने प्रावधान छ। राजदूतहरूको नियुक्तिमा राजनीति र व्यवसायको सन्तुलनको लागि कम्तीमा पनि ५०% राजदूतहरू परराष्ट्र सेवाबाट नियुक्ति गर्ने नीतिलाई निरन्तरता दिएको छ। देशको हित र कूटनीतिलाई मजबुत बनाउन वस्तुगत आधारमा राजदूतहरूको मूल्याङ्कन गरि सोही अनुरूप व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनु आवश्यक छ। राजदूत नियुक्तिसम्बन्धी निर्देशिकालाई मूल आधार बनाई राजदूतहरूको नियुक्तिलाई थप व्यवस्थित, मर्यादित र पारदर्शी, दक्षतामा आधारित र कार्य सम्पादनमा आधारित बनाउने प्रयत्नलाई अझ प्रभावकारी बनाउनुपर्नेछ।

म एउटा कुरा चाहिँ भन्न चाहन्छु। अहिले परराष्ट्रमन्त्रीको हैसियतले १२ वर्ष अगाडि परराष्ट्रमन्त्रीको हैसियतले मैले गरेको पहलका सन्दर्भमा त्यतिखेर career side बाट परराष्ट्र सेवाबाट ५०% कम्तीमा राजदूत हुनुपर्छ भन्ने निर्णय गराइएको हो। कूटनीतिक आचार संहिताको कार्यान्वयनमा अलि बढी नै जोड दिएको हो। नेपालको राष्ट्रिय हितमा कुनै सम्झौता गरिनु हुन्न भन्ने कुरामा जोड दिएको हो। र त्यसबेलादेखि एउटा वर्ष छ के परराष्ट्र सेवा बाहेकबाट राजदूतहरू नियुक्ति गर्दा कसरी गर्ने? हाम्रो देशको सन्दर्भमा अहिले कोलिसन कट मिलिजुली सरकार गठन गर्ने परम्परा अगाडि बढेको छ। यो ठुलो वर्षको विषय छ। मिलिजुली सरकारमा भएका पार्टीहरूको बिचमा भागलगाउनु, भाग लगाए पछि पनि भाग लगाउने, नलगाउनेमा वर्ष। भाग लगाएर नियुक्ति गर्ने कि नगर्ने दोस्रो वर्ष भाग लगाए पनि ती पार्टीहरूले जस्तो मान्छे दिएको छ त्यस्तै राख्न मिल्ने कि नमिल्ने। त्यसलाई परराष्ट्र मन्त्रालयले vetting गर्न पाउने कि नपाउने भन्ने ठुलो बहस छ।

र पार्टीहरूको रोस्टरमा नपर्ने पार्टीसँग नजोडिएका कुनै देशभक्त कुनै कूटनीतिक दक्षतायुक्त प्रभावशाली मान्छे हैन यो राष्ट्रको सेवा गर्न पाउने कि नपाउने? यो गम्भीर पक्षमा हामीले छलफल गर्नैपर्छ एउटा दिशा दिन प्रयत्न गर्नैपर्छ। कसै न कसैले हामीले अहिलेसम्म चलि आएको निरन्तरतालाई क्रमभङ्ग हुनेगरी नयाँ सिराबाट सोच्नुपर्छ भन्ने कुरामा वर्ष चलाउ। कांग्रेसले पहिला आफू सरकारमा आएपछि एमालेको सरकारको बेलामा भएका सबै राजदूतहरूलाई तुरुन्तै फर्काउ

भन्ने फर्कायो। त्यसपछि काँग्रेसलाई नी अहिले तर्क गर्ने कुनै ठाउँ छैन। त्यसै कारणले अहिले एमाले र हाम्रो सरकार बन्यो हाम्रो फर्कायको राजदूतको ठाउँमा काँग्रेसले पठाएको छ अब फर्काउन सबै भन्ने कुरा छ। काँग्रेस त तर्क गर्ने ठाउँ छैन तर हामीले चाहिँ सोच्दिन पर्छ। हामीले selective हुनु पर्छ की पर्दैन काँग्रेस र एमालेको मात्र कुरा होईन हामी माओवादीको पनि कुरा त्यही हो। हामीले चाहिँ हाम्रो राष्ट्रको आवश्यकतालाई हेरेर कही न कही नयाँ ढङ्गले जाने, केही न केही सुधार गर्ने दिशा तिर सोच्न पर्छ की सबैको ध्यान जाओस। भन्ने म यो सदनमार्फत सबैलाई अनुरोध गर्न चाहन्छु।

म अन्त्यमा सक्छु, सक्नु भन्दा अगाडि केही गम्भिर महत्त्वको कुरा दुई चार sentence सम्माननीय अध्यक्षमार्फत यो सदनका सामु पेस गरेर विदा हुन चाहन्छु।मैले यो कुरा गम्भिर रूपमा भन्दै छु। हामीले पराष्ट्रनीति, परराष्ट्रसम्बन्ध र कूटनीतिका कुरा गर्दा राष्ट्र हितलाई सर्वोपरि रूपमा केन्द्रमा राख्नुपऱ्यो।नत्र अहिलेको विश्वको बदलिदो परिस्थिति जो एशिया केन्द्रित हुदै आईरहेको छ र हाम्रो भूराजनीतिक अवस्थितिमा पैदा भएको भूराजनीतिक संवेदनशीलताले पैदा गरेको चुनौतीहरूलाई चिरेर हाम्रो सार्भभौमिकताको सुरक्षा गर्न र नेपाली जनताको आत्मनिर्णयको अधिकारको रक्षा गर्न धेरै हम्मेपर्छ।तर हाम्ले गर्नै पर्छ, गर्न सकिन्छ तर सबैले राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखौं।

सम्माननीय अध्यक्षज्यू, दुःखका साथ मैले भन्नुपर्छ। नेपालको यो क्षेत्रको समस्या यो विषयसँग सम्बन्धित समस्या यदाकदा कहिलेकाहीँ विदेशी हस्तक्षेप हुने र त्यो हस्तक्षेपलाई हामीले असफल पार्न प्रयत्न गर्दा पनि नसक्नेमात्रै होइन। आफ्नो स्वार्थको निम्ति आफ्नो वा पार्टीको स्वार्थको निम्ति विदेशी हस्तक्षेप आफैले निमन्त्रण गर्ने प्रवृत्ति यदाकदा देखापर्छ र नेपालको स्थिति आज यो छ। यसलाई हामी सबै मिलेर रोक्नुपर्छ जोसुकै होस्। कांग्रेस, एमाले, माओवादीले जोसुकै होस हामी त्यसबाट मुक्त रहन्छौं भन्नु पर्छ।हाम्रो पार्टीमा यसबारेमा बहस पनि भएको छ। हामीले त्यसो गरेर मात्रै नेपाललाई बचाउन सक्छौ।त्यसकारण सबैले छलफल गरौं यो। विदेशी हस्तक्षेपलाई मिलेर कसरी असफल पार्ने कुनै बेला भयो भने भनेर एकजुट हुनुपर्नेमा आफ्नो निहित स्वार्थको निम्ति विदेशी हस्तक्षेपलाई आफैले निम्तो गर्ने आफ्नो स्वार्थ पूरा गर्देउ भनेर भन्ने प्रवृत्तिले हाम्रो देशलाई कहाँ पुऱ्याउँछ ।यो बारेमा सबैले गम्भीर भएर सोचौ मेरो पहिलो।

दोस्रो कुरा, हिनता ग्रन्थीबाट मुक्त हुनुपऱ्यो।सानो देश, कमजोर देश, ठुलठुला महाशक्तिसँग, ठुला छिमेकीहरूसँग हामीले के भन्न सक्छौ र, के गर्न सक्छौ र, भनेको हिनता ग्रन्थीले परराष्ट्रनीति

आज चल्दैन। हाम्रो देशको सार्भभौमसत्ताको रक्षा पनि गर्न सकिन्न। हाम्रो राष्ट्रिय हितको प्रवर्धन पनि गर्न सकिन्न। हामी सानो देश पनि होइन । भुगोलको हिसाबले पनि होइन,जनसङ्ख्याको हिसाबले पनि होइन विश्वमा। दुईवटा ठुला छिमेकीहरूको कारणले सानो सापेक्षतामा भनिएको। विश्वको परिवेशमा चाहिँ यो सानो देश पनि होइन। खाली हाम्रो आर्थिक विपन्नता मात्रै हाम्रो एउटा समस्या हो।नत्र भने यो देश कैले उपनिवेश नभएको देश हो।स्वाधीन भएको देश हो। हामी गर्व गर्न सक्छौ। अन्तराष्ट्रिय पहिचान स्वत हाम्रो छ। चाहे बुद्धको देश भन्नुस, चाहे लुम्बिनीको बुद्धको देश भन्नुस चाहे सगरमाथाको देश भन्नुस वा पशुपतिको देश भन्नुस।वा अरू पनि थुप्रै आयामहरू हामीसँग छन।यति देसअ चण।यति सुन्दर देश विश्वमा औलामा गन्न सकिने मात्र यती सुन्दर देशहरू हामीले पाएका छौं।मानवीय बसोवासको सबै अनुकूलता यो देशमा छन। र हाम्रो विकासका सम्भावनाका आधारमा base potential भन्नु हुन्छ भने यो देशमा जति छ कमै देश मात्र छ एकैसाथ जलविद्युत,कृषि, पर्यटन,जडिबुटी, जनशक्ति एकैसाथ तपाई कहाँ पाउनु हुन्छ? कही खानेपानी छैन बाहिरबाट ल्याउनु पर्छ। सिँचाइको त कुरै छोड्नुस् जलविद्युत आयोजनाको त कुरै छाड्नुस्।हामीकहाँ जे गर्न पनि पुग्छ छेलोखेलो ।हामी कृषि हामी राम्रोसँग व्यवस्थित कृषि गर्न खोज्दा कृषि उत्पादन हामीलाई खान पुग्ने मात्र हुँदैन अहिले पनि निर्यात सक्ने ठाउँमा पुर्याउन सकिन्छ। हामीले पर्यटनको कुरा गर्नुस्। यस्तो पर्यटनको सम्भावनाको भएको देश हो। चाहे तपाईंको scenic natural tourism को कुरा गर्नुस्, advisory tourism को कुरा गर्नुस्, रिलिजियस टुरिजमको कुराकानी गर्नुस्, spiritual tourism को कुराकानी गर्नुस्। सब कोणबाट पर्यटनको यो अपार सम्भावना भएको देश हो। जडीबुटीको त्यस्तै छ अहिले पनि जडीबुटी प्लान्टेसन गर्न सकिन्छ पहिलाका जडीबुटीहरू अपार छन् हामीले र हाम्रो जनशक्ति अहिले कतारमा जस्ता देशहरूमा आफ्नो ३ लाख जनसङ्ख्या साढे ३ लाख जनसङ्ख्या छ अरु चाहिँ २१ लाख जनसङ्ख्या लिएर चाहिँ देश चलाइराखेको छ। हामीसँग ४०% चाहिँ work force, young छ। त्यस्तो देश हो नि त हाम्रो देश।हामीसँग अहिले नभएको एउटै कुरा हो की हामी आर्थिक रूपले सम्पन्न हुन सकेनौं।त्यसले गर्दाखेरि हाम्रो सार्वभौमसत्ताको अभ्यासमा पनि हामीले सामर्थ्यमा पनि हामीलाई अप्ठ्यारो पारिराख्या छ, अडयाउन सकिराख्या छैन।त्यो दिशा तिर हामी केन्द्रित हुनु पर्छ तर हामी गौरव गर्न सक्ने देशमा अझै हीनताग्रन्थीबाट मुक्त हुनु पर्छ हामी हीनताग्रन्थीको शिकार भएर हाम्रो देशको रक्षा र राष्ट्रिय हितको प्रवर्धन गर्न सकिन्न।यति कुरा सबैले बुझ्न पर्‍यो। आफ्नो राष्ट्रिय हितको पैरवी गर्नुको अरू देशको विरोध होइन।अरु देशसँग अरु छिमेकी वा अरु मित्रहरूसँग उनको जायज सरोकारको र संवेदनशीलतालाई हामीले हाम्रो देशको राष्ट्रिय हितको विरुद्धमा नजाने गरी सम्बोधन गर्न खुला

छौं भनेर वार्ता गर्नु पर्छ। तर ठोस ठोस रूपमा के के मुद्दाहरूमा हामी छलफल गर्न सक्छौं हाम्रो चाहिँ आर्थिक सम्बन्धमा पनि गर्नु पर्छ, अरुमा पनि गर्नु पर्छ, हामीले कूटनीतिक माध्यमबाट गरेर हल गर्न नसक्ने केही कुरा छैन। यो हाम्रो चाहिँ यो प्रकारको हीनताग्रन्थीबाट मुक्त हुनु पर्छ।

तेस्रो हामीले राष्ट्रिय सहमतिको पहल गर्नुपर्छ। राष्ट्रिय सहमति हुन त आवश्यक छ कमसेकम परराष्ट्र नीतिमा, सुरक्षा नीतिमा र नेपालको अहिलेको सन्दर्भमा कमसेकम न्यूनतम आधारभूत आर्थिक मुद्दाहरूमा पनि सहमति भयो भने मात्र यो देश विकासको दिशातिर जान सक्ने स्थिति छ।तर परराष्ट्र नीति र सुरक्षा नीतिमा त गर्नैपर्छ हामीले। त्यसैले यो बारेमा पनि हामीले छलफल गर्नुछ र राष्ट्रिय सहमति कायम गर्नुपर्छ।र राष्ट्रिय सहमति कायम गर्नको लागि चाहिँ हाम्रो राष्ट्र हितलाई केन्द्रबिन्दुमा राखेर स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्छौं भन्ने प्रतिबद्धताका आधारमा मात्रै राष्ट्रिय सहमति कायम हुन सक्छ। अर्को मैले अघि पनि चर्चा गर्ने सन्दर्भमा कूटनीतिक आचारसंहिताको हामीले अभ्यास गर्नुपर्छ। हामीलाई यहाँ कूटनीतिक आचारसंहिताको कुराकानी गर्‍यो भने धेरै ठाउँबाट उल्लङ्घन भएको कुराहरू प्रष्ट रूपमा आउँछन्। हामीले अहिले भर्खरै सबै मन्त्रालय र सरकारी निकायमा पनि परिपत्र गरेका छौं। राजनीतिक पार्टीहरूलाई पनि परिपत्र गरेका छौं। कूटनीतिक आचारसंहिताको पालना गरिनु पर्‍यो। कमसेकम परराष्ट्र मन्त्रालयको ब्रिफिङ, जानकारीमा भेट्ने, ब्रिफिङ लिएर राष्ट्रको पोलिसी के छ त्यो ब्रिफिङ लिएर कुरा कानी गर्ने, के कुरा भयो note taker राख्ने र त्यो नोट परराष्ट्रलाई बुझाउने गरिनुपर्छ।

यो कुरामा पनि हामीले ध्यान दिनुपर्छ र अन्त्यमा परराष्ट्र मन्त्रालयको संस्थागत सुदृढीकरण नगरिकन अहिलेको परराष्ट्र मन्त्रालयको जनशक्ति र कूटनीतिक क्षमताले मात्रै हाम्रो यो परराष्ट्रनीतिको लक्ष्य र अहिलेको कूटनीतिको चाहिँ हाम्रो एउटा perfection ले पूरा गर्नुपर्ने लक्ष्य पुरा हुन सक्दैन। त्यसकारणले गर्दाखेरि यो परराष्ट्र मन्त्रालयको संस्थागत क्षमताको सुदृढीकरण गर्नै पर्छ अहिले हामीले।यसको कूटनीतिक दक्षताको लागि विकास गर्नै पर्छ हामीले। यसको निम्ति अनि सबैले यो परराष्ट्र मन्त्रालय भनेको चाहिँ त्यस्तो संस्था हो जसले यो दुईटा अघि भनिएका मूलभूत कुराको कार्यभार पूरा गर्नलाई केन्द्रिय भूमिका निर्वाह गर्नुपर्ने मन्त्रालय हो।त्यसकारणले गर्दाखेरि हामीले यसमा गम्भीरतापूर्वक ध्यान दिनु पर्छ र एउटा कुरा पनि के बुझ्नुपर्छ भने सबै देशहरूको लागि diplomacy is the first line of defense र हाम्रो जस्तो मुलुकको लागि diplomacy is the last line of defense पनि हो। त्यो diplomacy को अभ्यास गर्ने मुख्य संस्था भनेको परराष्ट्र मन्त्रालय हो।र त्यसकारणले हाम्रो अहिले माननीय सदस्यहरूले जो व्यक्त गर्नुभएको छ राष्ट्रहित,

परराष्ट्र नीति, छिमेकीसँगको सम्बन्ध, आर्थिक विकास, यी सबैलाई सही दिशातिर लैजानको निम्ति हामीले कूटनीतिक दक्षता परराष्ट्र मन्त्रीको अभिवृद्धि नभईकन हुदैन, संस्थागत सुदृढीकरण पनि नगरीकन पनि हुँदैन। यसो गरियो, यी ५ वटा कुरा गरियो भने पनि हामी सही दिशातिर अगाडि बढ्न सक्छौं यति भन्दै म बिदा हुन्छु । धन्यवाद।

(१६:३३ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, माननीय उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु। स्पष्टीकरण माग गर्न चाहनु हुने प्रत्येक माननीय सदस्यहरूलाई एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, परराष्ट्र मन्त्रालयसँग सम्बन्धित "विनियोजन विधेयक, २०८१" माथिको विनियोजन शीर्षकमा माननीय उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले दिनुभएको जवाफको सम्बन्धमा स्पष्टीकरण माग गर्न कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, परराष्ट्र मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, "विनियोजन विधेयक, २०८१" अन्तर्गत मिति २०८१ असार २१ गते बस्ने बैठकमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय, संघ रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगको सचिवालयका विभिन्न शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको सम्बन्धित माननीय मन्त्रीहरूले जवाफ दिने हुन बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल असार २१ गते शुक्रबार बिहान ११ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

**स्थगितः४ः३४ बजे ।**